# अमर तुम्याहाङको 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
पाटन संयुक्त क्याम्पस, स्नातकोत्तर तह नेपाली
दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
रमेशकुमार दनुवार
नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम
क्याम्पस क्रमाङ्क : ०२/०६७
परीक्षा क्रमाङ्क : २२००१९
त्रि.वि. रजिष्ट्रेसन नं. : ६-१-४०-९८४-२००४
पाटन संयुक्त क्याम्पस, ललितपुर

२०७३

## शोध निर्देशकको मन्तव्य

पाटन संयुक्त क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र प्रयोजनको लागि **अमर तुम्याहाङको 'मेरी सानी नानी' कवितासङ्ग्रहको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको हो । शोधार्थी **रमेशकुमार दनुवार**द्वारा मिहिनेतपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म नेपाली स्नातकोत्तर कार्यक्रम तथा नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/ /

........................................

उपप्राध्यापक चतुर्भुजलाल दास केवरत

शोधनिर्देशक

**पाटन संयुक्त क्याम्पस**

**मानविकी तथा सामाजिक शास्त्रसङ्काय**

**नेपाली विभाग**

## स्वीकृति पत्र

पाटन संयुक्त क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तरका छात्र **रमेशकुमार दनुवार**ले यस क्याम्पसको नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्र प्रयोजनको लागि प्रस्तुत गर्नुभएको **अमर तुम्याहाङको 'मेरी सानी नानी' कवितासङ्ग्रह**को अध्ययन शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

................................
**प्रा. डा. विश्वनाथ भण्डारी**
विभागीय प्रमुख
नेपाली विभाग, पाटन संयुक्त क्याम्पस

................................
**सहप्रा. डा. सुरेन्द्रवर सिंह थापा**
संयोजक
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस

................................
**उपप्राध्यापक चतुर्भुजलाल दास केवरत**
शोधनिर्देशक
नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम
पाटन संयुक्त क्याम्पस

................................
**श्याम के.सी.**
बाह्य परीक्षक

मिति : २०७३/ /

# प्रतिबद्धता-पत्र

यस शोधपत्र भित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका होइनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

शोधार्थी

रमेशकुमार दनुवार

मिति : २०७३/ /

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि मैले तयार पारेको हुँ । शोधपत्रको विषय स्वीकृत गरी शोधकार्य गर्ने अवसर दिनु हुने पाटन संयुक्त क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख श्रद्धेय प्रा. डा. विश्वनाथ भण्डारी र आदरणीय संयोजक सहप्रा.डा. सुरेन्द्रवर सिंह थापाज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। आफ्नो कार्य व्यस्तताका बावजुद पनि समय निकालेर मेरो शोधपत्रका निम्ति यथोचित मार्ग निर्देश गर्नु हुने गुरुवर चतुर्भुजलाल दास केवरतज्यूलाई धन्यवाद दिन्छु । शोध निर्देशनका क्रममा प्रत्यक्ष परोक्ष सहयोग पुऱ्याउनु हुने श्रद्धेय गुरुहरू प्रा. डा. जगदीशचन्द्र भण्डारी, प्रा.डा. धर्मराज अधिकारी, सहप्रा. अच्युत पराजुली, सहप्रा. टीकाराम पाण्डे, सहप्रा. माधव लम्साल, उपप्रा. डा. धनप्रसाद सुवेदी, उपप्रा. डा. ढुण्डीराज पहाडी, उपप्रा. शोभा बराल चापागाई, उपप्रा. विष्णु ज्ञवाली, उपप्रा. शेषनाथ पौडेल, उपप्रा. फणीन्द्र नेपाल, शिक्षण सहायक कृष्ण विलास पौड्याल, यादेवी ढकाल, दीनदयाल रेग्मीज्यूहरूलाई धन्यवाद दिनु मेरो कर्तव्य ठहर्छ । विभागमा कार्यरत सहयोगी कर्मचारी दुर्गा महर्जनलाई पनि धन्यवाद दिन्छु ।

यसैगरी यस अवस्थासम्म आउनका लागि अध्ययनको जग राखिदिनु हुने पूजनीय बुबा-आमा रामबहादुर दनुवार तथा सानु दनुवारलगायत  प्रत्यक्ष परोक्ष साथ, सहयोग, प्रेरणा, हौसला दिनुहुने श्री नारायण प्रा.वि का तत्कालिन प्र.अ. तथा मेरो पहिलो औपचारिक गुरु श्यामगोपाल गौतम र मलाइ वोकेर काठको फलेकमा हात समाउँदै क,ख,ग लेख्न सिकाउने गुरुआमा अम्विका गौतम, श्री गंगादेवी प्रा.वि, श्री आजाद मा.वि, रत्नराज्यलक्ष्मी क्याम्पस, पाटन संयुक्त क्याम्पसका सम्पूर्ण गुरुवा-गुरुआमा, मित्रजन अनि घरपरिवारका आदरणीय दाइहरू ( गोपाल ब., सानु, दिनेश), भाउजूहरू (सुन्तली, मञ्जु, कमला), दिदीहरू (सुन्तली, जानुका),भिनाजु(ज्ञान ब.), छोरो (रेवश), भतिजी (बिष्णुमाया), भतिजाहरू (दिलिप, दिपेश, दिपेन्द्र, सुदर्शन, दीक्षान्त), भान्जा
(सुवाश), भान्जीहरू (अनिता, सुनिता, संगिता, सुस्मिता, अंकिता), भान्जी ज्वाईं (नवराज) लगायत सम्पूर्ण आफन्तजन तथा  मित्रजनहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्नको लागि आवश्यक सामग्री सहज र सरल तरिकाले प्रदान गर्न हुने यसै शोधपत्रका शोधनायक अमर तुम्याहाङज्यूप्रति आभार प्रकट नगरिरहन सक्दिन । साथै यस शोधपत्रलाई शुद्ध र सफासँग टङ्कन गरी सहयोग पुऱ्याउनु हुने प्राविधिक मित्र भोला महर्जनज्यूलाई धन्यवाद दिन्छु ।

अन्तमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि पाटन संयुक्त क्याम्पस, नेपाली विभाग समक्ष पेश गर्दछु ।

.............................

शोधार्थी

**रमेशकुमार दनुवार**

नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम

पाटन संयुक्त क्याम्पस, ललितपुर

मिति : २०७३/   /

# विषय सूची

**अध्याय एक : शोध परिचय**

| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | १ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधको औचित्य | ३ |
| १.६ | शोधको सीमाङ्कन | ३ |
| १.७ | सामग्री सङ्कलन विधि | ३ |
| १.८ | शोधपत्रको रूपरेखा | ३ |

**अध्याय दुई : अमर तुम्याहाङको जीवनी र व्यक्तित्व**

| | | |
|---|---|---|
| २.१ | परिचय : अमर तुम्याहाङको जीवनी | ५ |
| | २.१.१ जन्म र जन्मस्थान | ५ |
| | २.१.२ बाल्यकाल | ५ |
| | २.१.३ शिक्षादीक्षा | ६ |
| | २.१.४ दाम्पत्य जीवन | ६ |
| | २.१.५ आर्थिक अवस्था | ७ |
| २.२ | पेशागत संलग्नता | ७ |
| २.३ | अमर तुम्याहाङको बहुआयामिक व्यक्तित्व | ८ |
| | २.३.१ निजी व्यक्तित्व | ८ |
| | २.३.२ पारिवारिक व्यक्तित्व | ९ |
| | २.३.३ सामाजिक व्यक्तित्व | ९ |
| | २.३.४ अध्ययनशील व्यक्तित्व | १० |
| | २.३.५ बौद्धिक व्यक्तित्व | १० |
| | २.३.६ कवि व्यक्तित्व | ११ |
| | २.३.७ निबन्धकार व्यक्तित्व | ११ |
| | २.३.८ समालोचक व्यक्तित्व | ११ |
| | २.३.९ सम्पादक व्यक्तित्व | १२ |
| | २.३.१० अनुवादक व्यक्तित्व | १२ |
| | २.३.११ प्राध्यापक व्यक्तित्व | १३ |
| | २.३.१२ प्राज्ञिक व्यक्तित्व | १४ |
| | २.३.१३ अनुसन्धानकर्ता व्यक्तित्व | १४ |
| | २.३.१४ संयोजक व्यक्तित्व | १५ |
| | २.३.१५ लेखक व्यक्तित्व | १५ |

२.३.१६ संलग्नता १६
२.३.१७ सम्मान तथा पुरस्कार १६
२.४ निष्कर्ष १६
**अध्याय तीन : बाल साहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बाल साहित्यको ऐतिहासिक विकासक्रम**
३.१ परिचय १८
३.२ बालसाहित्यको परिभाषा १९
३.३ नेपाली बालसाहित्यको विकास २१
३.४ बाल कविताको परिचय २२
३.५ बालकविताका परिभाषाहरू २३
३.६ बालकविताका तत्त्वहरू २३
३.७ नेपाली बालकविताको विकासक्रम २७
३.८ नेपाली कविताको विकासक्रम ३४
३.८.१ पृष्ठभूमि ३४
३.९ नेपाली बालसाहित्यको विकासमा संस्थागत प्रयास ४४
३.१० अमर तुम्याहाङको बालसाहित्यिक यात्राको अध्ययन ५१
३.१०.१ पृष्ठभूमि ५१
३.१०.२ प्रेरणा र प्रभाव ५२
३.१०.३ बालसाहित्य सम्बन्धी धारणा ५३
३.१०.४ अमर तुम्याहाङको बालसाहित्यिक यात्रा ५३
३.११ निष्कर्ष ५४
**अध्याय चार : कवि अमर तुम्याहाङका मूलभूत प्रवृत्तिहरू**
४.१ परिचय ५८
४.२ कवि अमर तुम्याहाङका मूलभूत प्रवृत्तिहरू ५८
४.२.१ मौलिकता ५९
४.२.२ लघुकाय संरचना ५९
४.२.३ विषयगत विविधता ५९
४.२.४ प्रतीकात्मकता ६०
४.२.५ कोमल पदावलीको प्रयोग ६०
४.२.६ सुन्दर एवम् आकर्षक चित्र संयोजन ६०
४.३ योगदान
६१
४.४ निष्कर्ष ६१
**अध्याय पाँच : अमर तुम्याहाङको 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण**
५.१ विषय प्रवेश ६३

५.२ 'मेरी सानी नानी' कवितासङ्ग्रहको अध्ययन ६३
५.२.१ भावभूमिका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन ६५
५.२.१.१. प्रकृति विषयक ६५
५.२.१.१.अ. 'फूल हाँस्छ' कविताको अध्ययन विश्लेषण ६६
५.२.१.१.आ. 'रुख र वन' कविताको अध्ययन विश्लेषण ६७
५.२.१.२. पशुपक्षी विषयक ६९
५.२.१.२.अ. 'म्याउँ-म्याउँ बिरालो' कविताको विश्लेषण ६९
५.२.१.२.आ. 'भँगेरी यो चरी' कविताको अध्ययन विश्लेषण ७०
५.२.१.२.इ. 'काग दाइ' कविताको अध्ययन विश्लेषण ७१
५.२.१.३. स्वास्थ्य विषयक कविता ७१
५.२.१.३.अ. 'कोरी कोरी काइँ' कविताको अध्ययन विश्लेषण ७१
५.२.१.४. उपदेश विषयक कविताहरू ७२
५.२.१.४.अ. 'ज्ञानी बन्नु पर्छ' कविताको अध्ययन विश्लेषण ७२
५.२.१.४.आ. 'सफलताको शिखर' कविताको अध्ययन विश्लेषण ७४
५.२.१.४.इ. 'मेरी सानी नानी' कविताको अध्ययन विश्लेषण ७५
५.२.१.४.ई. 'देश स्वर्ग रानी' कविताको अध्ययन विश्लेषण ७६
५.२.१.५ खेल विषयक कविताहरू ७७
५.२.१.५.अ. 'इच्चुकी-निच्चुकी' कविताको अध्ययन विश्लेषण ७७
५.२.१.५.आ. 'गुच्चा' कविताको अध्ययन विश्लेषण ७८
५.२.१.५.इ. 'चाकाचुली' कविताको अध्ययन विश्लेषण
७९
५.२.१.५.ई. 'कान कि मान् ?' कविताको अध्ययन विश्लेषण ८०
५.२.१.६. मनोरञ्जन विषयक कविता ८१
५.२.१.५.अ. 'हजुर बा' कविताको अध्ययन विश्लेषण ८१
५.२.१.६ मौसम विषयक कविताहरू ८२
५.२.१.६.अ. 'काफल पाक्यो' कविताको अध्ययन विश्लेषण ८२
५.२.१.६.आ. 'आच्छुको जाडो' कविताको अध्ययन विश्लेषण ८३
५.२.१.६.इ. 'चङ्गा' कविताको अध्ययन विश्लेषण ८४
५.२.१.७.ई. 'पिङ' कविताको अध्ययन विश्लेषण
८५
५.२.१.७. हाँसो ठट्टा सम्बन्धी कविता ८५
५.२.१.७.अ. 'आदे पादे' कविताको अध्ययन विश्लेषण ८५
५.३ बालकविताका तत्त्वका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहकोविश्लेषण ८६

५.३.१ शीर्षक संरचनाको आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण ८६
५.३.२ विषयवस्तुका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण ८६
५.३.३ भाव विधानका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण ८७
५.३.४ 'लय' का आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण ८७
५.३.५ भाषाशैलीका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण ८७
५.३.६ दृष्टि विन्दु ८७
५.३.७ 'चित्र एवम् साजसज्जा'का दृष्टिले 'मेरी सानी नानी' कवितासङ्ग्रहको विश्लेषण ८८
५.४ निष्कर्ष ८८
**अध्याय छ : उपसंहार तथा निष्कर्ष** ९०
परिशिष्ट ९३
सन्दर्भसामग्री सूची ९५

# अध्याय एक
# शोध परिचय

## १.१ विषय परिचय

अबमरजङ्ग लिम्बूको जन्म वि.सं. २०२५ भाद्र १ गते ताप्लेजुङ जिल्लाको खेवाङ गा.वि.स. वडा नं. ८ मा भएको हो । अम्बरजङ्ग लिम्बूको साहित्यिक नाम अमर तुम्याहाङ हो । लिम्बूले शिक्षाशास्त्र संकायतर्फ अंग्रेजी विषयमा स्नातकोत्तर तह (एम.एड.) उत्तीर्ण गरेका छन् । अंग्रेजी विषयमा एम.फिल गरेका उनी हाल त्यही विषयमा विद्यावारिधि उपाधिको लागि अनुसन्धानरत छन् । अमर तुम्याहाङ हाल त्रिभुवन विश्वविद्यालयको सानोठिमी बहुमुखी क्याम्पसमा उपप्राध्यापकका रूपमा प्राध्यापनरत छन् । उनी नेपाली भाषा र लिम्बू भाषामा साधनारत छन् । उनका नेपाली भाषाका 'शहीद' (२०५५), 'मेरी सानी नानी' (२०५६), कवितासङ्ग्रहहरु प्रकाशित छन् । 'मेरी सानी नानी' बालकविता सङ्ग्रह हो । यसबाहेक उनका 'लिम्बू साहित्यको इतिहास लेखन परम्परा' (२०६७), 'लिम्बू भाषाको निबन्ध र निबन्धकारहरू' (२०६९), 'लिम्बू साहित्य निर्माणको इतिहास' (२०७०), लिम्बू भाषाको बालकविता सङ्ग्रह 'सेवारो' (२०५८) प्रकाशित छन् । उनले लिम्बू जातिको भाषा, साहित्य, कला, संस्कृतिका बारेमा कलम चलाएको पाइन्छ । उनी नेपाली साहित्यको कविता विधामा योगदान पुऱ्याउने कवि हुन् । विशेष गरी नेपाली बाल कविताका क्षेत्रमा तुम्याहाङको 'मेरी सानी नानी' एउटा महत्त्वपूर्ण उपलब्धि हो ।

## १.२ समस्याकथन

'अमर तुम्याहाङको **मेरी सानी नानी** कविता सङ्ग्रहको अध्ययन' नामक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन् :

(क) अमर तुम्याहाङको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

(ख) नेपाली बालसाहित्य सैद्धान्तिक स्वरूप र बालसाहित्यको इतिहास के कस्तो छ ?

(ग) भावविधानका आधारमा 'मेरी सानी नानी' बालकविता सङ्ग्रह कस्तो कृति हो ?

## १.३ शोध कार्यको उद्देश्य

प्रस्तुत शोध कार्यका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

(क) अमर तुम्याहाङको जीवनी र व्यक्तित्वको विश्लेषण गर्नु,

(ख) नेपाली बालसाहित्यको सैद्धान्तिक स्वरूप र बालसाहित्यको इतिहासबारे वर्णन गर्नु,

(ग) भाव विधानका आधारमा 'मेरी सानी नानी' बालकविता सङ्ग्रहको अध्ययन विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

अमर तुम्याहाङ बहुआयामिक स्रष्टा हुन् । उनको बारेमा हालसम्म पनि अध्ययन भएको छैन । तुम्याहाङका सिर्जना, रचनाका बारेमा विभिन्न पत्रपत्रिकामा समीक्षा तथा समालोचना आदि भएको पाइन्छ । शोधनायकको कृतिका प्रकाशित लेख, रचनाहरूको पूर्वकार्यलाई कालक्रमिक आधारमा समीक्षा प्रस्तुत गर्नु सान्दर्भिक हुने देखिन्छ ।

(क) जनकप्रसाद हुमागाईले "प्रशंसनीय प्रयाश" भन्दै 'मेरी सानी नानी' (२०५६) बाल कविता सङ्ग्रहलाई बालबालिकाका निम्ति पठनीय र उपयोगी ठहऱ्याएका छन् । यस कृतिको गुणात्मक पक्षलाई अब्बल दर्जाको संज्ञा दिँदै नैतिकताको दृष्टिले उच्चकोटिका सबल तथा सक्षम राष्ट्रिय नागरिक निर्माण गर्न उल्लेखनीय सहयोग पुऱ्याउन सक्ने कृतिको रूपमा मूल्याङ्कन गरेका छन् ।

(ख) विजय चालिसेले "सफलतातर्फ लम्किएका डेग" भन्दै 'मेरी सानी नानी' (२०५६) लाई भाषा प्रस्तुतिका दृष्टिले सरल र सरस भनी उल्लेख गरेका छन् । उनले यस कृतिलाई बालबालिकाका निम्ति अत्यन्त रुचिकर कृतिको रूपमा आफ्नो अभिमत प्रकट गरेका छन् ।

(ग) गणेश द्वारोङचाले "लिम्बू भाषाको पहिलो महाकाव्य" भन्दै अमर तुम्याहाङद्वारा रचिएको 'सोधुङगेन इमानसिङ चोत्लुङ'लाई लिम्बू साहित्यिक इतिहासको प्रथम महाकाव्य भनेका छन् । उनले यस कृतिलाई लिम्बू भाषाको पहिलो र पूर्ण महाकाव्य भनेर समीक्षा गरेका छन् ।

(घ) स्वप्नील स्मृतिले "लिम्बू भाषाको पहिलो महाकाव्य सोधुङ्गेन इमानसिंह चोत्लुङ" पत्रिका (२०७०) शीर्षक लेखमा तुम्याहाङको सिर्जित 'सोधुङ्गेन इमानसिंह चोत्लुङ' महाकाव्यलाई लिम्बू साहित्यमा मातृभाषाको साहित्य सिर्जनामा लागेकाहरूको लागि अर्थपूर्ण भनेका छन् ।

(ङ) लाः भुन लिङदम भीमसेनले "जनघातीहरू विरुद्धको एउटा तीखो आवाज - शहीद" (२०७०) शीर्षक लेखमा 'शहीद' कविता सङ्ग्रहमा २०४६ सालको प्रजातन्त्र पुनर्बहाली पश्चात् राजनीतिक नेताहरूमा अकर्मण्यता र द्वैध चरित्र बढेको चर्चा

गरेका छन् ।

(च) श्यामबहादुर के.सीले धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन (२०७१) नामक शोधपत्रमा साहित्यकार धनप्रसाद सुवेदीको जीवनी र व्यक्तित्वबारे अध्ययन विश्लेषण गरेका छन् । शोधार्थी के.सी.ले यस शोधपत्रमा साहित्यकार सुवेदीको गीतकार व्यक्तित्वका मूलभूत प्रवृत्तिहरू र उपन्यासकार धनप्रसाद सुवेदीका मूलभूत प्रवृत्तिहरूबारे विश्लेषण गरेका छन् । यो शोधपत्रमा सुवेदीको सानो स्वार्थ भयङ्कर अपराध उपन्यासको विधातात्विक अध्ययन गरिएको छ ।

(छ) भगवती शर्माले विश्वनाथ भण्डारीको 'तातेनानी' कविता सङ्ग्रहको अध्ययन (२०७३) अन्तर्गत साहित्यकार विश्वनाथ भण्डारीको बहुआयामिक व्यक्तित्वको बारेमा चर्चा गरेका छन् । उनले यस शोधपत्रमा कवि विश्वनाथ भण्डारीको बालकविता सङ्ग्रह 'तातेनानी' को विस्तृत अध्ययन विश्लेषण गरेकी छन् ।

## १.५ शोधको औचित्य

अमर तुम्याहाङको जीवनी, व्यक्तित्व र कृतित्त्वका बारेमा छिटपुट रूपमा अध्ययन भए तापनि समग्र अध्ययन भएको पाइँदैन । उनको जीवनी, व्यक्तित्व र कृतित्त्वबारे हालसम्म समग्र र सूक्ष्म अध्ययन विश्लेषण भएको छैन । साथै उनले रचेको बाल कविता सङ्ग्रह 'मेरी सानी नानी' को अध्ययन विश्लेषण समेत नभएकोले प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ ।

## १.६ शोधको सीमाङ्कन

अमर तुम्याहाङको 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययनमा प्रस्तुत शोधपत्र सीमित रहेको छ । यस शोधकार्यमा शोध्यकृतिलाई भावविधानका आधारमा विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई विश्वसनीय, प्रामाणिक एवम् पूर्णता दिने प्रक्रियामा पुस्तकालयीय विधि प्रयोग गरिने छ । शोधनायकको जीवनीसँग सम्बन्धित सामग्री प्राप्त गर्न शोधनायकको अन्तर्वार्तालाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ । यसका साथै द्वितीयक सामग्रीहरूको समेत प्रयोग गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको स्वरूप संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्न

निम्न अनुसारका अध्यायहरू राखिएका छन् :

१. पहिलो अध्याय : शोधपरिचय

२. दोस्रो अध्याय : अमर तुम्याहाङको जीवनी र व्यक्तित्व

३. तेस्रो अध्याय : बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बाल साहित्यको ऐतिहासिक विकासक्रम

४. चौथो अध्याय : कवि अमर तुम्याहाङका मूलभूत प्रवृत्तिहरू

५. पाँचौं अध्याय : अमर तुम्याहाङको 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन

६. छैटौं अध्याय : उपसंहार तथा निष्कर्ष

# अध्याय दुई
# अमर तुम्याहाङको जीवनी र व्यक्तित्व

## २.१ परिचय : अमर तुम्याहाङको जीवनी

अमरजङ्ग लिम्बूको साहित्यिक नाम अमर तुम्याहाङ हो। उनी कविता लेखेर साहित्य क्षेत्रमा प्रवेश गरेका हुन्। तुम्याहाङले साहित्यका कविता, कथा, निबन्ध, समालोचना विधामा कलम चलाएर आफ्नो पृथक् पहिचान बनाएका छन्। उनका निम्न लिखित कृतिहरू प्रकाशित छन् : 'शहीद' कविता सङ्ग्रह (२०५५), 'मेरी सानी नानी' कविता सङ्ग्रह (२०५६), 'सेवारो' लिम्बू बाल कविता सङ्ग्रह (२०५८), सोधुङ्गेन इमानसिंह चोत्लुङ (लिम्बू भाषाको महाकाव्य - २०६०), लिम्बू साहित्यको इतिहास लेखन परम्परा (२०६७), लिम्बू भाषाका निबन्ध र निबन्धकारहरू (२०६९), लिम्बू साहित्य निर्माणको इतिहास (२०७०)। यसबाहेक उनका फुटकर कविता र कथा एवम् समीक्षा, समालोचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित छन्।

### २.१.१ जन्म र जन्म स्थान

साहित्यकार अमर तुम्याहाङको जन्म वि.सं. २०२५ साल भाद्र १ गते शुक्रबारको दिन नेपालको पूर्वी पहाडी जिल्ला ताप्लेजुङको खेवाङ गा.वि.स. वडा नं. ८ मा भएको हो। उनको माताको नाम छमिमाया माखिम लिम्बू हो भने पिताको नाम मङ्गल बहादुर तुम्याहाङ लिम्बू हो। पहाडी जिल्ला ताप्लेजुङको ग्रामीण परिवेशमा जन्मी हुर्केका तुम्याहाङको बाल मस्तिष्कमा त्यहाँको प्राकृतिक छटाले प्रभाव पारेको देखिन्छ। अतः उनी साहित्य सिर्जनातर्फ आकृष्ट भएका हुन् भन्न सकिन्छ। पहाडी परिवेश त्यहाँको मनमोहक हरियाली वातावरण, झरनाको छङछङ ध्वनि, उकाली-ओराली, भञ्ज्याङ अनि चौतारीले तुम्याहाङको कोमल र भावुक पक्षलाई पृष्ठपोषण गरेको देखिन्छ। कृषक परिवारमा जन्मेका कवि अमरको लेखनीमा त्यहाँको स्थानिक पक्षको प्रशस्त प्रयोग भेटिन्छ। अध्ययनको क्रममा हाल उनी काठमाडौँ उपत्यकातिर बसोबास गर्दैछन्।

### २.१.२ बाल्यकाल

अमर तुम्याहाङको जन्म एक पहाडी ग्रामीण किरात लिम्बू परिवारमा भएको हो। उनी किरात लिम्बू परिवारमा जन्मेकाले उनमा किराती संस्कार, संस्कृतिको अमिट छाप

परेको देखिन्छ। सानैमा इमानसिंह चेमजोङको बारेमा सुनेका र किरात मौलिक र कथ्य ग्रन्थ 'मुन्धुम' को प्रत्यक्ष प्रभाव उनमा परेको देखिन्छ। पढाइलाई महत्त्व दिँदै अगाडि बढेका कवि तुम्याहाङ जिज्ञासु र भावुक स्वभावका छन्। मितभाषी, मिस्टभाषी तुम्याहाङ सानैदेखि मिलनसार, परोपकारी र उदारमना व्यक्तिका छन्। किरात लिम्बू कुलमा जन्मेर पनि उनी मद्यपान, धुम्रपान जस्ता कुलतबाट बिल्कुल टाढा छन्। उनी सानैदेखि आफूभन्दा जेठा सबैलाई सम्मान र आदरभाव प्रकट गर्ने तथा कान्छा सबैलाई माया स्नेह गर्ने मिलनसार स्वभावका छन्। उनी लिम्बू भाषा, साहित्य, संस्कृतिको बारेमा अध्ययन अनुसन्धान गरे पनि नेपाली भाषा, साहित्यमा समेत उनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। 'शहीद' र 'मेरी सानी नानी' कविता सङ्ग्रहलाई यसैको उदाहरण मान्न सकिन्छ।

### २.१.३ शिक्षादीक्षा

अमर तुम्याहाङले गाउँकै सामुदायिक विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेको पाइन्छ। उनले सरस्वती माध्यमिक विद्यालय सिकैताबाट वि.सं. २०४७ सालमा एस.एल.सी. तहको अध्ययन गरेको देखिन्छ। गाउँमै एस.एल.सी. सम्मको अध्ययन पूरा गरे पनि तुम्याहाङ उच्च शिक्षा हासिल गर्न काठमाडौँ उपत्यका प्रवेश गरेको देखिन्छ। उनले सानोठिमी क्याम्पस, भक्तपुरबाट शिक्षाशास्त्र संकायमा प्रवीणता प्रमाण पत्र, स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेको देखिन्छ। तुम्याहाङले सन् १९९४ मा आइ.एड., सन् १९९९ मा स्नातक, सन् २००२ मा अंग्रेजी विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको पाइन्छ। उच्च शिक्षा हासिल गर्नु ज्ञानगुणको माध्यमबाट मानव सेवा गर्न खोज्ने कवि तुम्याहाङ हाल त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्र संकाय अन्तर्गत अंग्रेजी भाषा विषयमा विद्यावारिधिको लागि अनुसन्धानरत छन्। नेपाल एस.एल.सी. बोर्डबाट एस.एल.सी. उत्तीर्ण गरेका तुम्याहाङले नेपालको पुरानो र गरिमामय विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयबाट उच्च शिक्षा ग्रहण गरेको देखिन्छ। अध्ययन अनुसन्धानलाई आफ्नो जीवनको महत्त्वपूर्ण पाटो ठान्ने कवि तुम्याहाङ मानव जीवनको सर्वाङ्गीण विकासका लागि शिक्षालाई अनिवार्य पक्ष भन्छन्।

### २.१.४ दाम्पत्य जीवन

अमर तुम्याहाङको विवाह वि.सं. २०५७ सालमा भोजपुर जिल्ला हतुवागढी गा.वि.स. की दिलकुमारी राईसँग भएको हो। सानोठिमी क्याम्पसमा अध्ययनकै क्रममा चिनाजानी भएकी दिलकुमारी राईसँग उनको प्रेम विवाह भएको हो। उनकी श्रीमती राईले

कानून विषयमा एल.एल.एम. गरेकी छन् । हाल उनी आफ्नो लिबर्टी ल एसोसिइसन, कानुनी संस्था दर्ता गरेर स्वतन्त्र कानुन व्यवसायीको रूपमा कार्यरत छिन् । कानुनमा राम्रो अध्ययन गरेकी दिलकुमारी राई नेपालको गरिमामय सर्वोच्च अदालतमा अधिवक्ताको रूपमा चर्चित छिन् । यसबाहेक उनी विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थामा कानुनी सल्लाहकारको रूपमा संलग्न रहेर कानुनी परामर्श र सेवा प्रदान गर्दै आएकी छिन् । यिनका दुईजना सन्तान छन् । यिनको पहिलो सन्तान छोरो हो भने दोस्रो सन्तान छोरी हो । छोरो अमुहाङ लिम्बू राई कक्षा ९ मा अध्ययनरत छ भने छोरी नुनाम्मा लिम्बू कक्षा ५ मा अध्ययनरत छिन् । यसरी कवि तुम्याहाङको सानो परिवार नेपाली समाजमा आदर्श परिवारको रूपमा रहेको छ (शोधनायकबाट प्राप्त जानकारीका आधारमा) ।

### २.१.५ आर्थिक अवस्था

ताप्लेजुङको निम्न वर्गीय लिम्बू परिवारमा जन्मिएको कवि अमर तुम्याहाङको आर्थिक अवस्था सामान्य नै देखिन्छ । पहाडमा नहर, कुलो, बाटोघाटो, बिजुली पानी आदिको पर्याप्त विकास नभएकोले त्यहाँको खेती किसानी पनि आकाशे खेती नै हो । अतः कृषक परिवारमा जन्मिएका तुम्याहाङ त्यहाँका शोषक, सामन्तहरूको दमनकारी नीति र व्याजखोर प्रवृत्तिको घोर विरोधीको रूपमा हुनु हुन्छ । सानै देखि आथिृक कुचक्रको सामना गर्दै आएका क्रान्तिकारी कवि तुम्याहाङ हुने खाने वर्गभन्दा पनि हुँदाखाने वर्गको पक्षमा वकालत गर्छन् । गाउँमा आर्थिक विपन्नताको जटिल समस्या देखेको र भोगेका तुम्याहाङ समाजको वर्गीय संरचनाको बोध गरेर सानैदेखि कम्युनिष्ट विचारधाराप्रति आकृष्ट भए । उनी विशेष गरी विश्वप्रसिद्ध दार्शनिक कार्ल मार्क्सको वर्गीय विश्लेषणबाट प्रभावित भएर वाम विचारप्रति आस्थावान् भए । हाल उनी त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापकको रूपमा सेवारत छन् भने उनकी श्रीमती दिलकुमारी राई स्वतन्त्र कानुन व्यवसायीको रूपमा कार्यरत छिन् । समग्रमा उनको आर्थिक अवस्था सामान्य नै देखिन्छ (शोधनायकबाट प्राप्त जानकारीका आधारमा) ।

## २.२ पेशागत संलग्नता

अमर तुम्याहाङ अध्ययन सँगसँगै अध्यापन क्षेत्रलाई नै आफ्नो आजीविकाको माध्यम बनाएको पाइन्छ । उनी विभिन्न समयमा निजी स्तरका विद्यालयहरूमा प्राध्यापन गरेको देखिन्छ । लामो समयसम्म विभिन्न विद्यालयहरूमा पठनपाठन गरेका अमर तुम्याहाङले पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालयको सानो ठिमी क्याम्पसमा आंशिक शिक्षकको

रूपमा पढाउन थालेका हुन् । त्यसपछि उनी त्यहाँ शिक्षण सहायकको रूपमा पढाउँदै हाल त्रि.वि. सेवामा उत्तीर्ण भई उपप्राध्यापक तहमा प्राध्यापनरत छन् । यस अलावा उनी नेपाल सरकारको विद्यालय स्तरीय पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरमा लिम्बू भाषा पाठ्यक्रम विकासमा आंशिक रूपमा कार्यरत रहेको पाइन्छ। उनको मुख्य पेशागत संलग्नता भनेको विश्वविद्यालयको क्याम्पस स्तरीय पठनपाठन नै हो भन्न सकिन्छ ।

## २.३ अमर तुम्याहाङको बहुआयामिक व्यक्तित्व

कुनै पनि व्यक्तिमा विशेष रूपमा निहित गुण वा क्षमता नै उसको व्यक्तित्व हो । व्यक्तित्व निर्माणमा ५०% आणुवंशिक योगदान रहन्छ भने ५०% आर्जित हुन्छ। कुनै व्यक्तिको व्यक्तित्व बारे थाहा पाउन उसको जीवनसँग सम्बद्ध विविध पक्षहरूको अनुशीलन गर्नुपर्ने हुन्छ। स्रष्टाको व्यक्तित्व निर्माणमा विभिन्न पक्षहरूले प्रभाव पारेका हुन्छन्। सर्जकको व्यक्तित्व निर्माणमा उसको पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक वातावरण र प्रभाव, शिक्षादीक्षा आदिको महत्त्वपूर्ण भूमिका हुन्छ। कुनै पनि व्यक्तिको व्यक्तित्व आन्तरिक र बाह्य गरी दुई खालका हुन्छन्। व्यक्तिको आन्तरिक व्यक्तित्वभित्र व्यक्तिको गुण, क्षमता वा योग्यता आदि पर्दछन् भने शारीरिक बनोट, व्यवहारिक उठ्बस्, रुचि, निजी स्वभाव आदि बाह्य व्यक्तित्व अन्तर्गत पर्दछन्। यस परिच्छेदमा अमर तुम्याहाङको व्यक्तित्वमा अन्तर्निहित प्रमुख पक्षहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ;

### २.३.१ निजी व्यक्तित्व

साहित्यकार अमर तुम्याहाङको शारीरिक बनावटलाई हेर्दा मझौला कद, गहुँगोरो वर्ण, ५ फिट ४ इञ्च उचाई सबै किसिमको पहिरन सुहाउने खालको व्यक्तित्वका रूपमा देखिन्छन्। उनी लिम्बू समुदायका तुम्याहाङको चेप्टो अनुहार र चिम्से आँखाले किरातीको नश्लीय पहिचानलाई प्रष्ट पार्दछ। सबै मानिससँग मिजासिलो व्यवहार गर्ने तुम्याहाङ वस्तुनिष्ठ कुरा गर्न मन पराउँछन्। उनी घोचपेच गरेर कसैको चित्त दुखाउन चाहँदैनन्। उनको बोली सुमधुर र मितभाषी हुन्छ। समाजमा सबै तह तप्काका मानिसहरूप्रति समान र सम्मानजनक व्यवहार गर्ने उनको शैली विशेष खालको छ। उनी पठनपाठन अध्ययन-अनुसन्धान, साहित्य सिर्जनामा संलग्न भए पनि शिक्षक, प्राध्यापक, सर्जक, पत्रकार, वकिल, राजनीतिकर्मी, नागरिक समाजका अभियन्ता, विभिन्न जाति, समुदाय, भाषाका अधिकारकर्मी, समाजसेवी उनका मित्रहरू रहेका छन्। आफ्नो काम आफैं सम्पन्न गर्न मन पराउने कवि अमर आशावादी स्वभावका छन्। उनी आफ्नो व्यक्तिगत र पारिवारिक दुःख

आफूभित्रै लुकाएर साथीभाइलाई हरसम्भव खुशी तुल्याउने प्रयास गर्छन् । मितभाषी, मिष्टभाषी तुम्याहाङ फरासिलो स्वभावका छन् ।

### २.३.२ पारिवारिक व्यक्तित्व

सर्जक अमर तुम्याहाङको एकल परिवार छ । उनले आफ्नो परिवारप्रतिको कर्तव्य र दायित्व सफलतापूर्वक निर्वाह गरेको देखिन्छ । तुम्याहाङ आफू प्राध्यापक र श्रीमती कानुन व्यवसायी भएकाले उनीहरूको पारिवारिक वातावरण सुखद रहेको पाइन्छ । यी दम्पति पारस्परिक समझदारी र सद्भावमा अगाडि बढेकाले यिनीहरूको परिवार समाजमा आदर्श परिवारको रूपमा हेरिन्छ । तुम्याहाङ परिवारमा सधैँ खुशी रहने, कहिल्यै नरिसाउने कुरा उनकी श्रीमती दिलकुमारी राई बताउँछिन् । मुस्कुराउँदै बोल्ने तुम्याहाङको चारुप्रिय स्वभावले जो कोहीलाई पनि छिट्टै मित्र बनाइ हाल्छ । उनी माताको निम्ति एक असल पुत्र, समाज एवं समुदायका निम्ति सहयोगी गाउँले, कनिष्ठका निम्ति असल अगुवा, श्रीमतीका निम्ति योग्य पति एवम् छोराछोरीका लागि कर्तव्य परायण पिता तथा अभिभावकका रूपमा चिनिन्छन् । उनले हरेक ठाउँमा आफ्नो पृथक भूमिका निर्वाह गरेर आफ्नो विशिष्ट व्यक्तित्व निर्माण गरेको पाइन्छ । सर्जक अमरले आफ्नो पारिवारिक जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका छन् ।

### २.३.३ सामाजिक व्यक्तित्व

मानव सामाजिक प्राणी भएकोले ऊ समाजको एउटा सदस्य हो । ऊ सामाजिक गतिविधि एवम् क्रियाकलापमा प्रत्यक्ष परोक्ष सहभागी हुन्छ र आफ्नो सामाजिक दायित्व पूरा गर्छ । कुनै पनि व्यक्तिको सामाजिक व्यक्तित्वको पाटो पनि महत्त्वपूर्ण हुन्छ । सानैदेखि सहयोगी भावका कवि तुम्याहाङ सामाजिक कार्यमा सहभागी हुनुका साथै आवश्यकता अनुसार नेतृत्वसमेत प्रदान गर्दै आएको पाइन्छ । उनी समाजको चौतर्फी विकासका निम्ति आधारभूत संरचना मानिने विद्यालय पुस्तकालय, स्वास्थ्य चौकी, बाटोघाटो, पुल पुलेसा, साँघु, बिजुलीबत्ती, खानेपानी आदिको विकास निर्माण कार्यमा विशेष चासो राखेर हरेक हिसाबले सक्दो सहयोग गर्दै आएको पाइन्छ । उनी जातिपाति, वर्गीय र लैङ्गिक भेदभावलाई रुचाउँदैनन् । अरुले त्यस्तो खालको असामाजिक र अमानवीय उँचनीचको व्यवहार गरेको पाएमा त्यसको डटेर प्रतिरोध गर्छन् । उनी सबै मानवलाई समान महत्त्व र सम्मान दिन्छन् ।

यिनी आफूभन्दा कनिष्ठहरूले खोलेका विभिन्न सङ्घ संस्थामा प्रत्यक्ष परोक्ष सहयोग

गर्छन् । ग्रामीण र भेगीय साहित्यिक सङ्घ संस्थाहरूको निरन्तरता र संरक्षण तथा सम्बर्द्धनमा अमर तुम्याहाङको उल्लेखनीय योगदान रहेको पाइन्छ । विभिन्न सङ्घ संस्थामा आबद्ध रहेर सामाजिक सेवा गर्ने तुम्याहाङको परोपकारी भाव वास्तवमै अनुकरणीय छ । उनको सरल स्वभाव, कोमल भाव, सहनशीलता, बौद्धिकता, हार्दिकता, मिलनसारिता, उदारमना, सहयोगी भावना आदिको कारणले उनको सामाजिक व्यक्तित्व प्रभावकारी बनेको देखिन्छ ।

### २.३.४ अध्ययनशील व्यक्तित्व

नयाँ नयाँ विषयवस्तुबारे अध्ययन गरी राख्नु अमर तुम्याहाङको सोख हो । उनी पढ्दाखेरि त्यसबाट आफूले नयाँ नयाँ ज्ञान गुणका कुरा सिक्नुका साथै आनन्दित समेत हुने बताउँछन् । तुम्याहाङ अध्ययनमा एकाग्र भएर घण्टौँ हराउँछन् । कवि तुम्याहाङ जीवनमा अध्ययनलाई भोजनजस्तै अनिवार्य ठान्दछन् । उनको पढ्ने धोको हालसम्म पूरा नभएकोले उनी झन् झन् बढी पढ्न थालेको पाइन्छ । अध्ययनबाट ज्ञानको प्राप्ति हुनुका साथै मानसिक क्रियाशीलतामा समेत अभिवृद्धि हुने उनको ठहर छ । कवि अमर कुनै कुनै पुस्तक दोहोऱ्याई तेहेऱ्याई पढ्ने गर्छन् । अध्ययनलाई आफ्नो जीवनको एक भाग नै ठान्ने साहित्यकार अमर तुम्याहाङले पढ्ने कोठामा पुस्तक सङ्कलन गरी पुस्तकालय नै बनाएको पाइन्छ । उनले लिम्बू भाषा, नेपाली भाषा, अंग्रेजी भाषाबारे विस्तृत अध्ययन गरेको देखिन्छ । अमरले लिम्बू साहित्य, कला, संस्कृति, मौखिक स्थानिक परम्परा, थुथुरी वेद ( मुन्धुम) को अध्ययनमा विशेष चासो राख्छन् । यसरी उनी गहन अध्ययन गर्ने अध्ययनशील व्यक्तित्व हुन् ।

### २.३.५ बौद्धिक व्यक्तित्व

अमर तुम्याहाङ भावुक कवि भए पनि उनी तार्किक र बौद्धिक गतिविधिमा त्यति नै संलग्न भएको पाइन्छ । तुम्याहाङ विभिन्न सेमिनार, गोष्ठीमा सहभागी भएर कार्यपत्र प्रस्तुत गर्दा आफ्नो तर्कसंगत प्रस्तुतिका कारण निकै चर्चित छन् । उनी कुनै पनि विषय वस्तुलाई युक्तिसङ्गत, वस्तुपरक ढङ्गबाट विश्लेषण गर्दै निष्कर्ष दिन्छन् । विद्यार्थी जीवन कालमा होस् वा क्याम्पसमा पढाउँदा होस् वा प्रज्ञा प्रतिष्ठानमा मनोनित भएर अनुसन्धान गरेको बेला होस् उनको बेजोड बौद्धिक अभिव्यक्ति सर्वत्र प्रशंसनीय रहेको पाइन्छ । मान्छे सर्वश्रेष्ठ, विवेकशील र बौद्धिक व्यक्तित्व हो । बौद्धिकताले नै मान्छेको समग्र क्रियाकलाप सञ्चालन हुन्छ । अध्ययनले नै मानिसको बौद्धिक विकास गर्दछ । विभिन्न विषयवस्तुको

गहन अध्ययन, अन्वेषणले तुम्याहाङको बौद्धिक व्यक्तित्वलाई झन् तिखारेको पाइन्छ । उनी प्राज्ञिक समूहमा शिष्ट, शालीन र भद्र बौद्धिक व्यक्तित्वको रूपमा परिचित रहेको पाइन्छ । उनको बौद्धिक व्यक्तित्वको सर्वत्र प्रशंसा भइरहेको पाइन्छ ।

### २.३.६ कवि व्यक्तित्व

अमर तुम्याहाङ कविता सिर्जना गरेर नेपाली साहित्यिक जगत्मा प्रवेश गरेका व्यक्तित्व हुन् । उनको 'वियोग' कथा वि.सं.२०५२ सालको 'दीपितशिखा' पत्रिकामा प्रथम पटक प्रकाशति भएको पाइन्छ । उनले आफ्नो मातृभाषा लिम्बू भाषा र नेपाली भाषामा कविता रचना एवम् प्रकाशन गरेका छन् । तुम्याहाङको 'शहीद' नेपाली भाषाको कवितासङ्ग्रह वि.सं. २०५५ सालमा प्रथम पटक प्रकाशित भएको हो । उक्त कवितासङ्ग्रह हाल अप्राप्य रहेको छ । कवि तुम्याहाङको नेपाली भाषाको 'मेरी सानी नानी' बाल कवितासङ्ग्रह वि.सं. २०५६ सालमा प्रकाशित भएको हो । उनको 'सेवारो' लिम्बू भाषाको बाल कवितासङ्ग्रह वि.सं. २०५८ सालमा प्रकाशित भएको पाइन्छ । उनले नेपाली र लिम्बू भाषामा कविता रचना गरेर आफ्नो कवि व्यक्तित्वको चिनारी दिएका छन् । तुम्याहाङले फुटकर कवितादेखि महाकाव्यसम्मको रचना गरेका छन् । कविताको लघु आयाम फुटकरदेखि बृहताकार महाकाव्यसम्मको रचना गर्ने अमर तुम्याहाङ प्रतिभा सम्पन्न स्रष्टा हुन् । उनको 'सोधुङगेन इमानसिंह चोत्लुङ' (२०६०) लिम्बू भाषाको रचित महाकाव्य प्रकाशित छ । लिम्बू भाषामा लेखिएको यो पहिलो महाकाव्य हो । यसले तुम्याहाङको महाकाव्यकार व्यक्तित्वलाई प्रष्ट्याएको छ । उनका लिम्बू भाषा र नेपाली भाषामा फुटकर लेख रचनाहरू नेपाल र भारतका विविध साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित रहेको पाइन्छ ।

### २.३.७ निबन्धकार व्यक्तित्व

अमर तुम्याहाङले गद्यात्मक निबन्ध विधामा कलम चलाएका छन् । उनले लिम्बू भाषामा निबन्ध लेखेका छन् । निबन्धकार तुम्याहाङले लिम्बू भाषामा निबन्ध रचेर लिम्बू साहित्यको निबन्ध फाँटमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

### २.३.८ समालोचक व्यक्तित्व

अमर तुम्याहाङ स्रष्टा व्यक्तित्व हुन् । उनले लिम्बू भाषा, साहित्य, संस्कृतिका विविध पक्षहरूको वस्तुपरक समीक्षा विश्लेषण र मूल्याङ्कन गरेको पाइन्छ । उनी आफ्ना पूर्ववर्ती सर्जक स्रष्टाका विविध ऐतिहासिक कामहरूको खरो आलोचकका रूपमा लिम्बू

समुदायमा चिरपरिचित छन्। यिनका लिम्बू साहित्यको इतिहासलेखन परम्परा (०६७), लिम्बू भाषाको निबन्ध र निबन्धकारहरू (०६९) र लिम्बू साहित्य निर्माणको इतिहास (०७०) प्रकाशित छन्। तुम्याहाङको समालोचक व्यक्तित्व प्रखर रहेको पाइन्छ।

### २.३.९ सम्पादक व्यक्तित्व

साहित्यकार अमर तुम्याहाङले लिम्बू, नेपाली र अंग्रेजी भाषामा विभिन्न पत्रपत्रिका एवम् पुस्तकको कुशलतापूर्वक सम्पादन गरेका छन्। उनले सानोठिमी क्याम्पसमा 'दीपित शिखा' पत्रिका वि.सं. २०५२-०५३ सालमा सम्पादन गरेको पाइन्छ। त्यसैगरी उनले यङ्ग च्वाइस इन इएलिट (०५६-०५७), सम्पादन गरे। लिम्बू भाषाको सेमीफक्ताङ लुङ ( त्रैमासिक, चौमासिक, पत्रिका) को प्रथम प्रकाशन काल (०६०/०६१) देखि हालसम्म सम्पादन गर्दै आएका छन्। तुम्याहाङले साहित्य र विविध विषयवस्तु समेटेर लेखिएको 'प्रवासी वेदनाका स्वरहरू' पत्रिकाको वि.सं. २०५९/०६० देखि हालसम्म सम्पादन गर्दै आएका छन्। उनले लिम्बू भाषामा प्रकाशित हुँदै आएको 'फुङ' पत्रिकाको सन् २००५ देखि सम्पादन गर्दै आएका छन्। अमर तुम्याहाङले प्रवासी लिम्बू भाषी वरिष्ठ साहित्यकार पदमसिंह सुन्या अपतन व्यक्तित्व र कृतित्त्वको कुशलतापूर्वक सम्पादन गरेका छन्। नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य अमर तुम्याहाङले आफ्नो कार्यकाल (०६७-०७०) मा नेपाल प्रज्ञा प्रतिष्ठानबाट अर्धवार्षिक रूपमा प्रकाशन हुने बहुभाषिक 'सयपत्री' पत्रिकाको कार्यकारी सम्पादकको हैसियतमा सम्पादन गरेको पाइन्छ। बहुमुखी प्रतिभाका धनी अमर तुम्याहाङले विभिन्न पुस्तक तथा पत्र पत्रिकाको सहसम्पादन गरेको पाइन्छ। उनले पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित लिम्बू भाषाको कक्षा १ देखि ५ सम्मको 'अरिपन' पुस्तकको सहसम्पादन गरेको पाइन्छ। त्यसैगरी उनले लिम्बू संस्कृति र कविताहरूको संकलन भएको 'केलाङ' (२००६), लिम्बूभाषाको कथासङ्ग्रह 'माङ्गेन्नारे कुबुक' (२००६), निबन्ध सङ्ग्रह 'इन्डो नेपाल किराती भाषाहरू (२००८), मल्टिलिङ्गुवल एजुकेसन फ्रेमवर्क' (२००८) लिम्बू भाषा सिकौँ (२०१२) सहलेखन तथा सहसम्पादन गरेको पाइन्छ (श्रेष्ठ, २०७० : ४१)।

### २.३.१० अनुवादक व्यक्तित्व

अमर तुम्याहाङले विविध भाषामा अनुवाद गरेर आफ्नो अनुवादक व्यक्तित्वको पहिचान कायम गरेका छन्। उनले लिम्बूबाट नेपाली र अङ्ग्रेजी, अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद रूपान्तरण गरेको पाइन्छ। उनले 'नेपाल बालम्दिक' (२०५८), 'सीमा

सम्मिला' नेपालीबाट लिम्बू भाषामा (२०५८), 'अन ड्राफ्ट डिक्लरेसन अन द राइट्स् अफ इन्डिजिनियस पिपल्स' नेपाली/अंग्रेजीबाट लिम्बू भाषामा (२०५९), 'ह्युमन राइट्स डिक्लरेसन १९४८ (अंग्रेजीबाट लिम्बू, २०५९), कामेङ्बा लुङ्गोङ्बा याक्थुङ्रेन, धोबो काइरोबा कान्जेङबोना (नेपाली/अंग्रेजीबाट लिम्बू, २०६१), थथमा (लिम्बू उपन्यास लिम्बूबाट नेपाली, २०६२), मेरो विज्ञान स्वास्थ्य र शारीरिक शिक्षा 'सामुदायिक विद्यालय कक्षा १ को पुस्तक - नेपालीबाट लिम्बू, २०६३), मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक अभिव्यक्तिकला (सामुदायिक विद्यालय कक्षा १ को पुस्तक, नेपालीबाट लिम्बू - २०६३), मेरो गणित - सामुदायिक विद्यालय कक्षा १ को पुस्तक, २०६३), नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिच भएको विस्तृत शान्ति सम्झौता (नेपाली भाषाबाट लिम्बू भाषामा राष्ट्रिय मानव अधिकार आयोग - २०६३), संविधानसभा विषयको जानकारी नेपाली भाषाबाट लिम्बू भाषामा  २०६३), नेपालको अन्तरिम संविधान २०६३, नेपाली भाषाबाट लिम्बू भाषामा, मेरो गणित (सामुदायिक विद्यालय कक्षा २ को पुस्तक २०६५ - नेपालीबाट लिम्बू भाषामा, मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक अभिव्यक्ति (सामुदायिक विद्यालयको पुस्तक कक्षा २, नेपाली भाषाबाट लिम्बू भाषामा) आदि रहेका छन् ।

**२.३.११ प्राध्यापक व्यक्तित्व**

साहित्यकार अमर तुम्याहाङले विभिन्न समयमा विभिन्न विद्यालय तथा क्याम्पसहरूमा प्राध्यापन गरेको पाइन्छ । उनले प्राध्यापन कार्य विद्यालय तहबाट प्रारम्भ गरेर त्रिभुवन विश्वविद्यालयको क्याम्पस स्तरीय शिक्षा सङ्घ अन्तर्गतको अंग्रेजी विषयको स्नातकोत्तर तह सम्मको पठनपाठनमा संलग्न रहेको पाइन्छ । उनले वि.सं. २०५०/०५१ मा बालकुन्ज सेकेन्डरी स्कुल लुभु, ललितपुरमा अङ्ग्रेजी विषय शिक्षकको रूपमा प्राध्यापन थालनी गरेको देखिन्छ । त्यसैगरी वि.सं. २०५२/०५३ मा माउन्ट भ्यु इङ्गलिस स्कुल, बालकोट, भक्तपुरमा अङ्ग्रेजी विषय शिक्षक, वि.सं. २०५४ देखि ०५७ सम्म न्यू होराइजन इङ्गयिलस स्कुल, कौशलटार, भक्तपुरमा नेपाली विषय शिक्षकको रूपमा पठन पाठन गरेको देखिन्छ । उनले वि.सं. २०५८ देखि २०६३ सम्म सिद्धि गणेश मा.वि. नगदेश, भक्तपुरमा नेपाली र अंग्रेजी विषय शिक्षकको रूपमा कुशलतापूर्वक शिक्षण गरेको देखिन्छ । तुम्याहाङ वि.सं. २०६२ देखि त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस सानोठिमी क्याम्पस, भक्तपुरमा अंग्रेजी विषयको शिक्षण सहायकको रूपमा प्राध्यापन गर्दै आएका छन् । हाल उनी यसै क्याम्पसमा अंग्रेजी विषयको उपप्राध्यापक पदका प्राध्यापनरत छन् । उनी विगत

अढाइ दशकदेखि विद्यालय एवम् क्याम्पस स्तरीय कक्षाहरूको प्राध्यापनरत रहेर आफ्नो कुशल प्राध्यापकको पहिचान बनाउन सफल भएका छन्। उनको प्राध्यापक व्यक्तित्व सशक्त र महत्त्वपूर्ण देखिन्छ।

### २.३.१२ प्राज्ञिक व्यक्तित्व

अमर तुम्याहाङ प्राज्ञिक अनुसन्धान गर्न मन पराउँछन्। उनले भाषा, साहित्य, संस्कृतिलगायत विविध विषयको विश्लेषणात्मक अनुसन्धान गरेका छन्। नेपाली, लिम्बू र अंग्रेजी भाषामा विविध अनुसन्धान गरेकै कारण उनलाई नेपाल सरकारले नेपाल प्रज्ञा प्रतिष्ठान जस्तो गरिमामय प्राज्ञिक संस्थाको प्राज्ञसभा सदस्यमा मनोनयन गरेको थियो। उनी वि.सं. ०६७ देखि ०७० सम्म ने.प्र.प्र.को प्राज्ञसभा सदस्यको रूपमा आफ्नो प्राज्ञिक क्षमताको महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। त्यति बेला उनले ने.प्र.प्र.को बहुभाषिक पत्रिका 'सयपत्री' का कार्यकारी सम्पादकको रूपमा काम सम्पन्न गरे। उनले विभिन्न शीर्षकमा गोष्ठीपत्र, अवधारणापत्र प्रस्तुत गरेर आफ्नो प्राज्ञिक छविलाई प्रमाणित गरे। यसबाट तुम्याहाङको बेजोड प्रतिभा पनि प्रष्ट भएको पाइन्छ।

### २.३.१३ अनुसन्धानकर्ता व्यक्तित्व

अध्ययन अनुसन्धानमा अभिरुचि राख्ने अमर तुम्याहाङले लिम्बू, नेपाली र अंग्रेजी भाषामा विभिन्न अनुसन्धानमूलक लेख रचना लेखेको पाइन्छ। उनले अध्ययनका सन्दर्भमा सम्बन्धित विषयको तोकिएकै वा निर्दिष्ट क्षेत्रमै गएर खोजमूलक अनुसन्धान गरेको पाइन्छ। तुम्याहाङले 'भर्ब्स अफ प्रि कुकिङ, कुकिङ एण्ड कन्ज्युमिङ एक्टिभिटिज इन इङ्गलिस, लिम्बू, राई, बान्तवा एन्ड नेपाली ल्याङ्ग्वेजेज : अ सिमन्टिक कम्प्यारिजन' सन् २००४ मा शोधकार्य सम्पन्न गरेको देखिन्छ। उनले सन् २००५ मा नेपाल सरकारको परियोजना अन्तर्गत जनजाति सशक्तीकरण कार्यक्रममा फिल्ट सुपरभाइजर भएको कार्य सम्पन्न गरेको पाइन्छ। सन् २००७ मा 'इफेक्टिभनेस अफ मदर टङ्ग एजुकेसन इन लिम्बू ल्याङ्ग्वेज्ड फर एजुकेसनल इन्क्लुजन' शीर्षकमा अनुसन्धान कार्य गरेको पाइन्छ। त्यसैगरी उनले 'अ स्टडि अफ इन्डिजिनियस पिपल्स मुभमेन्ट्स्, लिडरसिप एन्ड एटिच्युड' शीर्षकमा अनुसन्धान कार्य गरेको देखिन्छ। उनले कम समयमै फरक फरक विषयवस्तु एवम् फरक फरक शीर्षकमा क्रियाशील रहेर अनुसन्धान कार्य गरेको पाइन्छ।

साहित्यकार तुम्याहाङले विभिन्न कार्यक्रमहरूमा कार्यपत्र प्रस्तुत गरेर आफ्नो अनुसन्धानकर्ता व्यक्तित्वलाई दरो बनाएको पाइन्छ। उनले सन् २०११ मा ट्रान्सलेसन अफ

लिम्बू ल्याङ्ग्वेज एन्ड लिटरेचर : प्रजेन्ट सिचुएसन एन्ड फ्युचर पोसिब्लिटिज अफ लिम्बू लिटरेचर, सन् २०१२ मा क्वेस्ट अन लिम्बू ल्याङ्ग्वेज एन्ड लिटरेचर, सन् २०१३ मा नेपाली लिटरेचर रिटेन इन नेपाली मदर टङ्ग : एन अभरम्भ्यु सन् २०१४ मा लिम्बू फोक कल्चर रिलेटेड टु फुड हेबिट्स् सन् २०१५ मा सिचुएसन एन्ड युटिलिटि अफ पालाम एन्ड हाक्पारे इन द ब्याकग्राउण्ड अफ ख्याली (ख्यालीको मुखपृष्ठमा पालाम र हाक्पारे प्रयोगको अवस्था र उपादेयता), सन् २०१६ मा 'युज एन्ड एक्सपान्सन अफ मदर टङ्ग इन एजुकेसन एन्ड मेडिया, सन् २०१६ मै 'अ लिटरेरी सिचुएसन अफ नेपाली मदर टङ्ग्स शीर्षकका कार्यपत्रहरू प्रस्तुत गरेको पाइन्छ। यीबाहेक उनले सहलेखनमा समेत विविध शीर्षकका कार्यपत्र प्रस्तुत गरेको देखिन्छ। यस सन्दर्भमा उनका 'लिम्बू लिटरेचर प्राब्लम्स एन्ड सोलुसन्स' (२००३), 'प्रजेन्ट लिटरेरी सिचुएसन अफ लिम्बू ल्याङ्ग्वेज (सन् २००८) र 'किरात लिम्बू फोक इन्स्ट्रुमेन्ट्स् एन्ड फेक ट्युन्स् (सन् २०११) रहेका छन्। यसरी साहित्यकार अमर तुम्याहाङले लिम्बू, नेपाली र अंग्रेजी भाषामा कार्यपत्र लेखेर आफ्नो प्राज्ञिक प्रतिभा र अनुसन्धान व्यक्तित्वको परिचय स्थापित गरेको पाइन्छ। उनले प्रस्तुत गरेका धेरै जसो कार्यपत्रहरू लिम्बू भाषा, साहित्य र लोक संस्कृतिसँग सम्बद्ध रहेको पाइन्छ। उनका थोरै मात्र कार्यपत्रहरू नेपाली भाषासँग सम्बन्धित छन्। तुम्याहाङ आफू स्वयम् अंग्रेजी भाषाकै उपप्राध्यापक भएकोले उनले कार्यपत्र लेखनको माध्यम भाषाको रूपमा अङ्ग्रेजी भाषाकै बढी जसो प्रयोग गरेको पाइन्छ। उनका दर्जनौं कार्यपत्रहरूले उनको अनुसन्धातकर्ता व्यक्तित्वलाई प्रामाणिक तुल्याएको छ।

### २.३.१४ संयोजक व्यक्तित्व

अमर तुम्याहाङले नेपाल सरकारको राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रको नयाँ नेपाल पृष्ठअन्तर्गत लिम्बू मातृभाषाको भाषिक सम्पादन र संयोजन गर्दै आएका छन्। उनले सन् २००७ देखि हालसम्म लिम्बू भाषा पृष्ठको मुख्य संयोजकको रूपमा कुशलतापूर्वक कार्य गर्दै आएको पाइन्छ।

### २.३.१५ लेखक व्यक्तित्व

अमर तुम्याहाङले विभिन्न पाठ्यपुस्तक लेखेका छन्। उनले नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरको लागि लिम्बू मातृभाषामा कक्षा १ देखि कक्षा ५ सम्मको 'आनि पान' शृङ्खला लेखेका छन्। उनले लिम्बु भाषाको पुस्तक तयार पारेर केवल लिम्बू समुदाय मात्रलाई नभई राष्ट्रलाई नै ठूलो गुण लाएको देखिन्छ। उनको लेखक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको पाइन्छ।

### २.३.१६ संलग्नता

लिम्बू, नेपाली र अंग्रेजी भाषामा सशक्त ढंगबाट कलम चलाउने अमर तुम्याहाङ विविध सङ्घ संस्थामा आबद्ध रहेको पाइन्छ ।

सभापति : स्वतन्त्र विद्यार्थी युनियन (सानोठिमी क्याम्पस, २०५१-२०५३)

केन्द्रीय सदस्य : अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, २०५५-०५६

सदस्य : लिम्बू भाषा पाठ्यक्रम निर्माण समिति, वि.सं. २०५९ - हालसम्म

### २.३.१७ सम्मान तथा पुरस्कार

लिम्बू भाषा, साहित्य, संस्कृतिको संरक्षण र सम्बर्द्धनमा तल्लीन भएर लागेका अमर तुम्याहाङ विभिन्न पुरस्कारबाट सम्मानित भएको पाइन्छ । उनी वि.सं. २०५६ मा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्गठनले आयोजना गरेको 'राष्ट्रिय कविता प्रतियोगिता - २०५६' मा प्रथम पुरस्कार हासिल गरेको पाइन्छ । 'किरात याक्थुङ चुम्लुङ' ललितपुर जिल्ला समितिले आयोजना गरेको लिम्बू आधुनिक कथा प्रतियोगिता २०६० मा द्वितीय पुरस्कार प्राप्त गरेको देखिन्छ । महाकाव्यकार तुम्याहाङले इमानसिंह चेम्जोङलाई नायक बनाई लिम्बू भाषामा पहिलो पल्ट महाकाव्य लेखेकाले इमानसिंह चेम्जोङको १०५ औँ वार्षिकीको अवसरमा उनलाई इमानसिंह चेमजोङ पुरस्कार (२०५४) बाट सम्मान गरिएको पाइन्छ । लिम्बू राष्ट्रभाषामा विशिष्ट योगदान पुऱ्याएकोले उनलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले राष्ट्र मातृभाषा सेवा पुरस्कार - २०७० बाट सम्मानित गरिएको पाइन्छ । भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका अमर तुम्याहाङ विभिन्न सङ्घ संस्थाबाट पुरस्कृत तथा सम्मानित भएको पाइन्छ ।

## २.४ निष्कर्ष

अमर तुम्याहाङ नेपाली भाषा, साहित्यको विभिन्न विषयमा कलम चलाएर गुण लाउने स्रष्टा हुन् । उनको स्रष्टा र द्रष्टा व्यक्तित्व महत्त्वपूर्ण रहेको पाइन्छ । उनले नेपाली र लिम्बू भाषामा कविता सिर्जना गरेर कवि व्यक्तित्वलाई प्रष्ट्याएका छन् । उनी कथाकार, निबन्धकार, महाकाव्यकार, समालोचक अनुसन्धानकर्ता, अनुवादकका रूपमा परिचित छन् । अमरले लिम्बू, नेपाली र अंग्रेजी भाषामा पत्रपत्रिका सम्पादन गरेर सम्पादक व्यक्तित्वलाई स्थापित गरेका छन् । उनले लिम्बू भाषामा कक्षा १ देखि कक्षा ५ सम्मको मातृभाषिक

पुस्तक लेखन तथा सम्पादन गरेर लेखक व्यक्तित्वको परिचय कायम गरेको पाइन्छ। प्राज्ञिक अध्ययन अनुसन्धानमा तल्लीन भएर लाग्ने तुम्याहाङ प्राज्ञिक र बौद्धिक व्यक्तित्व समेत हुन्। साहित्य सिर्जना, समाजसेवा, पत्रपत्रिका सम्पादन, समालोचना आदि विविध क्षेत्रमा सशक्त कलम चलाउने उनी बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व हुन्। उनको व्यक्तित्वको बहु आयामले उनको प्रतिभा र प्राज्ञिक ओजपूर्ण व्यक्तित्वको परिचय बोकेको छ। नेपाली बालसाहित्यको क्षेत्रमा तुम्याहाङको 'मेरी सानी नानी' बाल कवितासङ्ग्रहले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। पूर्वी पहाडको लिम्बू परिवारमा जन्मेका तुम्याहाङले आफ्नो मातृभाषा लिम्बू र नेपाली भाषामा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ। हाल उनी भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा तल्लीन भएर अनुसन्धानरत छन्। उनी बहुभाषिक शिक्षा विषयमा समेत क्रियाशील भएर लागीपरेका छन्। अध्ययन, अनुसन्धान, लेखन, साहित्य सिर्जना, समालोचना, पाठ्यपुस्तक लेखनले उनको व्यक्तित्वको बहुआयामिकतालाई प्रष्ट्याएको छ।

# अध्याय तीन

# बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बाल साहित्यको ऐतिहासिक विकासक्रम

## ३.१ परिचय

मानव जीवनमा बाल्य अवस्था प्रारम्भकालीन चरण हो। यो अवस्था मानव जीवनको महत्त्वपूर्ण समय हो। मान्छेको भविष्य निर्माणमा बाल्यकालीन जीवनको प्रत्यक्ष वा अप्रत्यक्ष छाप पर्दछ। विश्वको कुनै पनि समाजमा बालबालिकालाई बडो महत्त्वका साथ हेर्ने गरिन्छ। परिवार, समाज र राष्ट्रकै सन्दर्भमा समेत बालबालिकालाई भविष्यको कर्णधारको रूपमा लिने गरिन्छ। वाल्यावस्थामा कोमल मन, मस्तिष्क हुन्छ र त्यसमा हरेक कुराको गहिरो छाप पर्न जान्छ।

वैश्विक परिवेशमा समेत बालबालिकालाई सुनौलो भविष्यको कर्णधारको रूपमा लिने गरिन्छ। बालबालिकाहरू सामाजिक रूपान्तरणका निम्ति संवाहक हुन्। तसर्थ तिनका पालनपोषण र पठनपाठनमा गम्भीरतापूर्वक ध्यान दिनु पर्दछ। साहित्यले मानव समाजलाई समुन्नत र सुन्दरतम् बनाउने अपेक्षा गर्छ। बालबालिकाका निम्ति सिर्जना गरिने साहित्य त्यसै पनि बाल मनोविज्ञान अनुकूल हुनु पर्दछ। बालबालिकाले सहजै बुझ्ने खालका भाषा, शैली प्रयोग गरेर सिर्जना गरिएको बालसाहित्य बालबालिकाका निम्ति प्रिय हुनुका साथै बोधगम्य समेत हुन्छ। बालबालिकाको निम्ति रचित साहित्यमा मनोरञ्जन, नैतिकता, आचरण, अनुशासन, स्वास्थ्य, बानीबेहोरा, शिष्टाचार, मर्यादा, चरित्र निर्माणजस्ता विषयवस्तुहरू समेटिएको हुनु पर्दछ। साहित्यको प्रथम उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो भने दोस्रो र महत्त्वपूर्ण उद्देश्य भनेको सामाजिक, नैतिक र मानवीय गुणहरूको विकास पनि हो। त्यसैगरी बालसाहित्यको पहिलो उद्देश्य कमलो मन भएका केटाकेटीहरूलाई मनोरञ्जन प्रदान गरेर प्रफुल्लित तुल्याउनु हो। बालसाहित्यका सिर्जना, रचनामा लयात्मकता, बोधगम्यता, विषयवस्तुको सरलता र सरसता अनि मौलिक अर्थात् केटाकेटीका वरिपरि सहजै उपलब्ध हुने विषयवस्तु समाविष्ट हुनु राम्रो मानिन्छ। अझ बालबालिकाले आफू खेल खेल्दा प्रयोग गर्ने सामग्रीहरूलाई बालसाहित्य सिर्जनाको आधार वस्तुको रूपमा प्रयोग गरियो भने त्यो ज्यादै नै प्रभावकारी मानिन्छ।

बाल र साहित्य दुईवटा शब्दको योगबाट बालसाहित्य शब्द निर्माण भएको देखिन्छ।

बालबालिकाको विषयवस्तुमा केन्द्रित सुललित साहित्य नै बाल साहित्य हो । यस शब्दले कम उमेरका केटाकेटीहरूको भावना एवम् चाहना अनुकूल तिनले सहजै बुझ्न सक्ने भाषा शैलीमा मनोरञ्जनपूर्ण तवरले नैतिक एवम् सामाजिक विचार सम्प्रेषण गर्न सक्ने कविता, कथा, उपन्यास, नाटक, गीत, जीवनी जस्ता साहित्यिक विधालाई जनाउँछ । यस्तो साहित्यले बालबालिकाको जिज्ञासालाई राम्ररी समाधान गर्न मद्दत पुऱ्याउँछ । बालसाहित्य सरल सरस, बोधगम्य हुनुका साथै श्रुतिमधुर पनि हुनुपर्दछ । यसको माध्यमबाट भर्खरका बालबालिकालाई आदर्शयुक्त भाव तथा विचारहरूलाई अर्ती उपदेशको रूपमा सम्प्रेषण गर्न सकिन्छ । बालसाहित्यले मनोरञ्जन प्रदान गर्नुका साथै चेतना र सोचको विकास एवम् विस्तार तथा भाषिक क्षमताको भण्डारणमा समेत अभिवृद्धि गराउँछ । ठूला मान्छेका लागि रचिएको साहित्य केटाकेटीका लागि दुर्बोध्य हुने भएकोले बालसाहित्य उमेर अनुकूलका शब्द संयोजनमा केन्द्रित हुनु राम्रो मानिन्छ । केटाकेटीका जिब्रोमा झुन्डिने खालका साहित्यिक रचना अति नै प्रभावकारी मानिन्छ । बालबालिकाको सर्वाङ्गीण विकास विद्यालयीय पठनपाठन मात्रबाट सम्भव हुँदैन । तिनीहरूको मनोरञ्जन, बौद्धिक विकास, चारित्रिक विकास र नैतिक पक्षको पृष्ठपोषणका निम्ति बालसाहित्यको महत्त्वपूर्ण भूमिका हुन्छ । बाल साहित्यले बालबालिकाको मनोभावना अनुकूल खुराक उपलब्ध गराउने भएकोले यो झन् उपयोगी र प्रभावकारी हुन्छ । वर्तमान सूचना प्रविधिको द्रुतवेगी समयमा बालबालिकाको बौद्धिक, चारित्रिक, नैतिक क्षमता अभिवृद्धिका लागि यसको महत्त्व र उपादेयता झन् बढ्दो छ । कुनै पनि समाज र राष्ट्रको भविष्यका कर्णधार मानिने बालबालिकाको निम्ति लेखिने बालसाहित्यको महत्त्वपूर्ण छ ।

## ३.२ बालसाहित्यको परिभाषा

बालसाहित्य 'बाल' र 'साहित्य' दुईवटा शब्दहरूको योगबाट निर्मित समस्त शब्द हो । 'बाल' शब्दले केटाकेटी वा बालबालिकाहरूलाई बोध गराउँछ भने 'साहित्य' शब्दले मानिसको सिर्जनशील कलात्मक प्रतिभाद्वारा अभिव्यक्त भावराशिलाई सङ्केत गर्दछ । अभिधा अर्थमा बालबालिकाहरूलाई लक्षित गरी लेखिएको साहित्य बालसाहित्य हो । यसले बालबालिकाहरूको उमेर र मनोविज्ञानअनुसार भाव, कथ्य, विषयवस्तु आदि समेट्ने काम गर्दछ । बालसाहित्यलाई निम्नानुसार बुँदामा उल्लेख गर्नु उपयुक्त हुने देखिन्छ ;

(अ) बालबालिकाद्वारा रचित साहित्य बाल साहित्य हो ।

(आ) बालबालिकाका लागि लेखिएको साहित्य जसमा बालबालिकाको मनोविज्ञानलाई

ध्यानमा राखि उनीहरूको रुचि, आवश्यकता र क्षमता अनुसारको विषय वा भाषाको प्रयोग भएको हुन्छ, त्यो नै बालसाहित्य हो ।

बालसाहित्य साहित्यको एक विशिष्ट प्रकार हो, जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक दृश्य-पाठ्य सामग्रीमा आधारित ज्ञान, सीप, चरित्र निर्माण गरिएको हुन्छ । बालबालिकाको मन मस्तिष्कमा प्रत्यक्ष प्रभाव पार्ने गरी लेखिएको कविता, कथा, उपन्यास, जीवनी नै बालसाहित्य हो । बालसाहित्यमा सुललित पद-पदावली, बोधगम्यता, लयात्मकता, श्रुतिमाधुर्य हुनु आवश्यक हुन्छ । बालसाहित्य सिर्जनामा सर्जक स्रष्टाहरू संवेदनशील र गम्भीर हुनु आवश्यक छ ।

बालसाहित्य भन्नाले बालबालिकाका लागि स्वस्थ मनोविनोद, उपयोगी शिक्षा तथा नयाँ सूचना सम्प्रेषण गर्ने उद्देश्यले सरल भाषा शैलीमा लेखिएको सबै विधाका रचना भन्ने बोध गराउँछ । बालसाहित्यमा बालकका रुचि र आवश्यकतालाई ध्यानमा राखी सुन्दर ढंगमा लेखिएका सबै प्रकारका लेखन समावेश भए तापनि विद्यालयीय तहको पाठ्य पुस्तकभन्दा पृथक देखिन्छ ।

बालसाहित्यको सिर्जनामा बालबालिकाको उमेर, मनोविज्ञान, जिज्ञासा, ग्रहण क्षमता, रुचि आदिलाई ध्यानमा राखिएको हुनु पर्दछ । बालवय अनुसारका सामग्री समाविष्ट गर्न नसकेमा त्यस्तो बालसाहित्य बालबालिकाका निम्ति जटिल र अप्रभावकारी हुन जान्छ । यसमा बालबालिकाको विषयवस्तुलाई बडो गम्भीरतापूर्वक छनौट गर्नुपर्ने हुन्छ । बालबालिका भनेका काँचो माटो जस्तै भएकाले तिनका मन मस्तिष्क पनि अविकसित र अपरिपक्व हुन्छ । तसर्थ तिनको वरिपरि उपलब्ध हुने, तिनले सहजै बुझ्ने खालको भाषा शैलीको प्रयोग गर्नु आवश्यक हुन्छ । यसमा बाल मनोविश्लेषणको ख्याल गर्नुपर्ने हुन्छ र त्यही अनुरूप लेखनमा सरलता, सहजता र बोधगम्य पक्षको प्रयोग उचित मानिन्छ । यसमा जटिल, बहुअर्थी र व्यञ्जनात्मक अभिव्यक्ति दिने खालका पद-पदावलीहरूको प्रयोग राम्रो मानिदैन । बालसाहित्यमा बालबालिकाले रमाइ-रमाइ पढ्न सक्ने विषयवस्तु प्रयोग गर्नु महत्त्वपूर्ण हुन्छ (प्रधान, २०६७ : २५) ।

बालबालिकाका निम्ति स्वस्थ, उपयोगी शिक्षा, व्यवहारिक ज्ञान, मनोरञ्जन, कौतुहलता, नवीन सूचना प्रदान गर्ने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउने चलन छ । बालसाहित्य स्रष्टाकेन्द्री नभएर पाठक केन्द्री हुन्छ । यस्तो साहित्यमा पाठक एवम् भावकको उमेर, मानसिक स्तर, भाषाजस्ता कुराहरूको गम्भीरतापूर्वक विचार गरिन्छ । बालसाहित्यले

पाठ्यपुस्तकको उद्देश्यलाई पूरा नगर्न सक्छ। साहित्यिक सन्दर्भमा बालसाहित्यको आफ्नो महत्त्व र उपादेयता छ। यो प्रौढ साहित्यभन्दा भिन्न र पाठ्यपुस्तकभन्दा पनि भिन्न हुन्छ ( प्रधान, २०६९ : २०)। बालसाहित्य बालबालिकाको मनोजगत्लाई लक्षित गरेर सिर्जना गरिएको हुन्छ। यसमा बालबालिकाको रुचि र मनोरञ्जनलाई प्राथमिकताका क्रममा राखेर रचना गरिन्छ। बालसाहित्यमा पाण्डित्यपूर्ण व्याख्यान र उच्चकोटिको बौद्धिक अभिव्यक्तिबाट जोगिनु आवश्यक हुन्छ। यस्तो साहित्यमा बौद्धिक गफ वा पाण्डित्यपूर्ण व्याख्यान अपच र अस्वाभाविक मानिन्छ। बालसाहित्यको उद्देश्य मुख्यतः केटाकेटीको मानसिक, बौद्धिक, चारित्रिक तथा नैतिक विकासमा सहयोग पुऱ्याउनु हो (खड्का, २०५९ : १७)। यसले बालसाहित्य मनोरञ्जनकेन्द्री हुनुपर्छ भन्ने कुरामा जोड दिएको पाइन्छ।

## ३.३ नेपाली बालसाहित्यको विकास

कुनै पनि लिखित साहित्यको प्राक्रूप भनेको कथ्य साहित्य नै हो। नेपाली बालसाहित्यको उद्भव र विकास खोतल्दाखेरि लोक बालसाहित्यसम्म पुग्नु पर्ने हुन्छ। नेपाल बालसाहित्यको लेखन पूर्वदेखि नै नेपाली समाजमा बाल लोकगीत, बाल खेलगीत, बाल लोककथा, बाल प्रहसनहरूको प्रचलन भेटिन्छ। मौखिक साहित्यका ती विषयवस्तुहरू पूर्वजहरूबाटै कथ्य परम्परामै पुस्तान्तरण र हस्तान्तरण हुँदै आएको पाइन्छ। यसरी बालसाहित्यको जगमा हामी बाललोकसाहित्यको महत्त्वपूर्ण भूमिका पाउँछौं, लोकजीवनमा चिरकालदेखि प्रचलित लोककथा, गाउँखाने कथा, झोलुङ्गे गीत, खेल गीत र सामान्य गीत संग सम्बन्धित गीत र बाल कविताहरू पर्छन्। लोक बालसाहित्यका यी विधाहरू समाजमा परम्परागत रूपमा हस्तान्तरित हुँदै आएका हुन्छन् (बन्धु र अरू, २९४२ : ११)। यसरी बालसाहित्यको पृष्ठभूमि केलाउँदै जाँदा प्रागैतिहासिक लोकजीवनसम्म पुग्न सकिन्छ।

नेपाली लोक बालसाहित्यको कथ्य परम्परा जति नै प्राचीन भए पनि यसको लिखित परम्पराको थालनी धेरै पछि मात्र भएको देखिन्छ। राणा शासन कालको श्री ३ देव शमशेरको आगमन पूर्वको शैक्षिक क्षेत्र नै सीमित थियो। त्यतिबेला नेपाली जनताका छोराछोरीका निम्ति विद्यालय तथा क्याम्पस नखोलिएकाले साहित्यिक सिर्जना, रचनाको परिकल्पना गर्ने वातावरण नै थिएन। तत्कालीन उदारवादी राणा ३ महाराज देव शमशेरको (१९५७-१९५८) कार्यकालमा नेपाली जनताका निम्ति औपचारिक शिक्षा हासिल गर्ने विद्यालयहरू खोलिए। नेपाली भाषा साहित्यको विकासमा वि.सं. १९५८ मा गोरखापत्र पत्रिकाको प्रकाशनलाई एउटा महत्त्वपूर्ण उपलब्धिको रूपमा लिने गरिन्छ। तत्पश्चात्

उदारवादी एवम् सचेत अगुवा जय पृथ्वीबहादुर सिंहको योगदानलाई नेपाली भाषा साहित्यको श्रीवृद्धिका क्षेत्रमा उल्लेखनीय योगदानको रूपमा लिने गरिन्छ । वि.सं. १९५८ मा जय पृथ्वीबहादुर सिंहको 'बालबोध नं. १' प्रकाशित भएको पाइन्छ । यस कृतिलाई नेपाली भाषाको पहिलो बाल पाठ्यपुस्तक मान्ने गरिन्छ नेपाली बालसाहित्यको प्रारम्भिक चरणमा प्रकाशित जयपृथ्वी बहादुर सिंहको 'बाल बोध नं. १' बालसाहित्यको इतिहासमा एउटा महत्त्वपूर्ण ऐतिहासिक कृतिको रूपमा लिने गरिन्छ। यस कृतिले लिखित नेपाली बालसाहित्यको जग बसाल्ने काम गरेको भन्न सकिन्छ तसर्थ यस कृतिको ऐतिहासिक महत्त्व छ । बालसाहित्यअन्तर्गत बाल कविता, बाल कथा, बाल गीत, बाल नाटक, बाल निबन्ध, बाल नियात्रा आदि विविध विधाहरू पर्दछन् । त्यसैले यहाँनेर बालकविताबारे चर्चा परिचर्चा गर्नु आवश्यक देखिन्छ ।

## ३.४ बाल कविताको परिचय

बालबालिकाका मनोरञ्जन, आनन्द एवम् ज्ञानका निम्ति बालसम्बन्धित सामग्री तथा विषयवस्तुहरू समेटेर सिर्जना गरिने लयात्मक अभिव्यक्ति नै बाल कविता हो । यसले बालबालिकाहरूको जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सिर्जनात्मक प्रतिभालाई प्रस्फुटित र विकसित तुल्याउने, शब्दभण्डार अभिवृद्धि गर्ने, नैतिक र चारित्रिक विकास गराउने काम गर्दछ । कविताको प्राण, तत्त्व, लय र भाव हुने भएकोले बाल कविता बालबालिकाका निम्ति प्रिय हुन्छ । यसमा लयात्मकता हुने भएकोले श्रुतिमाधुर्यको पक्ष समेत प्रबल हुन्छ । पूर्वीय साहित्य सिद्धान्तअनुसार कविता पद्य भेद अन्तर्गत पर्दछ । त्यसो त अचेल गद्यमा समेत कविता रचिन्छ । कविता पद्य अथवा गद्य जसरी लेखिए पनि लयात्मकता यसको अनिवार्य तत्त्व हो सँगसँगै भाव प्रबलता पनि हुनु आवश्यक छ । बाल कवितामा भाव पक्षभन्दा पनि लयविधान संयोजन कलामा विशेष जोड दिने गरिन्छ । पद्य भेदअन्तर्गत पर्ने कविता, काव्य तथा गीत पनि गेयात्मक तथा श्रुतिमधुर हुने भएकाले बालबालिकाका निम्ति प्रिय मान्ने गरिन्छ। बालबालिकाका निश्चित विषयमा केन्द्रित रहेर आफ्नो मनका भाव एवम् विचारहरू संयोजन गरेर लयबद्ध तरिकाले गरिने अभिव्यक्ति नै बाल कविता हो। यो निश्चित उमेर समूहका बालबालिकाका लागि सिर्जना गरिन्छ। बाल कवितामा बालबालिकाको उमेर समूह, मनोविज्ञान, रुचि, जिज्ञासा, मनोरञ्जन, मौलिक, स्थानिक विषयवस्तु आदिमा विशेष ध्यान दिने गरिन्छ । यसको भाषा शैली सरल र सरस हुनु पर्दछ । बाल कविताको विषयवस्तुले बालबालिकाको मानसपटलमा निश्चित विषयवस्तुको

चित्राङ्कन गर्न सकोस् भन्नेतिर सर्जक, स्रष्टा जहिले पनि सचेत हुनु पर्दछ। बालकवितामा लामो, बोझिलो र बहुअर्थी हुनु हुँदैन। बाल साहित्य अन्तर्गतको बाल कवितामा सङ्क्षिप्तता, सरलता, लयात्मकता, गेयात्मकता, स्वाभाविकता र बालसुलभ जस्ता गुणहरू हुनु पर्दछ।

## ३.४.१. बालकविताका परिभाषाहरू

बाल कविता एवम् बाल कविताको सन्दर्भमा विद्वान् कृष्ण प्रसाद पराजुलीको अभिमत यसप्रकार रहेको छ;

बालबालिकाहरू पक्षीहरूझैँ शास्वत गाउन-रमाउन सक्ने साहित्यिक अभिव्यक्ति नै बालगीत एवम् बालकविता हो (पराजुली, २०४४ : ७१)। बालगीत एवम् बालकविताको सन्दर्भमा राष्ट्रकवि माधव घिमिरेको अभिव्यक्ति निम्न अनुसार रहेको छ, बालकहरूले गाउने गीतमा उनीहरूको अङ्ग प्रत्यङ्ग चल्नुपर्छ र सारा हृदय नै ढल्नुपर्छ।

बालगीत र बालकविताको प्रसङ्गमा प्रसिद्ध साहित्यकार रमेश विकलले यस्तो विचार प्रकट गरेका छन्, बालकविता वा बालगीतमा बालबालिकाको मनोरञ्जनका साथै केही ज्ञानको सन्देश दिने सूक्ष्म प्रवृत्ति हुन्छ। तर बालगीतको दोस्रो भेद शिशु गीत चाहिँ पूर्णतया मनोरञ्जनका लागि सिर्जना गरिएको हुन्छ।

बालगीत र बालकविताहरू सम्बन्धी उपर्युल्लिखित अभिमतका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने बालबालिकाका मनोरञ्जन विशेषणलाई प्राथमिकतामा राखेर रचना गरिएका कविता नै बालकविता हो। यसमा मूलभूत रूपमा बालबालिकाको मनोरञ्जनलाई मुख्य आधार बनाइएको हुन्छ। यसका साथै शिक्षा, अर्ती, उपदेश आदिको पनि अपेक्षा गरिएको हुन्छ। यसको भाषा शैली बालबालिकाले सहजै बुझ्ने खालको हुनु आवश्यक छ। बालबालिकाको वरिपरि पाइने सामग्री एवम् विषयवस्तुमा केन्द्रित रहेर तिनले राम्ररी र सजिलै बुझ्ने खालको शीर्षकमा बालकविता सिर्जना गर्नु उपयुक्त हुने देखिन्छ।

## ३.५ बालकविताका तत्त्वहरू

कुनै पनि साहित्यिक विधा निर्माणमा महत्त्वपूर्ण तत्त्वहरू भएझैँ बालकवितामा पनि महत्त्वपूर्ण तत्त्वहरू हुनु आवश्यक छ। विभिन्न तत्त्वहरूको उचित संयोजनबाट एउटा राम्रो बालकविताको सिर्जना हुन्छ। बाल कविताका तत्त्व भन्नाले बाल कविता सिर्जनाका लागि चाहिने आवश्यक घटक वा अङ्गहरू हुन्। विभिन्न विद्वान्हरूले बालकविताका तत्त्वहरूलाई निम्न अनुसार बताएका छन्;

(क) शीर्षक र संरचना

(ख) विषयवस्तु

(ग) भावविधान

(घ) लय

(ङ) भाषाशैली

(च) दृष्टिविन्दु

(छ) चित्र तथा साजसज्जा

कविताका उपर्युल्लिखित तत्त्वहरूबारे सङ्क्षिप्तमा चर्चा गर्नु आवश्यक छ ।

**(क)** **शीर्षक :** शीर्षक कविताको अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । यसले कवितामा प्रयुक्त वा वर्णित विषयवस्तुहरूको प्रतिनिधित्व गर्नुका साथै कविताको विषयवस्तुको मियो प्रदान गर्दछ । यसले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । कवितामा प्रयुक्त विषय र शीर्षक बीच अन्तसङ्गति रहनु पर्दछ । कविता निर्माणको ढाँचा नै संरचना हो । संरचनाद्वारा कविताको निर्माण हुन्छ । कवितामा सर्ग, अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई संरचना तत्त्व मानिन्छ । यसरी कवितामा शीर्षक र संरचनालाई महत्त्वपूर्ण तत्त्वको रूपमा लिने गरिन्छ ।

(ख) **विषयवस्तु :** कविताका लागि तयार गरिएको भावभूमि विषयवस्तु हो । कविले समाजबाट काव्य सिर्जनाको निम्ति काँचो सामग्री प्राप्त गर्छ । सर्जकले जीवन जगत्, मानवीय स्वभाव, प्रकृति, धर्म, संस्कृति र आफ्नो अनुभव आदिलाई विषयवस्तु बनाई काव्य रचना गर्छ । कविले कविता सिर्जनाको विषयवस्तु चयनमा जति सजगता र सचेतता अपनाउँछ कविता त्यति नै लालित्यपूर्ण हुन्छ । मानव जीवन र समाजका यावत विषयवस्तु बारे कविता सिर्जना गर्न सकिन्छ । यद्यपि विविध विषयवस्तुलाई एकै ठाउँ अथवा एउटै कवितामा जोडन खोज्दा त्यस्तो कविता कि त भद्दा हुन्छ कि दुर्बोध्य हुन्छ । यसको तात्पर्य के हो भने कविता हुनै निश्चित विषयवस्तु केन्द्री हुनु राम्रो मानिन्छ । विषयवस्तु काव्य सिर्जनाको आधार भएकाले जीवन जगत्का विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी काव्य रचना गर्न सकिन्छ ।

बालकविता बालबालिकाहरूलाई प्रिय लाग्ने कुनै वस्तु विशेषमा केन्द्रित हुनुपर्ने हुन्छ; जस्तै घाम, जून, खोलानाला, पहाड, उद्यान, फूल, मौरी, मकै, खरायो,

सिंह, जरायो, कछुवा, घडी, माछा, चरो, पुतली, आदि । यस्तो कवितामा कुनै ठाउँ, घटना, समय, चाडपर्व आदिको पनि बयान गर्न सकिन्छ; जस्तैः वन, सहर, गाउँ, ऋतु, चाडपर्व, हिमाल आदि । यसरी बालकवितामा बयान गरिने वस्तु वा चीज प्राणी, ठाउँ, समय, घटना आदिलाई कविताको विषयवस्तु भनिन्छ ।

**(ग)** **भावविधान** : बालकविताका विभिन्न तत्त्वहरू मध्ये भावविधान एउटा प्रमुख तत्त्व हो । यसमा कविताको विषयवस्तु अनुसार भाव वा विचार अनेक हुन सक्छन् । कुनै पनि भाव वा विचारलाई कलात्मक र लालित्यपूर्ण रूपमा अभिव्यक्त गर्दा सुन्दर र मनोहारी कविता सिर्जना हुन्छ । कविताको संरचना, कथन पद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा भाव वा विचारको अभिव्यक्ति हुन्छ । कवितामा बालशुलभ भावहरूलाई प्राप्त हुने मूल वस्नु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वका रूपमा लिने गरिन्छ । कवितामा भावकै माध्यमबाट अर्ती, उपदेश, नैतिकता, राष्ट्रप्रेम, प्रकृति प्रेम, जस्ता विभिन्न पक्षहरू उद्घाटित हुन्छन् । भावको सबलता र दुर्बलताकै कसीमा कविताको मूल्याङ्कन र सफलता आँकिन्छ । अतः बालकवितामा पनि भाव तत्त्वबारे ध्यान दिनु आवश्यक मानिन्छ ।

**(घ)** **लय** : बालकविताको एउटा महत्त्वपूर्ण तत्त्व लय हो । यसले कवितामा श्रुतिमधुरता थप्ने काम गर्दछ । लयले उच्चारणका क्रममा उत्पन्न आरोह-अवरोहगत साङ्गीतिक ध्वनि वा स्वरलाई जनाउँछ । कवितामा अनुप्रास र छन्दले लय उत्पन्न गर्दछ । अनुप्रासलाई ‘तुक’ भन्ने गरिन्छ । लयका दृष्टिले कविता छन्दयुक्त र छन्दमुक्त हुने गर्दछ । अनुप्रास अन्तर्गत पनि वृत्यानुप्रास, अन्त्यानुप्रासले लयगत मिठान भर्ने काम गर्दछ । छन्दयुक्त कवितामा छन्द र अनुप्रासको सुनियोजित व्यवस्था हुन्छ भने छन्दमुक्त कवितामा त्यस्तो विधानको अभाव हुन्छ । कवितामा लयको महत्त्वपूर्ण भूमिका त हुन्छ नै । बालकवितामा लयले झन् बढी प्रभावकारी भूमिका खेल्छ । बालबालिकाका निम्ति छन्द र अनुप्रासमुक्त गद्य कविताभन्दा पनि छन्द र अनुप्रासयुक्त पद्य कविता प्रभावकारी हुन्छ । लयले कवितालाई साहित्यको अन्य विधासंग छुट्याउने काम गर्दछ । अतः लय बालकविताको महत्त्वपूर्ण तत्त्व हो ।

**(ङ)** **भाषाशैली** : भाषा कुनै पनि भाव, विचार, आवेग, संवेग, अभिव्यक्त गर्ने माध्यम हो । शैली ती भाव र विचारहरूको अभिव्यक्तिको प्रकार हो । भाषाशैलीको अर्थ भाव प्रकाशनका लागि प्रयोग गरिने अभिव्यक्तिको ढङ्ग हुन्छ । गद्यात्मक वा पद्यात्मक

जस्तो भए पनि कविताको भाषा विशिष्ट हुन्छ। यसमा बिम्ब, अलङ्कार र प्रतीकहरूको प्रयोग गरिएको हुन्छ। प्रौढका लागि सिर्जना गरिने कविताको भाषाशैली जटिल प्रकारको हुन्छ भने कोमल मन मस्तिष्क भएका बालबालिकाहरूका लागि सिर्जना गरिने बालकविताको भाषा शैली सरल प्रकारको हुनु राम्रो मानिन्छ। बालकवितामा सरल, सरस, सहज बालशुलभ भाषाशैलीको प्रयोग गर्नु उपयुक्त हुन्छ। स-साना उमेरका बालबालिकाका लागि सिर्जना गरिने बालकवितामा लेख्य स्तरीय, शास्त्रीय, छन्दोबद्ध भाषाशैलीको प्रयोग गर्नु राम्रो मानिँदैन। बालकवितामा सामान्य कथ्य भाषाशैली, उनीहरूको वय, रुचि र क्षमताको ख्याल गरी बोधगम्य भाषाशैलीको प्रयोग गर्नु उचित देखिन्छ। अतः विचारको विनिमयको साधन भाषा र अभिव्यक्तिका तरिका वा ढङ्गले शैलीको कविता निर्माणमा महत्त्वपूर्ण भूमिका देखिन्छ। बालकवितालाई सरल, सरस र बोधगम्य तुल्याउन भाषाशैली तत्त्वको महत्त्वपूर्ण भूमिका रहन्छ।

(च) **दृष्टिविन्दु** : सर्जकले कवितालाई बाल पाठकसमक्ष उपस्थित गर्ने तरिकालाई दृष्टिविन्दु भनिन्छ। कवितामा वर्णनकर्ता को हो र त्यसमा मुख्यतः कसको वर्णन गरिएको छ भन्ने कुरा नै दृष्टिविन्दु हो। कवितामा दृष्टिविन्दु प्रथम पुरुषमा अथवा तृतीय पुरुषमा प्रयुक्त हुन्छ। दृष्टिविन्दु आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन्। आन्तरिक दृष्टिविन्दुमा प्रथम पुरुषको प्रयोग गरिएको हुन्छ भने बाह्य दृष्टिविन्दुमा तृतीय पुरुषको प्रयोग गरिएको हुन्छ (बराल र एटम, २०५६ : ३८)। बालकवितामा प्रथम पुरुष म, हामी वा तृतीय पुरुष ऊ, उनी, त्यो, तिनी वा कुनै नाम प्रयोग गर्ने गरेको पाइन्छ। दृष्टिविन्दु उपन्यास विधामा अनिवार्य तत्त्वको रूपमा रहे पनि कवितामा यसलाई गौण तत्त्वको रूपमा लिने गरिन्छ।

(छ) **चित्र तथा साजसज्जा** : बालकवितामा चित्र तथा साजसज्जालाई एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा लिने गरिन्छ। बालबालिकाहरू स्वभावैले चित्र तथा साजसज्जाप्रति बढी रुचि राख्ने गर्छन्। चित्रले तिनका मनलाई आकर्षित तुल्याउनुका साथै आनन्दसमेत प्रदान गर्दछ। अचेल प्रौढका निम्ति लेखिने कवितामा पनि चित्र प्रयोग गर्न थालिएको अवस्थामा बालसाहित्यमा चित्र एउटा आवश्यक तत्त्वको रूपमा रहेको छ। चित्र एवम् साजसज्जाले बालसाहित्यलाई प्रौढ साहित्यबाट पृथक देखाउने काम गर्दछ। चित्रका माध्यमबाट बालबालिकामा विषयवस्तुको सरल

तरिकाले समप्रेषण गर्ने काम हुन्छ । यसैले उनीहरूका लागि सिर्जित बालकवितामा चित्रको प्रयोग सर्वथा उपयुक्त हुन्छ । चित्रको प्रयोगले बाल मानसपटलमा बिम्बाङ्कन गर्न मद्दत पुऱ्याउँछ र त्यो बिम्बाङ्कनले धेरै पछिसम्म सम्भन सजिलो हुन्छ । यसरी चित्र तथा साजसज्जा बालकविताको लागि एउटा अपरिहार्य तत्त्व नै हो ।

यी विभिन्न तत्त्वहरूको समूचित संयोजनबाट सिर्जित बालकविता बालबालिकाका निम्ति चित्ताकर्षक, आह्लादकारी र भरपर्दो हुन्छ । बालकवितामा बालमनोविज्ञान अनुकूलकै सामग्री, विषयवस्तु, सरल र सुबोध भाषाशैलीको यथोचित प्रयोग आवश्यक हुन्छ ।

## ३.६ नेपाली बालकविताको विकासक्रम

नेपाली भाषामा व्यापक रूपमा लेख रचना प्रकाशनमा गोरखापत्र (वि.सं. १९५८) को प्रकाशन महत्त्वपूर्ण मानिन्छ । प्रारम्भमा संस्कृत भाषा साहित्यबाट अनुवाद रूपान्तरण हुँदै नेपाली भाषाको मौलिक लेखनारम्भमा नेपालबाटै प्रकाशित भएको गोरखापत्रको प्रकाशन हरेक हिसाबले महत्त्वपूर्ण रहेको छ । तत्पश्चात् विभिन्न नेपाली सर्जक स्रष्टाहरूले नेपाली भाषामा सक्रियताका साथ द्रुत गतिमा साहित्य रचना गर्न थाले । नेपाली बालसाहित्यको क्षेत्रमा अलिक पछि नै कलम चलेको पाइन्छ । नेपाली बालकविताको सचेत लेखनको प्रयास 'गोरखा प्रथम भाग' (वि.सं. १९७२) बाट भएको मानिन्छ । यस पुस्तकमा चक्रपाणी चालिसे, लेखनाथ पौड्याल र राममणि आ.दी. आदिका कविता सङ्गृहीत-प्रकाशित छन् । उक्त पुस्तकमा प्रकाशित कवितामध्ये दशैं, तिहार, ईश्वरस्तुति, हिउँदका दिन, इन्द्रधनु आदि राम्रा कविता मानिन्छन् (अर्याल, २०५४ : ३४) । यी कविहरूले सजग रूपमा बालकविता त लेखेनन् यद्यपि तिनमा बालकवितामा हुनुपर्ने अपरिहार्य पक्षहरू भने समावेश भएको पाइन्छ ।

'गोरखा प्रथम भाग' मा प्रकाशित कवि लेखनाथ पौड्यालका कविताहरू किटेर बालकविता नै भनिएका छैनन् । तर पनि उनका कवितामा बालकवितामा हुनुपर्ने तत्त्वहरू भाषाको सरलता, लयात्मकता र गेयात्मकता भने पाइन्छन् । उनका बालकविताहरू पदलालित्यपूर्ण, नीति, उपदेशयुक्त, मनोरञ्जनपरक र भक्तिभावनायुक्त छन् । रोचक, नीतिपरक र औपदेशिक विषयवस्तु, भाषिक सरलता, परिष्कृत र परिमार्जित शैली उनका कविताका वैशिष्ट्य हुन् । लेखनाथ पौड्यालका कविताहरू लयबद्ध भएकाले बालबालिकाहरू सहजै कण्ठाग्र गर्ने खालका छन् । उनका जयजगदीश्वर, पिँजराको सुगा, हिउँदका दिन,

दशैँ, तिहार प्रभावकारी र रोचक कविताका उदाहरणहरू हुन् । यी कविताहरूका माध्यमबाट बाल हृदयलाई आनन्दित तुल्याउन कवि लेखनाथ पौड्याल सफल देखिन्छन् । बालकविताका क्षेत्रमा देशभित्र मात्र नभएर देशबाहिरबाट पनि महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । नेपाल बाहिरबाट बालकविताका क्षेत्रमा पुगेको योगदान अविस्मरणीय देखिन्छ । यस प्रसङ्गमा भारतको दार्जिलिङमा बसोबास गर्ने नेपाली भाषीहरूको अग्रणी भूमिका देखिन्छ । बालकविता सिर्जनाका क्षेत्रमा दार्जिलिङका नेपाली भाषीहरूको समूहगत प्रयास सराहनीय मानिन्छ । दार्जिलिङका प्रसिद्ध साहित्यकार पारसमणि प्रधानले त्यहाँको म्याकमिलन एण्ड कम्पनीका निम्ति धेरै पाठ्यपुस्तक लेखिएको पाइन्छ । प्रधानले थुप्रै कविताहरू पनि लेखेका छन् । उनका कविताहरू गोर्खाली, चन्द्रिका, गोर्खा संसार, तरुण गोर्खा, भारती र गोर्खे खबर कागजजस्ता पत्रिकामा प्रकाशित छन् (जोशी, २०४५ : २९) । पछि ती कविताहरू 'जलमाया' मा सङ्गृहीत छन् । कवि प्रधानका सिंह र मुसो, पशुपंक्षीको युद्ध, गोठालो र बाघ, जाली माकुरा बालकविताहरू हुन् । यी कविताहरूमा कलात्मक प्रस्तुति पाइन्छ । उनका केही कविताहरूमा प्राकृतिक सौन्दर्यको चित्रण र देशप्रेमको भावना समेटिएको पाइन्छन् । दार्जिलिङमा पारसमणि प्रधानले बालसाहित्यको क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण मानिन्छ । नेपाल भित्र र नेपाल बाहिर बालकविताको क्षेत्रमा देखिएको यो प्रयास प्रजातन्त्र आगमन (२००७) पूर्वको अवस्था हो । यसलाई नेपाली बालकविता क्षेत्रको पृष्ठभूमिको रूपमा चर्चा गर्न सकिन्छ । बालकविताको क्षेत्रमा भएका यी प्रयासहरूलाई महत्त्वपूर्ण मान्नु पर्दछ किनभने यी प्रयासहरूले नेपाली बालकविता लेखनलाई आधारशिला प्रदान गरेको छ ।

नेपालमा राणा प्रधानमन्त्री देव शमशेरको शिक्षाप्रतिको उदारवादी नीतिका कारण गोरखापत्रको स्थापना र ठाउँ ठाउँमा जनताकालागि खोलिएका विद्यालयहरूले पनि धेरै साहित्य सिर्जनामा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । नेपालमा वि.सं. २००७ सालमा लोकल्याणकारी प्रजातन्त्रको आगमन पश्चात् यहाँको सिर्जनात्मक लेखन तुलनात्मक रूपमा फस्टाउन थालेको पाइन्छ । देशमा प्रजातन्त्रको स्थापना पश्चात् बालकविता सिर्जनाको क्षेत्रमा केही सचेत र क्रियाशील प्रयासहरू भए । यस क्षेत्रमा बालकविता/गीत लेख्ने जमर्को कविहरूले सुरु गरे । त्यतिबेला धेरै नेपाली सर्जकहरूले बालकविता लेखन आरम्भ गरे । तर ती सबै प्रतिभाहरूमध्येका एक प्रतिभाशाली कवि हुन् लक्ष्मीप्रसाद देवकोटा । उनले बालबालिकाको रुचिलाई र मनोविज्ञानलाई बुझी बाल्य अभिरुचिअनुरूप साहित्य

सिर्जना गरेको पाइन्छ। प्रतिभासम्पन्न कवि देवकोटाका बालकविताहरू अग्रपङ्क्तिमा लिने गरिन्छ। उनका 'पुतली - १' (२००९), सुनको बिहान (२००९), पुतली - २ (२०१०) र चिप्ला पातहरू यस समयका महत्त्वपूर्ण उपलब्धिहरू हुन्। बाल मनोविज्ञान अनुरूप लेखिएका यी काव्य कृतिहरूमा राष्ट्र प्रेम, ईश्वरप्रति विश्वास, भविष्यप्रति आशावादी विचार, विश्वबन्धुत्व, आमाको अमरताको सन्देश, सदाचार र सत् चरित्रको निर्माणजस्ता विषयप्रति जोड दिइएको पाइन्छ। यी कविताहरूमा आदर्शवादी लेपन पाइन्छ। देवकोटा स्वयम् स्वच्छन्दतावादी कवि भएकाले कविताको माध्यमबाट आस्तिकवादी विचार सम्प्रेषण गर्नु स्वभाविक देखिन्छ। देवकोटाको बालकवितामा सबभन्दा पहिलो काव्य 'राजकुमार प्रभाकर' (१९९७) हो। यस बालकवितामा लोककथालाई विषयवस्तुको रूपमा प्रयोग गरिएको छ। प्रस्तुत काव्य कृतिमा एकाध ठाउँमा सरल भाषाकै प्रयोग भएको पाइन्छ (प्रधान, २०५३ : ४४)।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले ऐतिहासिक भावभूमिलाई आधार बनाएर 'कटक' रचना गरेको देखिन्छ। यो प्रवास कालमा रहँदा लेखिएको काव्य कृति हो। उनको अर्को कृति 'छाँगासँग कुरा' (२०२६) मा तेह्रवटा कविताहरू सङ्कलित छन्। यस कृतिमा प्राकृतिक सुन्दरताको वर्णन र परिवर्तनलाई समेत प्रस्तुत गरिएको छ। यस काव्यको शैली र भाषा आकर्षक र सरल छ। लक्ष्मीप्रसाद देवकोटाले बालबालिकाकै लागि भनेर बालसाहित्य लेखिएको र सङ्ख्यात्मक रूपमा उनका कृति बढी भएकाले उनी प्रजातन्त्र उत्तरका एक केन्द्रीय बाल कविका रूपमा स्थापित भएका हुन् (कटुवाल, २०५० : ६८)। यस कालखण्डमा देवकोटाले परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले धेरै कविता रचेका छन्। उनको कविताका गुणात्मक पक्ष भने कमजोर मान्नु हुँदैन। गुणात्मकताका दृष्टिले देवकोटा अग्रज बाल कवि हुन्। देवकोटाको आगमनपछि नेपाली बालकविताका क्षेत्रमा राष्ट्रकवि माधव घिमिरेको महत्त्वपूर्ण योगदान मानिन्छ।

नेपाली साहित्यको प्रथम चरणका महत्त्वपूर्ण बालसाहित्य लेखकहरूमा माधवप्रसाद घिमिरे, ध्रुव दवाडी, देवकुमारी थापा, कृष्णप्रसाद पराजुली र परशु प्रधान हुन्। नेपाली बालकवितामा कवि माधव घिमिरेको उल्लेखनीय योगदान रहेको छ। उनका बालकविताहरू 'घामपानी' (२०१२), 'बाललहरी' (२०२०) र 'सुनपङ्खी चरी' (२०५३) मा सङ्गृहीत छन्। बालबालिकाको रुचि, मनोभाव अनुकूल, बालसुलभ भाषा प्रयोग गरेर लेखिएका घिमिरेका बालकविताहरू मनोरञ्जन केन्द्री छन्। अर्ती उपदेश, नैतिकता, सदाचार आदिमा केन्द्रित

उनका बालकविताहरू नेपाली बालसाहित्यका निम्ति महत्त्वपूर्ण उपलब्धि मानिन्छन् (प्रधान, २०५३ : ९९)। माधव घिमिरेपछि बालसाहित्यलाई महत्त्वपूर्ण योगदान पुऱ्याउने कवि कृष्णप्रसाद पराजुली हुन्। उनी 'नानीका कवि' उपनामले चिनिन्छन्। कवि पराजुलीका 'रमाइला नानीका तीन भाग' (२०२२-२०२५) कवितासङ्ग्रह प्रकाशित छन्। उनका अन्य कृतिहरू 'जूनतारा' (२०२४), चरी आयो (२०४७) मा समेत बालकविताहरू सङ्कलित छन्। पराजुलीका 'रमाइला नानी' भाग १-३ निकै लोकप्रिय र चर्चित बालकविता सङ्ग्रहहरू हुन्। उनका कविताहरूमा प्रकृति, पशुपक्षी, राष्ट्रप्रेम, नेपाली समाज र संस्कृति र बालखेल जगत्जस्ता विविध विषयवस्तुहरू समेटिएको पाइन्छ। पराजुली बालभाव र शिल्पलाई सिङ्गार्न सफल देखिन्छन्। उनले आफ्ना कवितामा बाल्य संसारको सजीव तस्विर उतारेका छन्। पराजुलीका बालकवितामा लय पक्षलाई समेत राम्ररी संयोजन गरिएको पाइन्छ।

नेपाली बालकविताको इतिहासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने स्रष्टा कुलमणि देवकोटा हुन्। उनको 'पुतलीको फूल' (२०५८) मा प्रकाशित कृति हो। उनको 'पुतलीको फूल' बाल कविता सङ्ग्रहमा १९ वटा कविता सङ्कलित छन्। मनोरञ्जन, हाँस्य, सङ्क्षिप्तता आत्मपरक शैली उनको कविताका विशेषता हुन्। बालकवितामा योगदान पुऱ्याउने अर्का स्रष्टा कृष्णप्रसाद दुवाल हुन्। दुवालका 'मेरो गाउँघर' (२०२५), 'कमिलाको ताँती' (२०४८) र 'बालबाटिका' (२०५१) बालकविता संगह्रहरू प्रकाशित छन्। यिनका कवितामा राष्ट्रिय चेतना, प्रकृति, पशुपक्षी, सामाजिक जनजीवनजस्तो विषयवस्तु भेटिन्छन्। नेपाली बालसाहित्यअन्तर्गत बालकविता सिर्जना गर्ने नारी सर्जक मधुकरी कर्माचार्य हुन्। उनको 'इन्द्रेणी' (२०२५) कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। कर्माचार्यका कवितामा गेयात्मकता र बाल विषयहरू भेट्न सकिन्छ। कोमल पदावलीको प्रयोग र अनुप्रासको उचित संयोजनले उनका कवितामा लालित्य थपेको पाइन्छ।

नेपाली बालकवितामा धेरै सर्जक स्रष्टाहरूले उल्लेखनीय योगदान दिएको पाइन्छ। यसै प्रसंगमा कवि बालकृष्ण पोखरेलको महत्त्वपूर्ण योगदान देखिन्छ। पोखरेलका 'साना नानी' (२०५५) र 'रसिला' गरी दुईवटा बालकविता सङ्ग्रहहरू प्रकाशित छन्। उनका कविताहरूमा राष्ट्र प्रेम, मनोरञ्जन, हाँस्य भाव आदि भेट्न सकिन्छ। साथै लोकलय र वर्णमात्रिक छन्दमा यी कविताहरू रचिएका छन्। बालसाहित्यमा विशेष योगदान पुऱ्याउने स्रस्टा दैवज्ञ राज न्यौपाने हुन्। उनी बाल दृश्यलाई चट्ट छोएर कविता सिर्जना गर्न सक्ने

क्षमता राख्ने प्रतिभाशाली कवि हुन् । कवि न्यौपानेका तिनटा बालकविता सङ्ग्रहहरू प्रकाशित छन् । उनका 'तोतेबोली' (२०३८), 'गाउँखाने कविता' (२०४३) र 'बालसंसार' (२०५३) प्रकाशित छन् । न्यौपानेका बालकविताहरूमा प्राकृतिक सौन्दर्य, राष्ट्रप्रेम, बालखेलजगत्, बालसंसारलाई कलात्मक हिसाबले संयोजन गरिएको पाइन्छ । यसै शृङ्खलामा महत्त्वपूर्ण योगदान पुऱ्याउनेमा नरेन्द्र चापागाईको नाम आउँछ । चापागाईका 'पुतलीको घर' (२०४१), 'बाँ बाँ बाच्छी' (२०४४), 'पानी पानी' (२०४९) र 'मङ्गेरी' (२०५१) कविता सङ्ग्रहहरू प्रकाशित छन् । यसै प्रसंगमा प्रेमा शाह र काशीराज सुवेदीका बालगीत भाग १ र २ (२०४५) चर्चित रहेको पाइन्छ ।

नेपाली बालसाहित्यमा सक्रियतापूर्वक योगदान पुऱ्याउने स्रस्टामा प्रगतिवादी सर्जक श्यामप्रसाद शर्मा पर्दछन् । शर्माका 'मेरो सानो साथी' (२०४२), 'हामी हुन्छौं बलियो' (२०५२), 'हाम्रो इच्छा' (२०५६), 'केही कविता केही गीत' (२०४३) बालकविता सङ्ग्रहहरू छन् । उनका अठार वटा मुक्तक छन् । बालबालिकाहरूमा आपसी सद्भाव र स्नेहको विजारोपण गर्ने, सच्चरित्रता र इमान्दारीको पाठ पढाउने, मिहिनेत र परिश्रमको आवश्यकता बोध गराउने उद्देश्यबाट उत्प्रेरित भई लेखिएका श्यामप्रसादका कविताहरू छोटा र लयात्मक छन् । उनका कविताहरू मूलतः अर्ती उपदेशमूलक छन् (बन्धू, २०४६ : २८) ।

नेपाली बाल कविताको विकासमा युगकवि सिद्धिचरण श्रेष्ठको अग्रणी भूमिका देखिन्छ । यसमा सिद्धिचरण श्रेष्ठका फुटकर कविताहरूको विशेष स्थान देखिन्छ । उनका फुटकर कविताहरू सरल नेपाली साहित्य, ज्ञानमाला, नेपाली साहित्यजस्ता विभिन्न बाल पाठ्यपुस्तकहरूमा प्रकाशित हुनुका साथै तिरमिर तारा (२०४५), प्रकाशनमा आएको कृति हो । उनका कविताहरूले बालबालिकालाई इमानदारिता, शिक्षा, सत्य, देशभक्ति र स्वावलम्बनतर्फ लाग्ने प्रेरणा दिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका केही कविता परम्परागत शैलीबाट प्रभावित छन् । केही बालकविता देवकोटाको प्रश्नोत्तर कविताको शैलीबाट प्रेरित र प्रभावित देखिन्छन् (प्रधान, २०६५ : ६०)

नेपाली बालकविताका क्षेत्रमा अत्यन्त थोरै तर राम्रा कविता दिएर योगदान पुऱ्याउने कवि युद्धप्रसाद मिश्र हुन् । उनका ९ वटा बालकविता मात्र प्रकाशित छन् । मिश्रका ९ वटा बालकविताहरूमध्ये बाल कोसेली पत्रिकामा ७ वटा कविताहरू र 'बाढी' कविता सङ्ग्रहमा २ वटा कविताहरू प्रकाशित छन् । तीमध्ये ८ वटा कविताहरू

पुनर्प्रकाशन गरिएका छन् । मिश्रले आफ्ना बालकविताका माध्यमबाट समानता, न्याय, वैज्ञानिक दृष्टिकोण, चेतना र आशाको सञ्चार गराई समाज र देशका सक्षम नागरिक बन्न उत्प्रेरणा प्रदान गरेको पाइन्छ (प्रधान, २०६५ : ६१) ।

बालसाहित्यमा सशक्त ढङ्गबाट कलम चलाउने अर्का साहित्यकार दुर्गालाल श्रेष्ठ हुन् । उनले आफ्नो नेपाल मातृभाषामा र नेपाली भाषा साहित्यमा विभिन्न विधामा सिर्जना रचना गरेका छन् । उनी विमातृक नेपाली भाषी भए पनि नेपाली भाषा साहित्यलाई ठूलै गुण लगाएको पाइन्छ । उनका नेपाल भाषाका फुटकर कविताहरू 'बाल कोसेली' पत्रिकामा प्रकाशित छन् । श्रेष्ठका बालकविताहरू लय प्रधान, अनुप्रासयुक्त, मनोरञ्जन केन्द्र, नैतिक सन्देशमूलक पाइन्छन् । बाल मनमस्तिष्कलाई आकर्षित गर्न सक्ने र मार्मिकताले पूर्ण उनका कविताहरू बालसाहित्यका विधि हुन् । उनी विमातृक नेपाली भाषी भएर पनि नेपाली भाषी बाल कविताका क्षेत्रमा अहम् योगदान दिने स्रष्टा हुन् ।

बाल साहित्यको पछिल्लो समय निकै उर्बर देखिन्छ । यस क्षेत्रमा देखा परेका अर्का कवि भानुभक्त पोखरेल हुन् । 'फूलबारी' (२०४३) बाल कविता सङ्ग्रह लिएर देखापरेका पोखरेलका कवितामा बालसुलभ कोमल भावनालाई उनीहरूकै भाषा र बोलीमा टिपेर काव्यिक अभिव्यक्ति दिन खप्पिस देखिन्छन् । 'फूलबारी' बाल कवितासङ्ग्रहमा सङ्गृहीत पच्चीस वटा बाल कविताहरू राम्रा र अनुप्रासयुक्त मिठा पनि छन् । पोखरेलका बालकवितामा राष्ट्रिय भावना, प्रकृति चित्रण, नेपाली जनजीवनका विविध पक्षमा मात्रै केन्द्रित नभई बालबालिकाहरूलाई मनोरञ्जन दिन सफल मानिन्छन् ।

बालकविताका क्षेत्रमा विभिन्न स्रष्टाहरूले महत्त्वपूर्ण योगदान पुर्‍याएका छन्; यस क्षेत्रमा अगाथा पाखिन थापाका 'मुसाको जोखिमपूर्ण यात्रा' (१९९८ इ.) र 'चटके मुसा' (२००० इ.), अच्युत घिमिरेको 'नानीका गीतहरू' (२०६३), 'आस्था' प्रकाशकको आस्था बालगीत (२०४९), उन्नति शीला बोहराको 'काफल पाक्यो' (२०६१), उर्मिला लामिछानेका 'कविता कोसेली' (२०६३) र 'चराको चिरबरि' (२०६३) प्रकाशन भएको पाइन्छ । यसै सन्दर्भमा एडोन रोगोङ्ग लेप्चाको नेपाली बालगीत माला (२०४७), कपिलमणि ज्ञवालीको 'धान कुटी चामल' (२०६३), कलानिधि दाहालको 'स्वदेश गौरव' (२०३८), काजीमान कन्दङवा र विपिनदेव ढुङ्गेलको 'नानीका गीत' (२०३६), काशीराज सुवेदीको 'कस्तुरी क' (२०५१), खिरोदा खड्काको 'बालबाटिका' (२००२ इ.), गङ्गा पौडेलको ओजु र डाँफे (बालकाव्य, २०६५), गीता सापकोटाको 'पुरस्कार' (२०६४), गोपाल योञ्जनको 'गीत

मञ्जुरी' (२०५०), गोरखबहादुर सिंहका 'बाललीला' (सम्पादन २०५७), बालमेला (सम्पादन, २०५८) र 'खरायो र कछुवाको दौड' (२०६३), जगत् प्रेक्षितको 'कमिलाको एकता' (२०५९), जगदीशचन्द्र भण्डारीको 'आँखाका यी नानी' (२०५९), जनकप्रसाद हुमागाइँको 'नानी पढ्छ' (२०६०), जयप्रसाद पौडेलको 'नानीको साथी' (२०५३), ज्योति शाक्यको 'चिरिबिरी', झपेन्द्र क्षेत्री 'सरल' को 'पीर नभएको संसार' (२०६२), तारा पौडेल (बराल) को 'जून साथी' ( २०६४) प्रकाशित भएको पाइन्छ । यस क्षेत्रमा नन्दराम लम्सालको 'मीठा कुरा' (२०३१), नन्दु उप्रेतीका 'हामी साना लालाबाला' (२०६०) र 'सानी सानी पुतली' (२०६०), नर्मदेश्वरी सत्यालको 'छुनुमुनु छुनुमुनु' (२०६१), नैनसिंह योन्जनको 'बाल सङ्गीत' (१९७९ इ.), पुरण शाक्यको 'सबै रङ्गहरूको साथी, पुष्पलता आचार्य (२०१५) का 'दिदीका कविता' (२०६३), 'ज्ञानी छोरी' (बालकाव्य, २०६३), 'दिदी भाइ' (बालकाव्य, २०६३), 'फूल' (बालकाव्य, २०६३), 'आमा छोरा' (बालकाव्य, २०६३), 'चरी' (बालकाव्य, २०६३) र 'सानो बाबु' ( बालकाव्य, २०६३), पेशल आचार्यको 'कमिलाको ताँती' (२०६०), पोखरेली काकाको 'काकाको अर्ती नानीलाई फूर्ति' महत्त्वपूर्ण उपलब्धि हुन् ।

नेपाली बालकविताको क्षेत्रमा बलभद्र भारतीको 'नयाँ नयाँ साथी' (२०५९), बसुश्री पाण्डेको 'ज्ञानी बनौँ' (२०५७), 'हावा चल्यो' (२०५८), भक्त कार्कीको 'खोई मेरो खेलौना ?', भगवती जोशीको 'पुतलीको बिहे' (२०६०), भोलानाथ पौडेलको 'बालगीतिका', मधुकारी कर्माचार्यको 'इन्द्रेणी' (२०१७), मधुसून गिरीको 'धर्तीकी परी' (२०६५), मान्लदचद्धभ साग्निको 'गीतमाला' (२०६४), मित्रलाल पंज्ञानीको 'टाकुरामा जाऔँ' (२०५९) र 'सपनामा उडेको' (बालकाव्य, २०६१), यादवप्रसाद मैनालीको 'बच्चुको जङ्गलयात्रा' (बालकाव्य, २०६३), रमेश शुभेच्छुको 'आमाको माया' (बालकाव्य, २०६१), शुभेच्छु र गीता सापकोटाको 'उपहार' (संयुक्त कवितासङ्ग्रह, २०६६), राजभाइ जकःमिको 'खरायो र सिंह' (२०६४), रामविक्रम पापाको 'बालपोष' (२०६०), रामेशको 'राम्रो नराम्रो', रुकु कार्कीको 'लाली गुराँस' (२०६४), लालगोपाल सुवेदीका 'देवता जस्तै नेपाली, मन्दिरजस्तै नेपाल' (२०६१) र 'पुतलीलाई जामा' (२०६१), विश्वनाथ भण्डारीको 'ताते नानी' प्रकाशित कृतिहरू हुन् । यस समयमा प्रकाशित यी कृतिहरूमा विभिन्न विशेषताहरू पाइन्छन् (प्रधान, २०६९, ९८-९९) । यसरी नेपाली बालकविताका क्षेत्रमा धेरै सर्जकहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । ती सबैको योगदानले नेपाली बालकविताको क्षेत्र भरिभराउ भएको पाइन्छ ।

नेपाली बालकवितामा फुटकर कविता सिर्जना गरेर धेरै स्रष्टाहरूले गुण लगाएको

पाइन्छ। यस प्रसंगमा विष्णु भट्ट, बी.बी. सिंह (१९९०-२०५६), रत्न शमशेर थापा, कालीप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी, भाउपन्थी, मञ्जुल, अच्युतरमण अधिकारी, नारायण तिवारी, मुन पौडेल, श्रीहरि फुयाँल, विजय सुब्बा, इन्द्रकुमार श्रेष्ठ 'सरित', राधाकृष्ण भट्टराई, उमा मिश्र, रासा, हेमराज पाण्डे 'अभागी', सुनिल पुरीलगायत नयाँ पुस्ताका धेरै कविहरू पर्दछन् (प्रधान, २०६९ : १००)।

## ३.७ नेपाली कविताको विकासक्रम

### ३.७.१ पृष्ठभूमि

नेपाली भाषाको उद्विकासमा जनश्रुति परम्पराको महत्त्वपूर्ण भूमिका देखिन्छ। नेपाली भाषाको विकासमा कथ्य साहित्यका लोक कथा, लोक गीत, लोक गाथा, चाँचरी आदिको महत्त्वपूर्ण भूमिका देखिन्छ। मौखिक परम्पराबाट हुर्किएको नेपाली भाषामा वि.सं. १०३८ देखि मात्र लिखित अभिलेखहरू फेला पर्न थालेको देखिन्छ। वि.सं. १०३८ को राजा दामुपालको अभिलेख नै नेपाली भाषाको सर्वप्राचीन हालसम्म प्राप्य लिखित अभिलेख हो ( श्रेष्ठ र शर्मा, २०६५ : ९७)। नेपाली भाषाको प्रारम्भिक चरण लोकसाहित्य र तत्पश्चात् लिखित साहित्यको अवधि हो। नेपाली भाषाको लिखित प्रमाण १०३८ देखि नै फेला परे पनि वि.सं. १०३८ देखि १८०० सम्मको लामो कालखण्डमा खासै साहित्यिक सिर्जना भएको पाइँदैन। विक्रमाब्दको उन्नाइसौँ शदी अर्थात् पृथ्वीनारायण शाहको उदयपछि मात्र विस्तारै साहित्य सिर्जना हुन थालेको पाइन्छ। पृथ्वीनारायण शाहको उदय र शासन कालसँग लिखित नेपाली साहित्यको आरम्भ भएको मानिन्छ। १९ औँ शताब्दीभन्दा अघिदेखि नै छिटपुट रूपमा केही फुटकर लेखहरू फेला परे पनि कवितात्मक अवयवयुक्त कविता पाउने सम्भावना ज्यादै कम देखिन्छ। नेपाली साहित्यको विकास क्रमलाई केलाएर हेर्दा वि.सं. १८२६ नै आधार विन्दुको रूपमा देखापर्दछ। यहाँ नेपाली कविताको विकासक्रमलाई कालगत आधारमा विभाजन गरेर उल्लेख गर्नु उपयुक्त देखिन्छ।

### ३.७.२ प्राथमिक काल (वि.सं. १८२६ - १९४०)

नेपाली कविताको प्राथमिक कालअन्तर्गत वि.सं. १८०० देखि शृङ्गारिक कवि मोतीराम भट्ट आगमन पूर्वसम्मको समयलाई लिने गरिन्छ। नेपालको एकीकरण अभियानसँगै आरम्भ भएको नेपाली कविताको विकासक्रममा राज्य एकीकरणलाई नै आधार मानी नायकको (राजाको) शूरता र वीरतालाई केन्द्रीय विषयवस्तु बनाई कविता सिर्जना गरिएको पाइन्छ। ती कविताहरू वीर रस प्रधान पाइन्छन्, प्रारम्भको समय राज्य विस्तार

गर्ने समय भएकोले त्यस समयमा उत्साहरूपी भाव झल्किने कविता रचना गरी राज्य विस्तारमा संलग्न योद्धाहरूलाई उत्साहित तुल्याउन शासकहरूको स्तुति र वीरताको गायन गर्दै कविता सिर्जना गरिएको पाइन्छ। यस कालमा रचिएका कविताहरू राजा र तिनका सिपाहीहरूको साहस र उत्साह वृद्धिका लागि विरुदावली गाइएको पाइन्छ। प्राथमिक कालीन नेपाली कविताको प्रेरक परिवेशको रूपमा पृथ्वीनारायण शाहको अगुवाइमा नेपाल एकीकरण अभियान, नेपाल - अंग्रेज युद्ध एवम् सुगौली सन्धि, कोतपर्व एवम् जंगबहादुर राणाको अभ्युत्थान तथा जहानियाँ राणा शासनको पहिलो पुस्ताको घटनाक्रमको परिवृत्तमा केन्द्रित देखिन्छ (त्रिपाठी र अन्य (सम्पा.), २०५३ : १०३)।

प्राथमिक काललाई दुईवटा धारामा विभाजन गरेर अध्ययन गर्ने चलन रहेको छ। यसको पूर्वाद्ध धारा अन्तर्गत (१८२६ देखि १८७२ अर्थात् सुगौली सन्धि पूर्वको कालखण्डलाई समावेश गर्ने चलन छ भने सुगौली सन्धि वि.सं. १८७३ देखि वि.सं. १९४० सम्मको अवधिलाई उत्तराद्ध भनेर अध्ययन गरिँदै आएको पाइन्छ। प्राथमिक कालको पूर्वाद्धको समयमा वीररस प्रधान कविताहरू सिर्जना भएको पाइन्छ। यस धारालाई वीरधारा भनेर अध्ययन गरिँदै आएको पाइन्छ। यस धाराका अन्य कविहरूमा शक्ति बल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधा बल्लभ, सुन्दरानन्द बाँडा आदि पर्दछन्। यस धाराका केन्द्रीय कविका रूपमा उदयानन्द अर्ज्याल देखापर्दछन्। वीर धाराका कविताहरूमा युद्ध वर्णन, वीर वन्दना, राजभक्ति, राजनैतिक सचेतता, शासक स्तुति, देशप्रेम र राष्ट्रियता, नैतिक चेत र व्यङ्ग्य चेतना आदि भावहरू प्रकट भएको पाइन्छ। प्राथमिक कालको उत्तराद्ध चरण (१८७३-१९४०) सम्मको समयलाई भक्तिधारा भनेर अध्ययन गरिन्छ। यो धारा देवगीत (सगुन, मागल, विभिन्न फाग/चैत र अन्य गाथा, भजन, व्रत-पर्वका गीत गाथा, बालुन आदि) को नयाँ आयाम विस्तारको रूपमा देखा पर्दछ। सुगौली सन्धिबाट नेपालको पराजय भएपछि यहाँका योद्धाहरूको मनोबलमा ह्रास आउनुका साथै समस्त नेपालीजन मानसिक रूपमा विफल रहेको अवस्थामा भक्तिधारामा सिर्जित कविताले मलम पट्टिको काम गरेको देखिन्छ। भक्ति धारालाई धार्मिक आध्यात्मिक धारा पनि भनिएको पाइन्छ। यस धारा अन्तर्गत सगुण र निर्गुण भक्ति भावको कविता रचिएको पाइन्छ। सगुण भक्ति धारा अन्तर्गत कृष्ण, आध्यात्मिक र दिव्य गुणको बारेमा भाव समेटिएको पाइन्छ। सगुणअन्तर्गत ईश्वरको साकार रूपको गुणगान गरिएको पाइन्छ भने निर्गुणअन्तर्गत ईश्वरको सर्वव्यापी र निराकार स्वरूपको भाव समेटिएको पाइन्छ। निर्गुण अन्तर्गत जोरमनी सन्तहरूको

योगदानबारे चर्चा गरिन्छ। भक्तिधारामा अध्यात्म-रामायण र श्रीमदभागवत् लगायत संस्कृत धार्मिक - पौराणिक ग्रन्थ तथा योग साङ्ख्य र वेदान्त दर्शनका विषयवस्तु समेटिएको पाइन्छ। इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल, हरिदास आदि कृष्णधाराका चर्चित कवि मानिन्छन् । यस धाराका केन्द्रीय कविका रूपमा वसन्त शर्मालाई लिने गरिन्छ । त्यसै गरी रामभक्ति उपधाराका कविहरूमा रघुनाद पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जलि गजुऱ्याल, रामदास आदि छन् । भानुभक्त आचार्य यस धाराका केन्द्रीय कवि हुन् । प्राथमिक कालको उत्तरार्द्ध अन्तर्गतको निर्गुण भक्तिमा दैवज्ञकेशरी अर्ज्याल, शशीधर स्वामी, गोविन्ददास, वीरशाली पन्त, वसन्त शर्मा, भानुभक्त आचार्य, बालसिद्ध महासिंह थापा, ज्ञानदिलदास आदि पर्दछन् । यस धारामा कवि सन्त ज्ञानदिलदास केन्द्रीय कविको रूपमा रहेको मानिन्छ (त्रिपाठी र अन्य, २०५४ : १०७-१०८) ।

### ३.७.३ माध्यमिक काल (वि.सं. १९४१-१९७४)

प्राथमिक कालको उत्तरार्द्धमा देखापरेका भक्तिभाव केन्द्री कविताको लगत्तैपछि शृङ्गारिक कविता लेखन प्रारम्भ भएको पाइन्छ । यस कालमा लगभग साढे तिन दशकको समयावधि रहेको बुझिन्छ । छापाखाना युगमा प्रवेश गर्नु माध्यमिक कालको अर्को विशेषता हो। यस कालको मुख्य प्रसंग मोतीराम भट्टद्वारा बनारसबाट छपाइएको भानुभक्तीय 'रामायणसँग जोडिन्छ । यसको प्रकाशन मिति भने उल्लेख गरिएको पाइँदैन । वि.सं. १९४२ मा नै भानुभक्तीय रामायणका साथै रघुनाथ भट्टको 'सुन्दरकाण्ड रामायण' डमरुबल्लभद्वारा छपाइएका हुन् ।

यस कालको महत्त्वपूर्ण उपलब्धिको रूपमा नेपालबाट 'गोरखापत्र' (१९५८) को प्रकाशन हो । 'सुन्दरी' (१९६३) पत्रिकाको प्रकाशन अर्को महत्त्वपूर्ण उपलब्धि हो । माध्यमिक कालीन नेपाली कविताको केन्द्रीय प्रवृत्ति शृङ्गारिक भाव धारा हो । यस कालको नेपाली कविताको प्रवर्तनमा मोतीराम भट्ट र अन्य कविहरूका शृङ्गारिक रचनाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यस कालमा सिर्जित कविताहरू अनुवाद रूपान्तरणबाट क्रमशः मुक्त हुँदै मौलिकतातर्फ अघि बढ्नु पनि हो। माध्यमिक कालमा मोतीमण्डलीको प्रसंग विशेष उल्लेखनीय छ र समस्यापूर्ति कविता परम्पराको प्रचलनका साथै सामूहिक कविता सङ्ग्रहका प्रयास पनि उल्लेखनीय मानिन्छन् (त्रिपाठी र अन्य, २०५४ : १०८-१०९) ।

नेपाली कविताको माध्यमिक कालको मूल प्रवृत्ति भनेको नख-शिख वर्णन केन्द्री

शृङ्गारिकता हो । यसमा मोतीराम भट्टको सक्रियता र नेतृत्वदायी भूमिकाबाट शृङ्गारिक धारा विकसित भएको पाइन्छ । तत्कालीन शासक राणाहरूको भोग विलासी प्रवृत्ति र त्यसले सिर्जना गरेको स्थितिका कारण प्राथमिक कालीन भक्ति अनुष्ठानबाट शृङ्गारिकतातर्फ प्रवेश गरेको देखिन्छ । भट्टका पञ्चक, प्रपञ्चक, गजेन्द्र मोक्ष, तीजको कथा, पिकदूत, प्रह्लाद, भक्ति कथा, उषा चरित्र, मोतीराम भट्टका गजलहरू आदि थुप्रै कृतिहरू प्रकाशित छन् । सुगौली सन्धिमा नेपालीहरूको मन-मस्तिष्क आहत भएकोले गर्दा तिनले शृङ्गारिक कवितालाई सहजै आत्मसात् गरे । माध्यमिककालीन शृङ्गारिक भाव धाराका कविताहरूले मर्माहत नेपाली हृदयलाई थोरै भए पनि राहत प्रदान गरेको देखिन्छ । बदलिएको परिस्थितिमा आमोद-प्रमोदको खोजी गर्नु स्वाभाविकै हो (श्रेष्ठ र शर्मा, २०५६ : ४१) ।

माध्यमिककालीन नेपाली कविताका केन्द्रीय प्रतिभा मोतीराम भट्ट (१९२३-१९५३) भारतीय हिन्दी साहित्यकार भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित थिए । तिनै हिन्दी साहित्यकार कै प्रभावका कारण मोतीराम भट्ट साथीहरूसँग मिलेर 'समस्या मण्डली' खोलेका थिए । जुन पछि गएर 'मोती मण्डली'को नामबाट परिचित भएको पाइन्छ । माध्यमिक कालको पूर्वार्द्धमा मोतीराम भट्टले शृङ्गारिक कविता गजल लेखनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् भने उत्तरार्द्धमा शम्भुप्रसाद ढुङ्गेलले अझ सशक्त रूपमा अघि बढाउँदै लगेको पाइन्छ । माध्यमिककालीन नेपाली कविताको विकासमा मोतीराम भट्टसँगै शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी आदि कविहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यस अवधिमा नेपाली भाषामा गजल लेखन समेत प्रारम्भ भएको देखिन्छ । यस कालका कविता गजलमा दरबारिया नागर चेत, सामन्ती भोगवादी संस्कारको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । "माध्यमिककालीन नेपाली कविताको शृङ्गारिक भावधाराले नरनारीको यौवन र शृङ्गारिक भावावेगलाई नै आफ्नो कविताको विषयवस्तु बनाएको छ र यस क्रममा उद्दीपन विभावको रूपमा प्रकृति र ऋतुचक्रको पनि प्रयोग गरेको छ" (त्रिपाठी र अन्य (सम्पा.) २०५४ : ११०) ।

माध्यमिक कालमा छापाखाना र पत्रपत्रिकाको प्रकाशन पश्चात् माध्यमिक कालमा कविता लेखन कार्यले द्रुत गति लिएको पाइन्छ । यस कालखण्डलाई स्थापित र प्रतिष्ठापित गर्नमा शिष्ट, अशिष्ट, सम्भोग, विप्रलम्भ, शृङ्गारिकताका साथै प्रकृतिजन्य मौसम परिवर्तनको विषयलाई समेत समेट्ने प्रयास गरिएको छ । प्राथमिककालीन अनुवाद

रूपान्तरणभन्दा पृथक मौलिकता उन्मुख सिर्जनात्मकता, नारी सौन्दर्य वर्णन, समस्यापूर्ति केन्द्री कविता रचनातर्फ माध्यमिककालीन लेखन अघि बढेको पाइन्छ। यस अवधिमा बाह्रमासे र ऋतु वर्णन केन्द्र कविताहरू रचिएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०५६ : ४५)। माध्यमिककालीन मुख्य कविहरूमा राजीवलोचन जोशी, मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, देवराज लामिछाने, दानराज लामिछाने, दुर्गाप्रसाद घिमिरे, दधिराम मरासिनी, राधानाथ लोहनी, केशवनाथ पौड्याल, श्यामजी अर्याल, देवीदत्त पराजुली, शम्भुप्रसाद ढुङ्ग्याल, कृष्णप्रसाद रेग्मी, पहलमान सिंह स्वार आदि पर्दछन्। यी कविहरूमध्ये आशुकवि शम्भुप्रसाद ढुङ्ग्याल माध्यमिक कालको उत्तरार्द्धका सशक्त कवि हुन् भने गजल क्षेत्रमा लक्ष्मीदत्त पन्त पनि स्मरणीय कवि हुन्। माध्यमिक कालको उत्तरार्द्धमा कवि लेखनाथ पौड्यालको आगमनले शृङ्गारिक भाव धारालाई मोडेर नीतिचेतमूलक कविता सिर्जना गरेर माध्यमिक काललाई नयाँ मोड प्रदान गरेको देखिन्छ। माध्यमिक कालको अन्त्यतिर वि.सं. १९७४ मा प्रकाशित 'सूक्तिसिन्धु'ले माध्यमिककालीन शृङ्गारिक प्रवृत्तिलाई उत्कर्षता थप्दै नयाँ दिशा प्रदान गरेको देखिन्छ। यस कृतिले माध्यमिक कालको अन्त्य र आधुनिक कालको आगमनको सङ्केत गरेको प्रस्ट छ। सूक्तिसिन्धुलाई माध्यमिक काल र आधुनिक कालको सीमान कोर्ने कृतिको रूपमा लिने गरिन्छ (श्रेष्ठ र शर्मा, २०५६ : ११२)। माध्यमिक कालमा लेखनाथ पौड्यालको ऋतुविचार (१९७३) बुद्धिविनोद (१९७३) प्रकाशनले नयाँ प्रवृत्तिको प्रारम्भ गरिसकेको पाइन्छ।

### ३.७.४ आधुनिक काल (वि.सं. १९७५ - हालसम्म)

नेपाली कविताको विकासक्रममा वि.सं. १९७४ मा प्रकाशित 'सूक्तिसिन्धु' कवितासङ्ग्रहले नेपाली कविताको माध्यमिक काल र आधुनिक कालको सीमारेखा कोरेको पाइन्छ। नेपाली काव्यजगत्मा लेखनाथ पौड्यालको आगमनलाई पनि नेपाली कविताको आधुनिकतासँग जोडेर हेर्ने गरिएको पाइन्छ। एकथरि विद्वान्ले लक्ष्मीप्रसाद देवकोटाको आगमन वि.सं. १९९१ लाई नेपाली कविताको आधुनिकताको सङ्केत मानेको पाइन्छ। आधुनिक कालको सुरुवातका सन्दर्भमा विभिन्न मत मतान्तर रहे तापनि शृङ्गारिक धारा अर्थात् मोती युगको अन्त्य र परिष्कारवादी कवि लेखनाथ पौड्यालको उदयसँगै प्रारम्भ भएको मान्न सकिन्छ। कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित 'ऋतुविचार' काव्यको प्रकाशनलाई आरम्भ विन्दु मानेर आधुनिक कालको सीमा छुट्याउने काममा धेरै साहित्यिक विद्वान्हरूको सहमति पाइएकोले त्यसैका सापेक्षतामा आधुनिक कालको वर्गीकरण गर्न

सकिन्छ ।

नेपालीहरूको देश विदेश आगमनले गर्दा जनचेतनाको स्तरमा अभिवृद्धि हुन थाल्छ । नेपालमा ठाउँ ठाउँमा विद्यालय खोलिनु, पाश्चात्य शिक्षा प्रणालीको क्रममा भारतीय बङ्गला-हिन्दीजस्ता उत्तर भारतीय भाषाका आधुनिक कविताका नव नव धारा र प्रवृत्तिप्रति आकर्षित भएर नेपाली कविता सिर्जना हुँदाखेरि आधुनिकताले प्रवेश गर्न थालेको देखिन्छ । नेपालको सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक नव जागरणका राष्ट्रिय लहर-प्रतिलहरसँगै नेपाल र नेपाली समाजमा रूपान्तरण हुन थालेको अवस्थाको प्रभाव तत्कालीन कविताहरूमा पर्न थाल्यो । कवितामा विभिन्न विषयवस्तु, भाव, प्रतीक, बिम्बहरूको प्रयोगसँग प्रस्तुति शिल्पमा समेत विविधता देखिन थाल्यो । कविताको बनोट र बुनोटमा समेत विगतभन्दा स्तरीकरण र मानकीकरण हुँदै पूर्वीय शास्त्रीय छन्दमा परिस्कारवादी कविताहरू सिर्जना गर्न थालिए । परिस्कारवादी धाराको नेतृत्वदायी भूमिकामा लेखनाथ पौड्याल सशक्त हस्ताक्षर भएर देखा परे । उनका उत्तरवर्ती परिस्कारवादी कवि बालकृष्ण समको उत्तिकै योगदान देखिन्छ । विक्रमाब्दको १९९० को दशकमा स्वच्छन्द शैलीमा कविता रचना गर्दै लक्ष्मीप्रसाद देवकोटा देखा परे । परिस्कारवादी कविताहरू पुराण, गीता, नीति श्लोक, वेद, अध्यात्म, प्राच्य संस्कृत शास्त्रीय मूल्य मान्यतामा आधारित भएर लेखिन्थे भने देवकोटाले थालनी गरेको मुक्त पद्य लेखन शैलीमा भावना र कल्पनाको प्रचुर प्रयोग गरिएको पाइन्छ । वि.सं. १९७५ देखि वि.सं. २०१६ सम्मको समयावधिलाई आधुनिक नेपाली कविताको पूर्वार्द्ध भनेर अध्ययन विश्लेषण गरिँदै आएको पाइन्छ (त्रिपाठी र अन्य, २०५६ : ११४) । आधुनिक नेपाली कविताको पूर्वाद्ध चरणमा परिस्कारवादी प्रवृत्तिको नेतृत्व लेखनाथ पौड्यालले गरेको देखिन्छ भने स्वच्छन्दतावादी प्रवृत्तिको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले गरेको देखिन्छ । परिस्कारवादी धाराअन्तर्गत धरणीधर कोइराला, महानन्द सापकोटा र भवानीप्रसाद जस्ता कविहरूको उल्लेखनीय योगदान रहेको पाइन्छ । यी प्रवृत्तिका कविहरूले सिर्जना गरेका कवितामा सामाजिक-सांस्कृतिक उद्बोधनको प्रखर राष्ट्रिय चेतनाको अभिव्यक्ति पाइन्छ । यसै धारामा प्रतिभावान् कवि बालकृष्ण समले पश्चिमी बौद्धिक र काव्यात्मक मूल्यहरूलाई ग्रहण गरेको देखिन्छ (त्रिपाठी र अन्य, २०५४ : ११४) ।

नेपाली परिस्कारवादी धाराका प्रवर्तक कवि लेखनाथ पौड्याल हुन् । पौड्यालको 'ऋतुविचार' कृतिको प्रकाशनसँगै परिस्कारवादी साहित्य प्रारम्भ भएको हो । नैतिकता, आध्यात्मिक चेत र सामाजिक आदर्शको वस्तुपरक अभिव्यक्तिलाई अनुसरण गरी परिस्कृत

भाषाशैलीमा सिर्जित कृति नै परिस्कारवादी साहित्य हो । यसमा प्रकृतिको सुन्दरतम् प्रयोग तथा उच्च नैतिक आदर्श झल्किने विषयवस्तुको प्रयोग गरी यस धाराका काव्य कृतिहरू रचना गरिएका छन् । लेखनाथ पौड्यालका ऋतुविचार, बुद्धिविनोद, तरुण तपसी, सत्यकलि संवाद आदि काव्यहरू परिस्कारवादी धाराका प्रतिनिधि कृतिहरू हुन् । यस धाराका अन्य स्रष्टाहरूमा सोमनाथ सिग्द्याल, चक्रपाणी चालिसे, धरणीधर कोइराला, महानन्द सापकोटा, कुलचन्द्र गौतम, माधवप्रसाद देवकोटा, बालकृष्ण सम आदि रहेका छन् । परिस्कृत भाषाशैली र कोमल शब्दावली युक्त उचित शब्द विन्यासका कारण यस धाराका काव्य कृतिहरू उच्च साहित्यिक गुणले भरिएका छन् । परिस्कारवादी कविताहरूमा बौद्धिक प्रवलता, शिल्पी भाषाशैली, नीति चेतना आदि समेटिएको हुन्छ (श्रेष्ठ र शर्मा, २०५६ : ४८) । परिस्कारवादी लेखन निश्चित नीति नियमको परिधिमा केन्द्रित र सीमित रहन्छ ।

परिस्कारवादी लेखन प्रवृत्तिको विरोध स्वरूप जन्मिएको अर्को धारा हो स्वच्छन्दतावादी धारा । नेपाली काव्य जगत्मा लक्ष्मीप्रसाद देवकोटाको उदयसँगै यस धाराको प्रवर्तन भएको मानिन्छ । वि.सं. १९९१ को शारदा पत्रिकाको प्रकाशन तथा वि.सं. १९९२ मा प्रकाशित 'मुनामदन' खण्डकाव्यले पाश्चात्य परम्पराको स्वच्छन्दतावाद स्थापित गर्नमा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । यस खालको लेखनमा स्वतःस्फूर्त लेखन, वैयक्तिकता, भाव तुमुलता, कल्पनाको प्रचुरता, आत्मपरकता, हार्दिकता, मौलिकता प्रकृतिप्रति मोह, अतीतप्रति मोह, आत्मीयता आदि मूल प्रवृत्ति आत्मसात् गर्दै अघि बढेको पाइन्छ । स्वच्छन्दतावादी धाराका केन्द्रीय कवि देवकोटा मानिन्छन् । उनकै नेतृत्वमा विकसित यस धारालाई निरन्तर अघि बढाउनमा सहप्रवर्तकको काम सिद्धिचरण श्रेष्ठले गरेका थिए ।

वि.सं. १९९१/९२ बाट आरम्भ भएको स्वच्छन्दतावादी धाराका पनि पूर्ण स्वच्छन्दतावादी धारा र स्वच्छन्दतावादी प्रगतिवादी धारा गरी दुई उपचरणहरू रहेका छन् । वि.सं. १९९०/९१ देखि वि.सं. २००३ सम्मको समयावधि पूर्ण स्वच्छन्दतावादको हो र त्यसपछिको वि.सं. २००४ देखि २०१६ सम्मको समयावधि स्वच्छन्दतावादी प्रगतिवादी धाराको रूपमा अध्ययन गरिन्छ । भावना र कल्पनाको प्रयोग तथा व्यक्तिवादी चेतनामा बढी जोड दिइएको यस धारालाई अघि बढाउने कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, भूपि शेरचन, हरिभक्त कटुवाल, वीरेन्द्र सुब्बा, म.बी.बी. शाह, अगमसिंह गिरी आदि रहेका छन् । देवकोटाद्वारा

स्थापित पूर्ण स्वच्छन्दतावादी कविता प्रकृति चित्रण, भाव प्रबलता, कल्पना उडान, कोमल हार्दिकतामा केन्द्रित रहेको पाइन्छ। वि.सं. २००७ सालको प्रजातन्त्रको प्राप्तिको पूर्वापर प्रसंगमा नेपाली राष्ट्रिय राजनीतिमा उथलपुथल भएकै कारण त्यसको प्रत्यक्ष परोक्ष प्रभाव सिर्जनामा पर्न गयो  र कवि देवकोटाका पश्चवर्ती कविताहरूमा क्रान्तिचेतको भाव सघन भएको पाइन्छ (त्रिपाठी र अन्य, २०५४ : ११६)। स्वच्छन्दतावादी पूर्णतः देवकोटाको एकल नेतृत्वमा अघि बढे पनि उत्तरार्द्धतिर भने अन्य सर्जकहरूले समेत सहयोगी भूमिका निर्वाह गरेको देखिन्छ। यसरी वि.सं. १९९१ बाट आरम्भ भएको स्वच्छन्दतावादी धारा २०१६ साल अर्थात् देवकोटाको अवसानसँगै मत्थर भएको पाइन्छ। हालसम्म पनि यो धारा गतिशील रहेको पाइन्छ। २००७ मा १०४ वर्षे राणा शासनको अन्त्य र प्रजातान्त्रिक परिपाटीको विकाससँगै नेपाली काव्य सिर्जनामा पनि स्वतन्त्र लेखनको अभ्यास भयो। यो समय करिब करिब एक दशकसम्म मात्र सीमित रहन गयो। वि.सं. २०१७ सालमा प्रजातन्त्रमाथि बलात् आक्रमण गरेर निरङ्कुश एकदलीय पञ्चायती व्यवस्था लादिए संगै त्यसको प्रत्यक्ष नकारात्मक प्रभाव लेखनमा पर्न गयो। राजनीतिक दलहरू प्रतिबन्धित भए। नेपालीहरूका मौलिक हकहरू खोसिए। राजाको प्रत्यक्ष निर्देशनमा राज्य व्यवस्था सञ्चालन हुन थालेकोले सर्जक स्रष्टाहरू कठोर समयमा खुम्चिएर लेख्न बाध्य भए (त्रिपाठी र अन्य, २०५४ : ११६)।

परम्परागत विपरीत नयाँ प्रवृत्तिका साथ देखा परेको सशक्त धारा प्रयोगवादी धारा हो। परम्परागत लेखनभन्दा फरक प्रवृत्ति बोकेर वि.सं. २०१७ सालमा कवि मोहन कोइरालाको 'घाइते युग' कविता देखापर्दछ। 'घाइते युग' कविताको प्रकाशनसँगै नेपाली काव्य परम्परामा प्रयोगवादी धाराको प्रारम्भ भएको मानिन्छ। वि.सं. २०१७ सालको बलात् राजनीतिक परिवर्तन र सङ्कटग्रस्त मानसिक अवस्थाबाट उत्पन्न युगीन निराशा, कुण्ठा, अकर्मण्यता तथा अमूर्त चिन्तनलाई काव्यका माध्यमबाट अभिव्यक्त गर्ने नवीन प्रविधिका रूपमा प्रयोगवादको सूत्रपात भयो।

परम्परागत सम्पूर्णतालाई विखण्डन गर्ने विश्व जगत्मा फैलिँदै गएको युद्ध तथा त्यसबाट उत्पन्न मानवीय सङ्कट, भय, सन्त्रास आदि विसङ्गतिपूर्ण अवस्थाको विशृङ्खलित चित्रण गर्नु प्रयोगवादी प्रवृत्ति हो। प्रयोगवादी प्रवृत्तिका कविहरूले मूलतः प्रतीकवादी, बिम्बवादी, विसङ्गतिवादी तथा अतियथार्थवादी प्रवृत्तिलाई अँगालेर चित्रात्मक, बिम्बात्मक र अमूर्त किसिमबाट भाव र भाषाको प्रयोग गरी विशृङ्खलित र विसङ्गतिपूर्ण

ढङ्गले भाव प्रस्तुत गरेको पाइन्छ। प्रयोगवादी कविताहरू अमूर्त लेखन शैलीका कारण दुर्बोध्य र दुरुह बनेको पाइन्छ। यसमा मानव जीवन जगत्लाई एक पक्षीय आधारमा मात्र नहेरी त्रिआयामिक दृष्टिले हेर्ने प्रचलन पाइन्छ। नवीन चिन्तन र फरक मूल्य मान्यतालाई आत्मसात् गर्दै यस धारालाई क्रियाशीलताका साथ अगाडि बढाउने कविहरूमा द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, ईश्वर बल्लभ, बैरागी काइँला, बानिरा गिरी पर्दछन्। वि.सं. २०२० सालमा दार्जिलिङबाट थालिएको साहित्यिक आन्दोलनले यस धारालाई अझ सशक्त रूपमा अघि बढाउन सहयोग पुऱ्याएको हो। मोहन कोइराला प्रयोगवादी धाराका केन्द्रीय प्रतिभा हुन्। यसमा दार्जिलिङबाट थालिएको 'तेस्रो आयाम' आन्दोलनले उल्लेखनीय भूमिका खेलेको पाइन्छ।

आधुनिक नेपाली कविता लेखनमा वि.सं. २०३० पछिको समयलाई समसामयिक धारा भनेर अध्ययन गरिँदै आएको पाइन्छ। प्रयोगवादी धाराले थालनी गरेको दुर्बोध्य र क्लिष्ट लेखन शैली समसामयिक धारामा समाप्त भएको पाइन्छ। युगीन मान्यता, सामाजिक मूल्य र संस्कृतिको आडमा कविता यात्रा अघि बढ्न थाल्यो। आर्थिक पछौटेपन, अशिक्षा, अज्ञानतालाई महत्त्वका साथ उठाइ राष्ट्रिय जागरण ल्याइ कविताका माध्यमबाट सबैमा दायित्वबोध गराउने कार्यमा कविहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। यस धारालाई स्थापित र प्रतिष्ठापित तुल्याउन 'यङ्ग राइटर्स फ्रन्ट' (२०३१), 'सडक कविता क्रान्ति' (२०३६), 'तरलवाद' (२०४०), 'जनआन्दोलन' (२०४६) जस्ता विविध साहित्यक र राजनीतिक आन्दोलनहरू सम्पन्न भए। यसरी विविध आन्दोलनको जगमा समसामयिक धारा हुर्किँदै गएको पाइन्छ।

नेपाली कविताको आधुनिक काल विभाजन अन्तर्गत समसामयिक धारामा सशक्त रूपमा थुप्रै कविहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। यस धाराका प्रतिभाशील कवि, साहित्यकारहरूमा ईश्वर वल्लभ, वासु शशी, मनु ब्राजाकी, मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, दिल साहनी, विमल निभा, फणीन्द्र नेपाल, केदार न्यौपाने, प्रकाश सायमी आदि रहेका छन्। यस धारामा सम्प्रेष्यता र यथार्थबोधप्रति विशेष रुचि राखेर कविता सिर्जना गरिएको पाइन्छ (त्रिपाठी र अन्य, २०५६ : १३१)।

कवि उपेन्द्र सुब्बा समसामयिक धारामा सशक्त कलम चलाउने स्रष्टा हुन्। नेपाली काव्य इतिहासमा देखिएका नवीन प्रवृत्तिहरू सँगसँगै ५० को दशकतिर तिनजना नेपाली युवाहरू राजन मुकारुङ, हाङयुग अज्ञात र उपेन्द्र सुब्बाले 'सिर्जनशील अराजकता' नामक

नयाँ आन्दोलन चलाए। प्रखर कवि उपेन्द्र सुब्बाले यस आन्दोलनको सैद्धान्तिक व्याख्याको अभिभारा बोकेका थिए। यिनीहरू परम्परागत चिन्तन र शैलीभन्दा पृथक एक नयाँ मार्ग खोजिरहेका थिए। सिर्जनशील अराजकतामा आबद्ध कविहरू यथास्थितिबाट नयाँ मार्ग खोजिरहेका थिए। यथास्थितिको लामो कालखण्डले नेपाली काव्य लेखन बोझिलो भएको थियो। सिर्जनशील अराजकताले परम्परागत लेखनमा नयाँ मोड दिने काम गऱ्यो। सिर्जनशील अराजकता भनेको पहिलेका मूल्य मान्यता तोडेर नयाँ शैलीको थालनी हो। अन्तर्राष्ट्रिय जगत्बाटै छेकिएका जाति, संस्कृति, साहित्य, सङ्गीत उठून् भन्ने यसको मान्यता थियो। जातीय स्वपहिचानका लागि यसमा आवाज उठाइएको पाइन्छ। यस आन्दोलनका अभियन्ताहरूले साहित्यमा वैचारिक अनेकानेक सांस्कृतिक विविधता, नश्लीय बोध, सिर्जनात्मक निर्णय जस्ता मान्यता अटाउनु पर्ने शर्त राखेको पाइन्छ। नेपाली साहित्यमा देखिएको एकल हिन्दू धर्म, दर्शन, संस्कृति आदिका परम्परागत मूल्य मान्यतालाई अस्वीकार गरी साहित्यमा सम्पूर्ण आदिवासी जनजाति तथा उत्पीडनमा परेका वर्गको अस्तित्वको पक्षलाई स्थान दिइनु पर्ने मान्यतालाई अघि सारी सिर्जनशील अराजकता आन्दोलनको औचित्य प्रस्ट पारिएको छ। उपेन्द्र सुब्बाका काव्यहरूमा यी प्रवृत्तिहरू पाउन सकिन्छ। उनको खोलाको गीत र पुराना कविताहरू कविता सङ्ग्रहमा जातीय संस्कृति, लिम्बू, मिथक, बिम्ब तथा ग्रामीण परिवेश र चेतना अभिव्यक्त गरिएको छ। उनका कविताहरूमा लिम्बू भाषा संस्कृतिका थुप्रै शब्दहरू भेटिन्छन्। साहित्यको मूल्य पछि पर्दै गएको हुनाले आफ्नो कला संस्कृतिलाई जागृत गराउनु सिर्जनशील अराजकताको मूल प्राप्ति रहेको देखिन्छ। आधुनिक कालको यात्रा सँगसँगै देखिएका नवीनवाद र प्रवृत्तिहरूले यसरी नेपाली साहित्यको विकासमा ठूलो प्रभाव पारेको छ। समसामयिक धाराका विशेष चर्चित कविहरूमा मीनबहादुर विष्ट, विनोद अश्रुमाली, विजय बजिमय, तोया गुरुङ, अनिता तुलाधर, दिनेश अधिकारी, विमल कोइराला, विश्वविमोहन श्रेष्ठ, अशेष मल्ल, प्रमोद प्रधान, विष्णु घिमिरे, कृष्णभूषण बल, नवराज कार्की, जीवन आचार्य, किशोर पहाडी, गगन विरही, सरुभक्त श्रेष्ठ, हेमन्त श्रेष्ठ, शिव अधिकारी, विधान आचार्य आदि पर्दछन्। यस धाराका अन्य उल्लेखनीय कविहरू हुन् नरेन्द्रराज पौड्याल, जसराज किराँती, कुमुद देवकोटा, बूँद राना, ज्ञानुवाकर पौड्याल, गोविन्द गिरी प्रेरणा, पूर्ण विराम, कृष्ण प्रधान, गोपाल पराजुली, उषा भट्टचन, दिनेश सत्याल, लव गाउँले, विमल निभा, शङ्कर थपलिया, ओम शर्मा, हरिहर अधिकारी, श्यामल, ओममणि शर्मा, दीपक जोशी, शेखर गिरी, राजव, राजेन्द्र शलभ, रमेश

तूफान, ध्रुव मधिकर्मी, इन्दरा प्रसाइँ, काजी रोशन, प्रेम छोटा, भागीरथी श्रेष्ठ, शुभ श्रेष्ठ, विनोद गौचन, केदार न्यौपाने, आर.डी. प्रभात चटौत, चेतबहादुर कुँवर, हीरा आकाश, कृष्ण बाउसे, कृष्ण धराबासी, सीता पाण्डे, अमृतलाल श्रेष्ठ, दिव्य गिरी, सरला विष्ट, भीम उदास, इन्द्रकुमार श्रेष्ठ सरित्, श्यामा ओझा, केदार शर्मा, दुबसु क्षेत्री, नकुल सिलवाल, मोहन दुवाल, महेश्वर न्यौपाने, विक्रम सुब्बा, प्रगट पंगेनी 'शिव', वियोगी बुढाथोकी, शारदा शर्मा, भक्त श्रेष्ठ, विश्व शाक्य, धीरेन्द्र मल्ल, चन्द्रमणि प्रसाइँ आदि (त्रिपाठी र अन्य, २०५४ : १३५ - १३६) ।

करिब ६० को दशक अर्थात् आधुनिक युगपछि भने नेपाली कवितात्मक फाँटमा उत्तरआधुनिकतावाद, विनिर्माणवाद, डायस्पोरिक लेखन तथा अभिघातजस्ता अन्तर्राष्ट्रिय समसामयिक चिन्तनशील विषयहरू भित्रिन थालेको पाइन्छ । विधा मञ्जन विधा मिश्रण तथा मान्यताका साथै विषम् परिस्थितिबाट सिर्जित विकृति, विसङ्गति, अन्याय, अत्याचार जस्ता प्रवृत्तिहरू अँगाली समयको गतिसँगै थुप्रै कविता कृतिहरूको रचना भएको पाइन्छ । यसै पृष्ठभूमिमा रहेर उपेन्द्र सुब्बाले नेपाली साहित्यमा कविता विधातर्फ आफ्नो प्रविष्टि स्थापित गरेका छन् जुन अहिलेसम्म निरन्तर कायम रहेको छ । आधुनिक नेपाली कविताको उत्तरवर्ती समयमा पाश्चात्य जगत्का दर्शन एवम् मूल्य मान्यताहरूले प्रवेश पाएको पाइन्छ ।

## ३.८ नेपाली बालसाहित्यको विकासमा संस्थागत प्रयास

नेपालमा सरकारी र गैरसरकारी दुवै पक्षबाट बालसाहित्यको विकासबारे ध्यान दिएको पाइन्छ । बाल साहित्यको विकास अपेक्षाकृत कम रहेको छ । बालसाहित्यका सर्जक स्रष्टाहरूले सरकारी तवरबाट नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, जनक शिक्षा सामग्री र गोरखापत्र संस्थानबाट काव्यकृतिहरू प्रकाशन गराएको पाइन्छ । यसमा निजी प्रकाशन गृहहरूकै विशेष योगदान देखिन्छ । बालसाहित्य सम्बन्धी प्रकाशनमा रत्न पुस्तक भण्डार, बाल कोसेली प्रकाशन प्रा.लि., एकता प्रकाशन, नेपाल बालसाहित्य समाज, विवेक सिर्जनशील प्रकाशन प्रा.लि., बालसाहित्य प्रवर्द्धन केन्द्र, रातो बंगला स्कुल, सनवर्ड पब्लिसिङ हाउस, सेतो गुराँस, राष्ट्रिय बालविकास सेवा, हिमालय बुक स्टल, बी.एन. पुस्तक संसार, डीकुरा पब्लिकेसन्सहरूको उल्लेखनीय योगदान देखिन्छ । यस कार्यमा विदेशी सङ्घ-संस्थाहरूको समेत योगदान रहेको पाइन्छ । विदेशी सङ्घसंस्थाहरूमा मस्को, सोभियत रुसस्थित प्रगति प्रकाशन, रादुगा प्रकाशन र विश्व साहित्य अनुवाद संस्थान तथा

नयाँ दिल्ली, भारतस्थित नेसनल बुक ट्रष्टहरू महत्त्वपूर्ण छन् (प्रधान, २०६९ : ३४५)। नेपाली बालाहित्यका पुस्तक प्रकाशन गर्ने प्रकाशकहरूको नामावली निम्नानुसार रहेको पाइन्छ ।

१. अद्वैत आश्रम, मायावती, पिथौरागढ, भारत
२. अन्तर्क्रिया प्रकाशन, काठमाडौँ
३. अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवन
४. अरनिको बालसाहित्य प्रकाशन, काठमाडौँ
५. अरबिस (बाल आँखा उपचार कार्यक्रम, श्री रणअम्बिका शाह आँखा अस्पताल, सिद्धार्थनगर)
६. अर्किड बुक्स
७. अक्षर सदन
८. आगम प्रकाशन, काठमाडौँ
९. अटोग्राफ क्रिएसन, काठमाडौँ
१०. आत्मनिर्भर विकास मञ्च, काठमाडौँ
११. आदर्श सङ्गम, स्याङ्जा
१२. आँधीसोला साहित्य सदन, स्याङ्जा
१३. इण्डिया प्रे (पब्लिकेसन्स) प्रा.लि., इलाहाबाद, भारत
१४. उज्यालो प्रकाशन, काठमाडौँ
१५. उदय बुक्स प्रा.लि., काठमाडौँ
१६. एकता प्रकाशन/एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., काठमाडौँ
१७. एजुकेट द चिल्ड्रेन
१८. एडुकेसनल इन्टरप्राइजेज, काठमाडौँ
१९. एडुकेशनल पब्लिसिङ हाउस, काठमाडौँ
२०. एनसिसि भोलेन्टियर किङ क्लब, काठमाडौँ
२१. एसिया पब्लिकेसन्स, काठमाडौँ
२२. एसिया पिक्चर बुक एसोसिएसन्, ह्योगो, जापान
२३. ऐरावती प्रकाशन प्रा.लि., काठमाडौँ
२४. कथालय प्रकाशन

२५. कला पब्लिकेसन, काठमाडौँ

२६. क्रस रोड्स् नेपाल

२७. गुञ्जन

२८. गुनिलो प्रकाशन

२९. गोरखा ग्रन्थ प्रचारक मण्डली, बनारस, भारत

३०. ग्रामीण विकासका निम्ति शिक्षा परियोजना, सिलगढी, डोटी

३१. चाइल्ड नेपाल, काठमाडौँ

३२. चितवन वाङ्मय प्रतिष्ठान, चितवन

३३. चिन्तन प्रकाशन

३४. चित्रलेखा प्रकाशन, स्याङ्जा

३५. जनकशिक्षा सामग्री केन्द्र लि., सानोठिमी

३६. जनता पुस्तकालय, स्याङ्जा

३७. जनशिक्षा विभाग, भेरी-कर्णाली स्वायत्त गणतन्त्र सरकार

३८. जमर्को युवा समूह, हरिऔन, सर्लाही

३९. जम्को प्रकाशन प्रा.लि., काठमाडौँ

४०. जिलेट पब्किेसन्स, काठमाडौँ

४१. जीवनज्योति प्रकाशन, दार्जिलिङ, भारत

४२. जुही प्रकाशन, चन्द्रगढी

४३. झापा प्रकाशन, भद्रपुर

४४. ट्रान्स रिप्रिन्ट, काठमाडौँ

४५. डीकुरा पब्लिकेसन, काठमाडौँ

४६. तरेली साहित्यिक प्रतिष्ठान, काठमाडौँ

४७. तलेजु प्रकाशन, काठमाडौँ

४८. तिलकुमारी सम्झना गुठी

४९. थाँक्रो प्रकाशन, काठमाडौँ

५०. दायित्व वाङ्मय प्रकाशन, नेपाल

५१. दि म्याकमिलन कम्पनी अफ इण्डिया लिमिटेड, कलकत्ता, भारत

५२. धनज्योति प्रकाशन, गुवाहाटी, आसाम, भारत

५३. धौलागिरी साहित्य पुरस्कार प्रतिष्ठान, बागलुङ
५४. नयाँ नेपाल प्रकाशन, काठमाडौँ
५५. नवयुग नेपाली पुस्तक मन्दिर, दार्जिलिङ, भारत
५६. नवीन प्रकाशन, डिगबोइ, आसाम, भारत
५७. नागार्जुन साहित्य प्रतिष्ठान, काठमाडौँ
५८. निर्माण प्रकाशन, नाम्ची, दक्षिण सिक्किम, भारत
५९. निरन्तर प्रकाशन, काठमाडौँ
६०. नेपाल एकेडेमी
६१. नेपाल क्रिश्चियन लिटरेचर सोसाइटी, दार्जिलिङ
६२. नेपाल-चीन मैत्री सङ्घ, काठमाडौँ
६३. नेपाल निप्पन रिसर्च सेन्टर, काठमाडौँ
६४. नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन)
६५. नेपाल बाल सङ्गठन, केन्द्रीय कार्यसमिति, काठमाडौँ
६६. नेपाल बाल साहित्य समाज, काठमाडौँ
६७. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ
६८. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठान
६९. नेपाली अकादमी, दार्जिलिङ
७०. नेपाली भाषा प्रकाशिनी समिति
७१. नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङ, भारत
७२. नेपाली साहित्य प्रकाशन केन्द्र, काठमाडौँ
७३. नेपाली साहित्य सङ्घ, दार्जिलिङ
७४. नेपाली साहित्य सम्मेलन, दार्जिलिङ
७५. नेशनल बुक ट्रष्ट, इन्ण्डया
७६. परिवेश प्रकाशन प्रा.लि., काठमाडौँ
७७. परोपकार आदर्श हाइस्कुल, काठमाडौँ
७८. पशुपति पुस्तक भवन, काठमाडौँ
७९. पाठ्यक्रम विकास केन्द्र, भक्तपुर
८०. पारसमणि प्रकाशन, दार्जिलिङ

८१. पी.एम. प्रधान एण्ड सन्स, कालिम्पोङ, भारत

८२. पुष्पलता प्रोडक्सन प्रा.लि., काठमाडौँ

८३. पुस्तक संसार, विराटनगर

८४. पूर्ण बुक स्टल, काठमाडौँ

८५. पूर्वाञ्चल पुस्तक भण्डार, विराटनगर

८६. पोखरा सार्वजनिक पुस्तकालय, पोखरा

८७. पौलस्त्य साहित्य समाज, म्याग्दी

८८. प्रगति प्रकाशन, मास्को रुस

८९. प्रगतिशील पुस्तक भण्डार

९०. प्रणवानन्द आश्रम, काठमाडौँ

९१. प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर

९२. प्रतिभा रश्मि प्रकाशन, शोणितपुर, काठमाडौँ

९३. प्रतीक प्रकाशन, काठमाडौँ

९४. प्रज्ञापन प्रकाशन, नेपाल

९५. प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइ, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना

९६. प्राथमिक सामग्री एकाइ, भक्तपुर

९७. प्रेसिडेन्सी लाइब्रेरी, कलकत्ता, भारत

९८. फुकुइनकान शोतेन, टोकियो

९९. फोहोरमैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र, काठमाडौँ

१००. बगर फाउण्डेसन, नेपाल

१०१. बाल अध्ययन तथा विकास केन्द्र

१०२. बाल कोसेली प्रकाशन, काठमाडौँ

१०३. बाल क्लब, हिमालय माध्यमिक विद्यालय, चितवन

१०४. बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति, नेपाल

१०५. बालपुस्तक नेपाल

१०६. बाल मन्दिर, विराटनगर

१०७. बाल विकास समाज, काठमाडौँ

१०८. बालसखा दल नेपाल, काठमाडौँ

१०९. बालसखा प्रकाशन

११०. बालसरोकार सञ्चार मञ्च, दाङ

१११. बालसाहित्य मन्दिर, दार्जिलिङ

११२. बालसाहित्य प्रवर्द्धन केन्द्र, ललितपुर

११३. बालसंसार प्रा.लि., काठमाडौँ

११४. बि.एन. पुस्तक संसार, काठमाडौँ

११५. बुक प्यालेस

११६. बुक फेथ इण्डिया, दिल्ली

११७. भुँडी पुराण प्रकाशन, काठमाडौँ

११८. भाग्यलक्ष्मी प्रकाशन, कालिम्पोङ

११९. मामा पुस्तक भण्डार, काठमाडौँ

१२०. भारतीय भाषा स.स्थान, मैसूर, भारत

१२१. भोडभानिडा ग्रुप, बैंकक, थाइल्यान्ड

१२२. महाकवि देवकोटा स्मारक समिति, नेपाल सांस्कृतिक सङ्घ, काठमाडौँ

१२३. महानन्द वाङ्मय मन्दिर, विराटनगर

१२४. मोक्षदा प्रकाशन

१२५. मिडिया सर्भिसेज इन्टरनेसनल, काठमाडौँ

१२६. मूल्याङ्कन प्रकाशन गृह प्रा.लि, काठमाडौँ

१२७. मैत्री सङ्घ, पोखरा

१२८. रत्न पुस्तक भण्डार, काठमाडौँ

१२९. राजेन्द्र पुस्तक पसल, काठमाडौँ

१३०. रातो बंगला स्कुल, ललितपुर

१३१. रामकृष्ण वेदान्त आश्रम, दार्जिलिङ

१३२. राष्ट्रिय योजना आयोग

१३३. रूप टु रिड, काठमाडौँ

१३४. रोडम्याप नेपाल प्रकाशन प्रा.लि., काठमाडौँ

१३५. ललिता स्मृति प्रकाशन, सिंहमारी, कालिम्पोङ

१३६. लुना प्रकाशन, काठमाडौँ

१३७. लोकसाहित्य परिषद्, ललितपुर

१३८. लोटस रिसर्च सेन्टर, ललितपुर

१३९. वनिता प्रकाशन

१४०. वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि., काठमाडौँ

१४१. वाणी प्रकाशन, विराटनगर

१४२. विकास मञ्च, नेपाल

१४३. विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ

१४४. विविध पुस्तक भण्डार, काठमाडौँ

१४५. विविध वाङ्मय प्रकाशन, नेपाल

१४६. विश्वबन्धु प्रकाशन, पाल्पा

१४७. विश्व मैत्री विकास सङ्गठन

१४८. विश्व साहित्य प्रकाशन

१४९. शब्दघर प्रकाशन प्रा.लि, काठमाडौँ

१५०. शब्दार्थ प्रकाशन

१५१. शारदा पुस्तक भण्डार, काठमाडौँ

१५२. शिक्षा तथा संस्कृति मन्त्रालय

१५३. श्याम प्रकाशन दार्जिलिङ

१५४. सगरमाथा प्रकाशन

१५५. सत्याल प्रकाशन, काठमाडौँ

१५६. सर्नवर्ड पब्लिसिङ हाउस, काठमाडौँ

१५७. सम्पर्क प्रकाशन समूह

१५८. सहयोगी प्रकाशन, काठमाडौँ

१५९. सहस्राब्दी प्रकाशन प्रा.लि., काठमाडौँ

१६०. साझा पुस्तक प्रकाशन, दार्जिलिङ

१६१. साझा प्रकाशन, ललितपुर

१६२. साहित्य अकादमी, नयाँ दिल्ली भारत

१६३. साहित्य कुटीर प्रकाशन, दार्जिलिङ

१६४. सिर्जनशील प्रकाशन, काठमाडौँ
१६५. सिरिकित्ति विहार, काठमाडौँ
१६६. सुनकोशी साहित्य प्रतिष्ठान, काठमाडौँ
१६७. सूचना विभाग
१६८. सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा
१६९. सेन्टर फर चाइल्ड स्टडिज एण्ड डेभलपमेन्ट, काठमाडौँ
१७०. सेभ द चिल्ड्रेन, यु.एस.ए.
१७१. सौजन्य प्रकाशन, काठमाडौँ
१७२. हजुरको प्रकाशन, काठमाडौँ
१७३. हरेलो प्रकाशन, वालिङ, स्याङ्जा
१७४. हातेमालो सञ्चार, काठमाडौँ
१७५. हाम्रो प्रकाशन
१७६. हास्यव्यङ्ग्य समाज, नेपाल
१७७. हिमशिखर फाउण्डेसन
१७८. हिमाल प्रकाशन गुठी, रुसी महासङ्घ
१७९. हिमालय बुक स्टल, काठमाडौँ
१८०. हिमालय विद्या मन्दिर, काठमाडौँ (प्रधान, २०६९ : ३४५-३५२)

नेपाली बालसाहित्यको विकासमा नेपालभित्र र बाहिरबाट थुप्रै सरकारी तथा निजी सङ्घ-संस्थाहरूको उल्लेखनीय योगदान रहेको देखिन्छ। विकासोन्मुख देश नेपालमा अशिक्षा, अज्ञानता, आर्थिक पछौटेपनका कारण यहाँका बालबालिकाको मनोविज्ञान अनुकूलको बालसाहित्य अझै सिर्जना हुन बाँकी नै छ भन्न सकिन्छ। नेपाली साहित्यको तुलनामा बालसाहित्यमा अझै काम गर्नुपर्ने देखिन्छ।

## ३.९ अमर तुम्याहाङको बालसाहित्यिक यात्राको अध्ययन

### ३.९.१ पृष्ठभूमि

अमर तुम्याहाङले नेपाली बालसाहित्यमा कलम चलाएका छन्। उनले बालसाहित्यको कविता विधामा कलम चलाएर नेपाली बालकवितामा योगदान पुऱ्याएको देखिन्छ। नेपालमा प्रौढ साहित्यको तुलनामा बालसाहित्य फस्टाएको छैन। प्रौढ साहित्यमा

धेरै सर्जक स्रष्टाहरूले साहित्य सिर्जना गरेको देखिन्छ। आजका बालबालिका भोलिका कर्णधार हुन्। उनीहरूलाई सानैदेखि साहित्यको माध्यमबाट ज्ञान, विज्ञानको विभिन्न विषयको ज्ञान दिनु आजका बालसाहित्यका सर्जकहरूको प्रमुख दायित्व हो। बालसाहित्यकारहरूले बालबालिकाका भावना, रुचि, मनोविज्ञान अनुकूल ज्ञान, शिक्षा, मनोरञ्जन केन्द्री साहित्य दिन सके भने त्यसले कर्मठ र जिम्मेवार नागरिक बनाउनमा मद्दत पुग्ने सुनिश्चित छ। बालबालिकाका निम्ति मनोरञ्जनकेन्द्री, व्यवहारोपयोगी र समय अनुकूल बालकविता रच्नु आजको आवश्यकता हो। नेपाली बालसाहित्य लेखनमा बझाङ्गी राजा जय पृथ्वीबहादुर सिंहको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशनसँगै उनका बालसाहित्यका विषयवस्तु प्रकाशन हुन थालेको देखिन्छ। नेपाली बालसाहित्य लेखनको आरम्भ विन्दु वि.सं. १९५८ लाई मान्ने हो भने नेपाली बालसाहित्यको यात्रा सवा सय वर्ष भएको देखिन्छ। यहि सवा सय वर्षकै अवधिभित्र धेरै बालसाहित्यकारहरूको आगमन र योगदान देखिन्छ। वर्तमानमा बालसाहित्यमा साधनारत बालसाहित्यकारमध्ये अमर तुम्याहाङ पनि एक बालकविताको सर्जकको रूपमा देखापरेका छन्। विद्यार्थी जीवन कालदेखि नै बालसाहितय सिर्जनामा लागेका तुम्याहाङको प्रेरणाको स्रोत आफ्नै परिवार र गुरुजन देखिन्छन्। क्याम्पस स्तरीय अध्ययनका निम्ति काठमाडौँ प्रवेश गरेका अमर तुम्याहाङले विद्यार्थी जीवन कालमै बाल कविता सिर्जना गरेको देखिन्छ। अमर तुम्याहाङको बालकविता सङ्ग्रह 'मेरी सानी नानी' वि.सं. २०५६ सालमा प्रकाशित भएको पाइन्छ। उनले लिम्बू भाषा र नेपाली भाषामा बालकविता सिर्जना गरेको देखिन्छ। नेपाल बालसाहित्यको इतिहासमा उनको बालकविता सिर्जना काल करिब करिब १०० वर्ष पुग्न लागेको अवधिमा भएको देखिन्छ। उनले आफ्ना अग्रज बालसाहित्यकारहरूबाट थुप्रै ज्ञान आर्जन गर्न सफल भएको देखिन्छ।

### ३.९.२ प्रेरणा र प्रभाव

जिज्ञासु र भावुक स्वभावका अमर तुम्याहाङले बाल साहित्य सिर्जनामा आफ्नै परिवार र सामाजिक परिवेशमा भोगेका अनुभवहरूले नै बढी प्रभाव पारेको देखिन्छ। केटाकेटीहरूसँग तोते बोलीमा खेल्न रुचाउने तुम्याहाङ साहित्यका माध्यमबाट अझ रमाइलो पाराले खेल्नका लागि बाल साहित्य सिर्जनामा लागेको बताउँछन्। उनी प्रगतिवादी साहित्यकार एवम् प्रखर बालसाहित्यकार जनकप्रसाद हुमागाईबाट प्रेरित-प्रभावित भएर बाल कविता सिर्जना गरेको बताउँछन्।

### ३.९.३ बालसाहित्य सम्बन्धी धारणा

नेपाली बालसाहित्यको श्रीवृद्धि गर्ने हिसाबले अमर तुम्याहाङले बाल कविता लेखनतर्फ कलम चलाउन थालेको बुझिन्छ। अमर तुम्याहाङको बालसाहित्य सम्बन्धी धारणा यस्तो देखिन्छ : "बालसाहित्य उद्देश्यमूलक र सिर्जनात्मक हुनुपर्छ। बालबालिकालाई समय सापेक्ष ज्ञान, उनीहरूले बुझ्ने सरल बालभाषा र शैलीमा विषयवस्तु प्रस्तुत गर्नुपर्छ। बालसाहित्यको माध्यमबाट बालबालिकाहरूलाई सचेत, जिम्मेवार, सिर्जनशील र कर्तव्य परायण बनाउन सकिन्छ। तुम्याहाङले बालसाहित्य केटाकेटीहरूलाई विविध विषयमा बौद्धिक खुराक पस्कने एउटा सशक्त माध्यम बन्नुका साथै सिर्जनशील चीज हो भनेका छन्। उनले बाल साहित्य मनोरञ्जन केन्द्री, औपदेशिक, शिक्षाप्रद र लयात्मक हुनुपर्ने विषयमा जोड दिएको पाइन्छ।

अमर तुम्याहाङको विचारमा बालसाहित्य लेखन कार्य सरल छैन। बालबालिकालाई रोचक लाग्ने समय सापेक्ष सुहाउँदो विषय चयन गर्ने सामर्थ्य हुनुपर्छ। एउटा बालसाहित्य स्रष्टाले बालसाहित्य सिर्जना गर्नु पूर्व 'म कसका लागि के र किन लेख्दै छु भन्ने कुरामा पूर्ण तयारी हुनुपर्छ अनि मात्र बालसाहितय लेख्दा बालबालिकालाई मज्जा लाग्ने खुराक बन्न सक्दछ। उनका विचारमा बालसाहित्य सरल, सुबोध, लालित्यपूर्ण हुनुपर्दछ। साहित्यका माध्यमबाट बालबालिकालाई नीति, उपदेश मात्र नथोपरी सिर्जनशील बन्न प्रेरित गर्नु पर्दछ।

### ३.९.४ अमर तुम्याहाङको बालसाहित्यिक यात्रा

अमर तुम्याहाङले आफ्नो मातृभाषा लिम्बू र नेपाली भाषामा साहित्य सिर्जना गरेको पाइन्छ। उनले भाषा, साहित्य, संस्कृति, इतिहास, समीक्षा, समालोचना, अनुसन्धान, पुस्तक लेखन, पत्रपत्रिका एवम् पुस्तक सम्पादन समेतमा योगदान दिएको पाइन्छ। उनको 'मेरी सानी नानी' बालकविता सङ्ग्रह वि.सं. २०५६ सालमा प्रकाशित भएको हो। यस बालकविता सङ्ग्रहमा जम्मा २० ओटा कविताहरू सङ्गृहीत छन्। विषयवस्तुका दृष्टिले कविताहरू विविध शीर्षकमा विभाजित रहेको पाइन्छ। प्रस्तुत कृति बाल कविताहरूको सँगालो भएकोले यसमा मूलतः स-साना बालबालिकाहरूकै निम्ति कविता तयार पारिएको छ। यसको मूल उद्देश्य नै बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गरी बालमस्तिष्कमा सकारात्मक शिक्षाको प्रभाव पार्नु हो। यस कृतिमा तुम्याहाङले बालबालिकाको कोमल भावनालाई सरल कविताका माध्यमबाट जीवनदायी प्रेरणा दिने प्रयत्न गरेका छन्। सबै

बालबालिकाहरू मायालु र पवित्र भावनाका हुने हुनाले उनीहरू सानैदेखि सकारात्मक सोचको बीजारोपण गरिदिन सकेमा सबै बालबालिकाहरू भविष्यमा होनहार हुने भाव व्यक्त गर्दछन् । उनले बालसाहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## ३.१० निष्कर्ष

मानव मनका विचार तथा भावहरूको सम्प्रेषण भाषाको माध्यमबाट हुन्छ । भाषा अभिव्यक्तिको महत्त्वपूर्ण साधन हो । नेपाली भाषाको इतिहास खोतल्दै जाँदा वि.सं. १०३८ को राजा दामुपालको अभिलेखसम्म पुग्न सकिन्छ । नेपाली भाषा क्रमशः विकसित हुँदै आजको समुन्नत र समृद्ध अवस्थामा आइपुगेको हो । वि.सं. १०३८ को अभिलेख हालसम्मकै प्राप्त प्रामाणिक अभिलेख हो । यसैलाई नेपाली साहित्यको प्रथम ऐतिहासिक प्रमाण मान्ने गरिन्छ । नेपाली साहित्यको ऐतिहासिक विभाजनका क्रममा वि.सं. १८२६ देखि १९४० सम्मको समयलाई प्राथमिक काल भनिएको पाइन्छ । यो समय सुगौली सन्धि पूर्वको अवस्था हो । यस अवधिमा वीर रस प्रधान कविताहरू रचिए । प्राथमिक कालकै उत्तरार्द्धमा भक्तिभाव प्रवृत्तिले प्रमुखता पाई कृष्णभक्ति धारा, रामभक्ति धारा र निर्गुण भक्ति धाराहरूमा कविताहरू रचना गरिएको पाइन्छ । वीर रस प्रधान कविता सिर्जना गर्ने प्रमुख कविको रूपमा सुवानन्द दासलाई लिने गरिन्छ । त्यसै गरी भगवान् श्रीकृष्णलाई नायक बनाई उनकै भक्ति भावमा केन्द्रित भएर लेखिएको कवितामा कृष्ण कै गुणगान गरिएको पाइन्छ । कृष्ण भक्ति धाराको केन्द्रीय प्रतिभाको रूपमा शिखरनाथ सुवेदीको नाम उल्लेख गरिन्छ ।

रामभक्ति धाराको केन्द्रीय प्रतिभाको रूपमा भानुभक्त आचार्य रहेका छन् । निर्गुण भक्ति धारा अन्तर्गत जोसमनी सन्तहरूको योगदान महत्त्वपूर्ण मानिन्छ । यस धारामा सन्त ज्ञान दिलदासलाई प्रमुख कविको रूपमा चर्चा गरिन्छ । माध्यमिक कालको शृङ्गारिक प्रवृत्तिमा कविता लेख्नेमा मोतीराम भट्टको नेतृत्वदायी भूमिका देखिन्छ । यस अवधिमा शम्भु प्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्तहरूको योगदानलाई महत्त्वपूर्ण मानिन्छ । अनुवाद रूपान्तरणबाट थालनी भएको प्राथमिककालीन नेपाली साहितय सिर्जना माध्यमिक कालमा आउँदा क्रमशः मौलिक लेखनतर्फ उन्मुख भएको पाइन्छ । माध्यमिक कालमा समस्यापूर्ति कविता लेखन, मोतीमण्डलीको प्रभाव र गजल लेखनले महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । माध्यमिक कालीन शृङ्गारिक प्रवृत्तिका कविताहरूमा नारीको नख-शिख वर्णन गरिएको

पाइन्छ । यस अवधिमा गोरखापत्रको प्रकाशनले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । माध्यमिक कालकै उत्तरवर्ती समयमा लेखनाथ पौड्यालको आगमनले शृङ्गारिक भावधारालाई परित्याग गर्दै परिष्कारउन्मुख कविता सिर्जना गरिएको पाइन्छ । पौड्यालको ऋतुविचार एउटा महत्त्वपूर्ण उपलब्धिको रूपमा देखापर्दछ । वि.सं. १९७४ मा प्रकाशित 'सूक्तिसिन्धु' कवितासङ्ग्रहले शृङ्गारिक प्रवृत्तिलाई त्याग गरेर बौद्धिकता र नीतिचेत प्रधान कविता प्रकाशित भएको पाइन्छ । आधुनिक कालको प्रथम चरण परिष्कारवादी धाराको नेतृत्व लेखनाथ पौड्यालले लिएको देखिन्छ । दोस्रो चरण स्वच्छन्दतावादी धाराको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले लिएको देखिन्छ । स्वच्छन्दतावादको प्रवर्तक देवकोटा भए पनि यसमा सिद्धिचरण श्रेष्ठ र राष्ट्रकवि माधव घिमिरे लगायतका कविहरूको उल्लेखनीय योगदान पाइन्छ । स्वच्छन्दतावादमा कल्पना उडान, भाव तुमुलता, व्यक्तिकेन्द्री अभिव्यक्तिमा केन्द्रित रहेको छ । वि.सं. २०१६ मा देवकोटाको देहावसानसँगै स्वच्छन्दतावादी धारा मत्थर भएको देखिन्छ । वि.सं. २०१७ सालमा नेपालको राष्ट्रिय राजनीतिमा बलात् परिवर्तन भएपछि नेपाली कविता सिर्जनामा त्यसको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । २०१७ मा प्रयोगवादी धारा प्रारम्भ भएको हो । यस अवधिमा मोहन कोइरालाको 'घाइते युग' कविता सँगै प्रयोगवादी धाराको प्रवर्तन भएको मानिन्छ । वि.सं. २०३० को समयावधि समसामयिक धाराको नामले चर्चित रहेको छ । यस अवधिमा त्रिआयामिक लेखन, अस्तित्ववाद, विसङ्गतिवाद, मनोविश्लेषण, प्रगतिवाद, यथार्थवाद, अतियथार्थवादजस्ता विविध वैचारिक विषयवस्तुले प्रविष्टि पाएको देखिन्छ । आयामेली आन्दोलनमा कवि बैरागी काइँला, ईश्वर बल्लभ र इन्द्रबहादुर राईहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । आधुनिक नेपाली कविता लेखनको उत्तरवर्ती समयमा कवि उपेन्द्र सुब्बाको नेतृत्वमा सिर्जनशील अराजकता समूहले छुट्टै अवधारणा प्रस्तुत गरेर अगाडि बढेको पाइन्छ । यस समूहमा उपेन्द्र सुब्बा, राजन मुकारुङ र हाङ्युग अज्ञातहरूको क्रियाशील भूमिका देखिन्छ । वि.सं. २०५० को दशकपछि नेपाली कविता लेखनमा पाश्चात्य जगत्का उत्तरआधुनिकतावाद, विनिर्माणवाद, डायोस्पोरिक लेखन अभिघात सिद्धान्तमा आधारित कविताहरू लेखिन थालिएको पाइन्छ ।

नेपाली बालसाहित्यअन्तर्गत बालकविताको क्षेत्रमा धेरै नेपाली कविहरूले महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । नेपाली कविता लेखनमा बालकविता सिर्जना अलिक पछि मात्र

भएको देखिन्छ । बालबालिकाहरूका मनोरञ्जनलाई प्राथमिकतामा राखेर सिर्जना गरिएका कविताहरू नै बालकविता हुन् । यसमा बालशुलभ, बोधगम्य भाषाको प्रयोग गरिएको हुन्छ । नेपाली बालसाहित्यको इतिहासमा जय पृथ्वी बहादुर सिंहको बालबोध नं. १ लाई महत्त्वपूर्ण र ऐतिहासिक कृतिको रूपमा लिने गरिन्छ । नेपाली बालकविताको उन्नयनमा लेखनाथ पौड्याल, चक्रपाणि चालिसे र राममणि आदिहरूको ऐतिहासिक योगदान देखिन्छ । आरम्भमा प्रकाशित नेपाली बालकवितामा पशुपक्षी, जनावर, ईश्वर, चाडपर्वबारे शीर्षकीकरण गरिएको पाइन्छ । बालकवितामा लक्ष्मीप्रसाद देवकोटाको उल्लेखनीय योगदान देखिन्छ । नेपाली बालकविताका क्षेत्रमा राष्ट्रकवि माधव घिमिरेले विशिष्ट योगदान पुऱ्याएका छन् । घिमिरेले नेपाली बालकविताको भण्डारलाई समृद्ध तुल्याएको पाइन्छ ।

नेपाली बालकविता सिर्जनामा थुप्रै उत्तरवर्ती स्रष्टहरूले सिर्जना रचना गरेको देखिन्छ । यस सन्दर्भमा कवि कृष्णप्रसाद पराजुली, कुलमणि देवकोटा, कृष्णप्रसाद दुवाल, मधुकरी कर्माचार्य, बालकृष्ण पोखरेल, दैवज्ञराज न्यौपाने, नरेन्द्र चापागाइँ, प्रेमा शाह र काशीराज सुवेदीहरू पर्दछन् । यस क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कविहरूमा प्रगतिवादी सर्जक श्यामप्रसाद शर्मा, युगकवि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, दुर्गालाल श्रेष्ठ, उन्नतिशिला बोहरा, जगदीशचन्द्र भण्डारी, विश्वनाथ भण्डारी, जनकप्रसाद हुमागाई, नर्मदेश्वरी सत्याल, जगत् प्रेक्षित आदि पर्दछन् । कुनै पनि साहित्यिक विधा सिर्जनाको निम्ति विभिन्न त्वहरूको आवश्यकता भएझैं बालकवितामा पनि शीर्षक, विषयवस्तु, भावविधान, लय, भाषाशैली, दृष्टिविन्दु, चित्रको आवश्यकता पर्दछ । बालबालिकाका मनोरञ्जनलाई ध्यानमा राख्दै उनीहरूका कोमल मन-मस्तिष्कमा सहजै प्रभाव पार्ने विषयवस्तु एवम् सरल, सरस भाषाशैलीको प्रयोग गरेर सिर्जना गरिने बालशुलभ कविता नै बालकविता हो । यसको भाषा शैली, सरल, सरस र बोधगम्य हुनुका साथै लयात्मक हुनुपर्दछ । बालबालिकाका वरिपरि पाइने अझ तिनीहरू खेल्दा प्रयोग गर्ने विषयवस्तुहरूको संयोजनबाट बालकविता सिर्जना गर्दा अति प्रभावकारी हुन्छ ।

बालकवितामा चरा, मुसो, खरायो, हरिण, गाई, बाखा, जून-तारा, आकाश, पुतली, फूल, उद्यान, घडी, रुख विरुवा, पीङ, चाडपर्वजस्ता विषयवस्तुहरूको प्रयोग ज्यादै नै रोचक र प्रभावकारी मानिन्छ । बालकविता मनोरञ्जन केन्द्री हुनुका साथै नीति चेत, शिक्षाप्रद, अनुशासन मर्यादा आदि सिकाउने खालको भयो भने झन् प्रभावपरक हुन्छ । यसमा बाल

मनोविज्ञानको पूर्णत ख्याल गर्नुपर्दछ । बालकविता बालबालिकाको रुचि अनुकूल हुनु राम्रो मानिन्छ । यसमा कवि प्रोढोक्ति शैली वर्जित मानिन्छ । बाल कवि अमर तुम्याहाङले 'मेरी सानी नानी' बालकविता सङ्ग्रह दिएर नेपाली बालसाहित्यलाई ठूलै गुण लाएको देखिन्छ । उनको यो कृति नेपाली बालसाहित्य १०० वर्ष पुग्नै लाग्दाखेरि वि.सं. २०५६ मा प्रकाशित भएको हो । यसमा बालबालिकाका मनोरञ्जनकेन्द्री ज्ञानबर्द्धन खुराक छन् ।

# अध्याय चार
# कवि अमर तुम्याहाङका मूलभूत प्रवृत्तिहरू

## ४.१ परिचय

कवि अमर तुम्याहाङ 'शहीद' (२०५५) शीर्षकको कविता प्रकाशन गरेर साहित्यको धरातलमा पाइला टेकेका हुन् । हालसम्म साहित्यका फाँटमा कवि, समालोचक, कथाकार, निबन्धकार र बालसाहित्यकारका रूपमा प्रतिष्ठित छन् । उनको प्रथम बालसाहित्यिक कृति 'मेरी सानी नानी' बालकविता सङ्ग्रह २०५६ सालमा प्रकाशित भएको हो ।

अमर तुम्याहाङको प्रकाशित बाल कविता सङ्ग्रहको विश्लेषणात्मक अध्ययनपछि त्यसको मूल्याङ्कन गर्दा उनले जीवन र जगत्का विषयवस्तुहरू जुन बालबालिकाका लागि रोचक लाग्ने खालका छन् । तिनैलाई विषयवस्तु चयन गरी कविता सिर्जना गरेको देखिन्छ । कवि तुम्याहाङले वि.सं. २०४७ को प्रजातन्त्र पुनर्बहाली पश्चात् कविता सिर्जना गरेकोले बालकविताका सरल र सरस विषयवस्तुहरू आएको देखिन्छ । भाषा, साहित्य, इतिहास, संस्कृतिजस्ता विविध विषयमा कलम चलाउने कवि तुम्याहाङको बहुआयामिक व्यक्तित्व प्रतिभा सम्पन्न छ । उनको बाल कविता सङ्ग्रह 'मेरी सानी नानी' मा विविध विषयवस्तु छन् । तिनमा विषयगत बहुलता त छँदैछ साथसाथै लयात्मकता, अनुप्रासयुक्त र भावप्रधान पनि छन् । उनको बालकविता सङ्ग्रह 'मेरी सानी नानी' कै कविताका आधारमा उनका कवि व्यक्तित्वका मूलभूत प्रवृत्तिहरू केलाउनु उपयुक्त हुने देखिन्छ ।

## ४.२ कवि अमर तुम्याहाङका मूलभूत प्रवृत्तिहरू

कविले काव्य रचना गर्दा काव्यमा उसले देखेको, भोगेको, अनुभूत गरेको सामाजिक संरचना, संस्कार, संस्कृतिका विविध विषयवस्तुको उद्बोधन गर्छ । बालकवितामा बालबालिकाकै विविध सामग्रीको प्रयोग र प्रस्तुति हुन्छ । बालकविताको मूलभूत उद्देश्य मनोरञ्जन हुन्छ । यसका साथसाथै ज्ञानगुणका कुराहरूको सम्प्रेषण पनि हुन्छ । कुनै पनि सर्जक स्रष्टाका विशेषताहरूबारे सर्जक-स्रष्टाको कृतिबाट पाउन सकिन्छ । यहाँनेर कवि अमर तुम्याहाङका विशेषता वा प्रवत्तिहरूबारे थाहा पाउन उनकै बालकविता सङ्ग्रह 'मेरी सानी नानी' लाई आधार बनाउनु उपयुक्त हुन्छ । कवि अमर तुम्याहाङका मूलभूत प्रवृत्तिहरूलाई निम्न अनुसारका उपशीर्षकहरूमा वर्गीकरण गर्नु राम्रो हुन्छ ।

### ४.२.१ मौलिकता

कवि अमर तुम्याहाङको प्रवृत्तिहरूमध्ये मौलिकता प्रमुख प्रवृत्ति हो। उनका बालकविताहरूमा विषयवस्तुको छनोट र भाषाशैलीमा मौलिकता पाइन्छ। शोधसामग्री सङ्कलनका क्रममा शोध नायकसँगको अन्तर्वार्तामा शोध नायकले बताएअनुसार उनी जनवादी साहित्यकार जनकप्रसाद हुमागाईका बालसाहित्यबाट प्रभावित भएको बुझिन्छ ।

उनले जीवनयापनको क्रममा विभिन्न ठाउँको भ्रमण, बालबालिकालाई नियालेर हेर्ने अवसर पाए। विभिन्न ठाउँका बालबालिकाहरूसँगको घुलमिल गरी बालरुचि अनुकूल विषय चयन गरी कविता रचना गरेको पाइन्छ। उनको बालकविता सङ्ग्रहमा सङ्गृहीत बाल कविताहरूमा बालमनोभावना अभिव्यक्त हुनुका साथै बालसंसारसँग सहसम्बन्धित विभिन्न विषयवस्तु समेटिएका छन्। कवि अमरका कविताले बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै सिर्जनशील हुन पनि उत्प्रेरणा प्रदान गरेका छन् ।

बालबालिकासँग घुलमिल गरी बालकृति सिर्जना गर्ने हुनाले उनका बालकविताहरू मौलिक खालका छन्। यो उनको आफ्नै विशेषता हो। उनले अग्रज साहित्यकारहरूबाट प्रेरणा र प्रभाव पाए पनि विषय चयन र शैलीमा मौलिकता देखाएका छन् ।

### ४.२.२ लघुकाय संरचना

कवि अमर तुम्याहाङले छोटा छोटा संरचना भएका बालकविता सिर्जना गरेका छन् । बालबालिकाले छिटै पढेर सक्ने खालका बालकविताहरू रोचक छन्। उनले बाल मनोभावअनुकूल लघुकाय कविता रचेको पाइन्छ। तुम्याहाङका बालकविताहरूमा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये लेखनमा लघुकाय पनि एक हो। उनका हरेक कवितालाई हेर्दा छोटा आकारका छन्। यही छोटो आकारमा बाल रोचक विषयवस्तु चयन गरी बालकको मन जित्ने खालका कविता रच्नु उनको प्रवृत्ति हो। संरचनामा लघुकाय आकार बालसाहित्यमा उपयुक्त र प्रभावकारी मानिन्छ। यसरी अमर तुम्याहाङका प्रत्येक कविताको आकार लघुकाय रहेको छ। यो उनको एउटा विशेषता नै हो।

### ४.२.३ विषयगत विविधता

अमर तुम्याहाङका बालकविताहरूमा विषयगत विविधता पाइन्छ। उनले बालबालिकाका वरिपरि सहजै उपलब्ध हुने खालका विषय वस्तुहरूलाई बालकवितामा प्रयोग गरेका छन्। विभिन्न जीवजन्तु, पशुपक्षी, घरसंसार, प्रकृतिका विभिन्न रूप, चाडपर्व परिवारका मान्यजन, संस्कृति, बानी व्यवहार, खानपान जस्ता बालबालिकालाई मनपर्ने

विविध विषय समेटिएको पाइन्छ । उनले बालबालिकाको जिज्ञासु प्रवृत्तिलाई ध्यानमा राखी उत्कृष्ट खालका कविता रचेका छन् । कवि अमर तुम्याहाङको कवितामा प्रकृतिको कुनै दृश्य, कुनै प्राणी, कुनै वस्तु, कुनै विचार, अर्ती, शिक्षा वा कुनै भावनालाई प्रकट गरिएको हुन्छ । उनका कविताका विषयहरू काल्पनिक र यथार्थमूलक दुवै किसिमका छन् । कवि अमर तुम्याहाङका बालकवितामा प्रकृति विषयक, पशुपक्षी विषयक, अर्ती उपदेश विषयक, मनोरञ्जन विषयक, मौसम सम्बन्धी, हाँसो ठट्टा सम्बन्धी विविधत्र विषयहरू प्रयुक्त छन् । प्रकृति र जीवनका यावत विषयहरूलाई समेटी कविता लेख्ने अमर तुम्याहाङका कवितामा विषयगत विविधता पाइन्छ, जुन उनको बाल कविताहरूमा पाइने प्रवृत्तिगत विशेषता हो ।

### ४.२.४ प्रतीकात्मकता

अमर तुम्याहाङका कविताहरूमा पाइने प्रवृत्तिहरूमध्ये प्रतीकात्मकता पनि एक हो । प्रतीकले कविको मानसिक भावनालाई सजीव रूपमा उतार्ने काम गर्छ । कविले विभिन्न प्रतीकको माध्यमबाट कवितालाई सजीव तुल्याउने काम गर्छ । कवि तुम्याहाङका कवितामा प्रतीकको समुचित प्रयोग गरिएको पाइन्छ ।

### ४.२.५ कोमल पदावलीको प्रयोग

कवि अमर तुम्याहाङका कवितामा पाइने विभिन्न प्रवृत्तिहरूमध्ये बालशुलभ भाषा शैलीको प्रयोग पनि एक हो । कवि तुम्याहाङका समग्र कवितालाई हेर्दा सरल, सहज, बोधगम्य भाषा प्रयोग गरिएको पाइन्छ । कविताका माध्यमबाट बालबालिकाले मनोरञ्जन पनि लिन सक्छन् । उनका कविताहरू लयात्मक एवम् श्रुतिमधुर देखिन्छन् । अमर तुम्याहाङका कवितामा बालबालिकालाई लक्षित गरेर बालबालिकाले सहजै बुझ्ने खालको भाषा प्रयोग गरिएको पाइन्छ । केटाकेटीहरूले क्लिष्ट र आलङ्कारिक तथा व्यञ्जनात्मक भाषा शैली नबुझ्ने भएकोले उनले सरल, सरस र कोमल पदावलीको प्रयोग गरेको देखिन्छ । उनका बालकविताहरूमा सरल भाषा र शैलीको बालसुलभ प्रस्तुतिले गर्दा बालपाठकहरू माझ प्रिय बनेका छन् । उनका कविताहरू बालबालिकाले स्वतः कण्ठस्थ पार्न सक्ने खालका छन् र खेल्दै गाउँदै पढ्न सक्ने खालका बालसुलभ देखिन्छन् ।

### ४.२.६ सुन्दर एवम् आकर्षक चित्र संयोजन

बालसाहित्यमा चित्र तथा साजसज्जा आवश्यक मानिँदै आएको छ । प्रौढ साहित्य र बाल साहित्यका बीच भेद देखाउने एउटा महत्त्वपूर्ण तत्त्व चित्रको प्रयोग मानिन्छ । बालसाहित्यकार तुम्याहाङको कवितामा सुन्दर एवम् चित्र संयोजन गरिएको देखिन्छ ।

बालबालिकाहरू शब्दमा भन्दा पनि चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूमा कविताको भाव सम्प्रेषण सरल हुने गर्दछ। कविताको भावअनुसार प्रत्येक कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरेका छन्। उनका बालकवितामा प्रयुक्त शीर्षक अनुकूलको चित्र सज्जाले कवितालाई सजीवता प्रदान गरेको पाइन्छ।

## ४.३ योगदान

नेपाली बालसाहित्य अन्तर्गतको बालकविताका क्षेत्रमा कवि अमर तुम्याहाङको महत्त्वपूर्ण योगदान पाइन्छ। बालसाहित्यकार अमर लिम्बूले बालकविता सिर्जना गरेर नेपाली बालसाहित्यको भण्डारमा श्रीवृद्धि गरेको देखिन्छ। पूर्वी पहाडी जिल्ला ताप्लेजुङको खेवाङ गा.वि.स.मा जन्मेका अमर लिम्बूले लिम्बू भाषा र नेपाली भाषामा बालसाहित्य सिर्जना गरेर महत्त्वपूर्ण गुण लाएका छन्। नेपाली भाषामा उनको 'शहीद' र 'मेरी सानी नानी' कविता सङ्ग्रहहरू प्रकाशित छन्। 'मेरी सानी नानी' बालकविता सङ्ग्रह हो। यस कविता सङ्ग्रहमा विविध विषयका २० वटा बालकविताहरू सङ्गृहीत छन्। उनले नेपाल बालसाहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिएको देखिन्छ। उनले बालबालिकालाई मनपर्ने विषयवस्तु प्रयोग गरेर कविता सिर्जना गरेकाले ती मनकारी त छन् नै सँगसँगै अति नै उपयोगी र प्रभावकारी समेत छन्। कवि अमर तुम्याहाङको 'मेरी सानी नानी' बालकविता सङ्ग्रहले नेपाली बालकविताको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ। नेपाली बालसाहित्य लेखन १०० वर्ष पुग्न पुग्न लागेको बेला उनको यो कृति प्रकाशित भएको देखिन्छ। आफू लिम्बू मातृभाषी भएर पनि नेपाली भाषामा बालकविता रचेर नेपाल बालसाहित्यलाई टेवा पुऱ्याउनु उनको ऐतिहासिक र महत्त्वपूर्ण योगदान हो भन्न सकिन्छ। उनले सङ्ख्यात्मक रूपमा एउटा मात्र बालकविता सङ्ग्रह रचे पनि त्यसको गुणात्मकताले ऐतिहासिक महत्त्व बोकेको प्रष्ट छ। वस्तुतः नेपाली बालसाहित्यको क्षेत्रमा कवि अमर तुम्याहाङको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ।

## ४.४ निष्कर्ष

अमर तुम्याहाङले आफ्नो लिम्बू र नेपाली भाषामा साहित्य सिर्जना गरेका छन्। उनले लिम्बू भाषामा भन्दा पनि नेपाली भाषामा बढी साहित्यिक योगदान पुऱ्याएको देखिन्छ। नेपाली बालसाहित्यको क्षेत्रमा कवि तुम्याहाङको विशेष योगदान देखिन्छ। कोमल मन तथा भावुक स्वभावका कवि अमरले नेपाली भाषामा 'मेरी सानी नानी' बाल कवितासङ्ग्रह रचेर विशेष योगदान दिएको देखिन्छ। उनका बालकविताहरू केटाकेटीका

स्वभावलाई मनपर्ने खालका छन् । ती कविताहरू आयामका हिसाबले छोटा छोटा छन् । उनका बालकविताहरू छोटा छोटा आकारका भएकाले बालबालिकाका लागि पठनीय छन् । अमर तुम्याहाङका प्रायजसो कविताहरू अनुप्रासयुक्त र लयात्मक छन् । उनका बालकविताहरूमा अन्त्यानुप्रासको सफल प्रयोग गरिएको पाइन्छ । कविताहरूमा समुचित बिम्ब र प्रतीकको संयोजन गरिएको छ । कतिपय कविताहरू उपदेशमूलक छन् भने कतिपय कवितामा मनोरञ्जन, स्वास्थ्य, चाडपर्व, मौसम आदिबारे केन्द्रित छन् । विविध शीर्षकमा लेखिएका ती कविताहरू बालबालिकाका निम्ति मनोरञ्जन केन्द्री र मर्मस्पर्शी छन् । नेपाली बालसाहित्यमा 'मेरी सानी नानी' बालकविता सङ्ग्रह रचेर उनले महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

# अध्याय पाँच

# अमर तुम्याहाङको 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

## ५.१ विषय प्रवेश

कवि अमर तुम्याहाङले नेपाली बालसाहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । पूर्वी पहाड ताप्लेजुङको जनजाति लिम्बू परिवारमा जन्मेका अमरले नेपाली भाषामा 'मेरी सानी नानी' बालकविता लेखेर उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । उनको पहिलो शहीद कविता सङ्ग्रह वि.सं. २०५५ सालमा प्रकाशित भएको देखिन्छ । यसको लगत्तै वि.सं. २०५६ सालमा उनको 'मेरी सानी नानी' बालकविता सङ्ग्रह प्रकाशित भएको हो । यस सङ्ग्रहमा 'फूल हाँस्छ', 'म्याउँ म्याउँ बिरालो', 'कोरी कोरी काइँ', 'चङ्गा', 'रुख र वन', 'ज्ञानी बन्नु पर्छ', 'मेरी सानी नानी', 'काफल पाक्यो', 'इच्चुकी निच्चुकी', 'चाकाचुली', 'काग दाइ', 'गुच्चा', 'आदे पादे', 'कान कि मान', 'आच्छुको जाडो', 'पीङ', 'हजुर बा', 'सफलताको शिखर', 'भँगेरी यो चरी', 'देश स्वर्ग रानी' शीर्षक कविताहरू सङ्गृहीत छन् । यस अध्यायमा यिनै बालकविताहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

## ५.२ 'मेरी सानी नानी' कवितासङ्ग्रहको अध्ययन

बालकवितामा बालबालिकाका मनोरञ्जनलाई मुख्य उद्देश्यमा राख्ने गरिन्छ । यस्तो कवितामा मनोरञ्जन त हुनै पर्दछ, सँगसँगै तिनका कोमल मन मस्तिष्कलाई प्रफुल्लित पार्ने खालका विषयवस्तुको चयन र प्रस्तुति समेतलाई ध्यानमा राख्नु पर्दछ । कवितामा भाव र लयलाई प्राथमिकता क्रममा राख्ने गरिन्छ । ती पक्षहरूको समुचित समन्वय आवश्यक देखिन्छ । बालबालिकाले आफ्ना वरिपरिका विषयवस्तुबारे कविता पढ्न पाए भने दङ्ग पर्छन् । तिनीहरूले आफ्ना घर, आँगन, करेसामा देख्ने र आफू खेल्ने विषयवस्तुबारे लयात्मक कवितामा पढ्न र सुन्न पाए भने रमाई रमाई घोक्न थाल्छन् । यसबाट प्रत्यक्षतः दुइटा लाभ हुन्छन् । एउटा बालबालिका पढाइप्रति अभिरुचि राख्न थाल्छन् अर्कोचाहिँ आफ्नो घरायसी र पारिवारिक परिवेशमा प्राप्त स्वभाषी शब्दभण्डारको अध्ययन र संरक्षण समेत गर्दछन् (केवरत, २०७२ : ५८) । बाल कवितामा बालबालिकाले सहजै बोध गर्ने खालका घरायसी वातावरणमा उपलब्ध हुने सामग्री वा विषयवस्तुलाई लयात्मक ढाँचामा प्रस्तुत

गरिनु महत्त्वपूर्ण ठहर्दछ । कवि अमर तुम्याहाङद्वारा रचित 'मेरी सानी नानी' बालकविता सङ्ग्रहको सङ्क्षिप्त चर्चा गर्ने ध्येय रहेकोले 'मेरी सानी नानी' मै केन्द्रित हुनु महत्त्वपूर्ण देखिन्छ ।

'मेरी सानी नानी' बालकविता सङ्ग्रह हो । यसमा जम्मा २० वटा बालकविताहरू छन् । ती कविताहरू विविध विषयवस्तुका छन् । अमर तुम्याहाङद्वारा रचित यो कृति मूलतः स-साना बालबालिकाको मनोरञ्जन र अभिरुचिलाई प्राथमिकतामा राखेर सिर्जना गरेको देखिन्छ । 'मेरी सानी नानी' शिशुहरूका लागि रचिएको कवितासङ्ग्रह हो । यसमा तिनीहरूको मनोरञ्जनलाई ध्यानमा राखिएको पाइन्छ । यस सङ्ग्रहभित्र बालशुलभ भाषा र रोचक शैलीमा लेखिएका कविताहरू छन् । शिशु एवम् बालबालिकाका निम्ति रचिएका यी कविताहरू प्रभावकारी छन् । भाषाशैली र प्रस्तुतिका हिसाबले ती कविता रोचक र आह्लादकारी छन् "एकथरि स-साना शिशुहरूका लागि मनपर्ने अति सरल लोरी खालका कविता छन् । अर्काथरी अलि माथिल्ला उमेर समूहका बालबालिकाका लागि रुचिकर लाग्ने कविताहरू हुन् भन्ने देखिन्छ ।" (चालिसे, २०५६ : ऊ-ए) । कवि तुम्याहाङले यस कृतिमार्फत प्राथमिक तहका भाइबहिनीहरूलाई केही ज्ञान गुणको खुराक पस्कने जमर्को गरेको देखिन्छ । यस सँगालोभित्र सङ्गृहीत कवितका शीर्षकहरू पनि ससाना भाइ बहिनीहरूलाई मोहित पार्ने खालका छन् । यस कविता सङ्ग्रहमा समाविष्ट कविताहरू बालबालिकाका लागि सहज बोधगम्य त छन् नै सँगसँगै लयगत मिठास पनि बेजोडको पाइन्छ ।

'मेरी सानी नानी' कवितासङ्ग्रहभित्र विभिन्न शीर्षकका २० वटा कविता संकलित छन् । ववेच्य कविता सङ्ग्रहमा सङ्गृहीत विविध शीर्षकका कविताहरूलाई विषयवस्तुका आधारमा उप-शीर्षकीकरण गरेर विश्लेषण गर्नु मनासिव देखिन्छ । यस सङ्ग्रहभित्रका कविताहरूलाई प्रकृति विषयक, पशुपक्षी विषयक, स्वास्थ्य विषयक, उपदेश विषयक, मनोरञ्जन विषयक, खेल विषयक, मौसम विषयक र हाँसो ठट्टा विषयक गरी सात उपशीर्षकमा वर्गीकरण गर्न सकिन्छ । 'फूल हाँस्छ' अनि 'रुख र वन' शीर्षक कविताहरूलाई प्रकृति विषयक कविताअन्तर्गत राखेर अध्ययन गर्नु राम्रो हुन्छ । 'म्याउँ-म्याउँ बिरालो', 'भँगेरी यो चरी' र 'काग दाइ' शीर्षकका बालकविताहरूलाई पशुपक्षी विषयक कवितामा राखेर अध्ययन विश्लेषण गर्नु उचित हुने देखिन्छ । 'कोरी कोरी काइँ' कवितालाई स्वास्थ्य विषयमा राखेर अध्ययन गर्नु राम्रो हुन्छ । त्यसै गरी 'ज्ञानी बन्नु पर्छ', 'सफलताको शिखर',

'देश स्वर्ग रानी' र 'मेरी सानी नानी' शीर्षकका कविताहरूलाई अर्ती उपदेश विषयक कविता अन्तर्गत अध्ययन विश्लेषण गर्नु उपयुक्त हुन्छ। 'चङ्गा', 'इच्चुकी निच्चुकी', 'चाकाचुली', 'गुच्चा' कविताहरूलाई खेल शीर्षकमा वर्णन विश्लेषण गर्नु राम्रो हुन्छ। 'कान कि मान', 'पीङ' र 'हजुर बा' शीर्षक कविताहरूलाई मनोरञ्जन शीर्षकमा राख्नु वेश हुन्छ। यसमा प्राकृतिक मौसम सम्बन्धी 'काफल पाक्यो', 'आच्छुको जाडो' जस्ता कविताहरू छन्। त्यसैगरी 'आदे पादे' शीर्षकको हाँसो ठट्टा सम्बन्धी बालकविता पनि सङ्गृहीत छ। यस सङ्ग्रहभित्र विविध विषयका कविताहरू छन्। ती कविताहरू शिशु र बालबालिकाका निम्ति पठन योग्य तथा सङ्ग्रहनीय छन्। यस कविता सङ्ग्रहमा बाल खेलजगत्का लोकप्रिय खेलहरूलाई रोचक कविता बनाई प्रस्तुत गरिएको पाइन्छ। शोध्य कविता सङ्ग्रहमा प्रकृति र समाज, बोटविरुवा र वातावरण, राष्ट्रियता र राष्ट्र प्रेम, दिनचर्या र अनुशासन आदिका विषयमा सचेतताका साथ प्रस्तुत गरिएको छ (हुमागाई, २०५६ : आ)।

यसरी 'मेरी सानी नानी' कवितासङ्ग्रहका सबै बालकविताहरू बालबालिकाहरूका निम्ति बोधगम्य र ज्ञानप्रदत छन् नै सँगसँगै तिनमा केटाकेटीहरूलाई आफूतिर आकर्षित पारी राख्ने लयविधान पनि त्यतिकै सशक्त र बेजोड रहेको पाइन्छ। आकारगत हिसाबले यो कृति सानो भए पनि यसभित्रका विषयवस्तु साह्रै महत्त्वपूर्ण र गुणात्मक रहेका छन्।

### ५.२.१ भावभूमिका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन

अमर तुम्याहाङको यस कविता सङ्ग्रहलाई भावभूमिका आधारमा छुट्याएर अध्ययन गरिएको छ। यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई निम्नानुसार सात उपशीर्षकमा वर्गीकरण गरेर अध्ययन गर्नु उपयुक्त हुन्छ;

(अ) प्रकृति विषयक

(आ) पशुपक्षी विषयक

(इ) स्वास्थ्य विषयक

(ई) अर्ती उपदेश विषयक

(उ) खेल विषयक

(ऊ) मनोरञ्जन विषयक

(ऋ) मौसम विषयक

(ए) हाँसो ठट्टा विषयक

### ५.२.१.१. प्रकृति विषयक

प्रकृतिअन्तर्गत धेरै चीज वस्तुहरू पर्दछन् । मान्छेले प्रकृतिबाट धेरै चीज उपहारको रूपमा पाएको छ । प्राकृतिक विषयवस्तुहरूमा नदीनाला, पर्वत, झरना, वन, आकाश, हावा, पानी आदि पर्दछन् । कुनै पनि स्रष्टाले आफ्नो सिर्जनामा उपर्युल्लिखित प्राकृतिक विषयवस्तुको प्रयोग गर्छ । प्राकृतिक विषयवस्तुले साहित्यमा आकर्षण थप्ने काम गर्छ । आस्तिकहरूले प्रकृतिलाई ईश्वरद्वारा निर्मित रचनाको संज्ञा दिन्छन् भने वस्तुगत अध्ययनमा विश्वास गर्नेहरू यसमा डार्बिनको उद्‌विकासको सिद्धान्तलाई अघि सार्दछन् । कवि अमर तुम्याहाङद्वारा रचित ‘मेरी सानी नानी’ कवितासङ्ग्रहमा प्रकृति विषयक ‘फूल हाँस्छ’, ‘रुख र वन’ जस्ता शीर्षक कविताहरू रहेका छन् । यी कविताहरूबारे विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

### ५.२.१.१.अ. ‘फूल हाँस्छ’ कविताको अध्ययन विश्लेषण

फूल प्रकृति प्रदत्त वनस्पति हो । यसले सुन्दरता प्रदान गर्छ । फूल वासनायुक्त हुने भएकोले यसबाट मानिसहरू आह्लादित समेत हुन्छ । फूलको जीवन मानिसको जीवनझैँ नश्वर क्षणिक र नश्वर हुन्छ । प्रकृतिप्रेमी कवि अमरले लालित्य र सुवासयुक्त फूललाई माया र संरक्षण गर्नुपर्ने कुरामा विशेष जोड दिएका छन् :

“मायाँ गरे फूल हाँस्छ
टिपे आँशु झार्छ
तिमी हाँसे फूल हाँस्छ
कस्तो मीठो प्यार छ” (तुम्याहाङ, २०५६ : १)

यस श्लोकमा कविले फूलप्रति माया सद्‌भाव दर्शाउनु पर्ने भाव व्यक्त गरिएको छ । मानिसले निःशुल्क प्राकृतिक उपहार फूललाई माया गरे फूल पनि हाँस्ने र फूल टिपे आँसु झार्ने सजीव चित्रण गरिएको छ । यहाँनेर कविले प्रकृतिको अर्थात् प्राकृतिक उपहार फूलको मानवीकरण गरेका छन् । मान्छेले फूललाई माया गरे फूल हाँस्ने र टिपे आँसु झार्ने सन्दर्भले प्रकृतिको मानवीकरणलाई प्रष्ट्याएको छ । यहाँनेर कवि तुम्याहाङको स्वच्छन्दतावादी भाव अभिव्यक्त भएको देखिन्छ । यहाँनेर फूल र मानिस बीचको अमेद्य सम्बन्ध देखाइएको छ ।

फूलको जीवन मानिसझैँ क्षणभङ्गुर र नश्वर हुन्छ । मानिसको जीवन र मृत्यु भएझैँ फूलको पनि जीवन र मृत्यु सुनिश्चित हुने सम्वेदनशील विषयवस्तुको उठान

गरिएको छ ।

“फूल पनि मानिस हो
माया गर्नुपर्छ
नटिप यो नानी हो
हामी जस्तै मर्छ ।” (तुम्याहाङ, २०५६ : २)

मानिसले उद्यानको शोभा फूललाई टिप्नु हुँदैन । सामाजिक विवेकशील प्राणी मानिसले वनस्पतिजन्य कोमल फूललाई माया गर्नुपर्छ । फूललाई त्यसको बोटविरुवाबाट टिपे त्यसको जीवन समाप्त हुने कुरा कविले सानासाना नानीलाई शिक्षा दिन खोजेको देखिन्छ । बोटबाट फूल टिप्दा मानिसको झैँ फूलको अन्त्य हुने अन्यन्त गम्भीर र अति समवेदनशील विषयवस्तुको महत्त्वमाथि जोड दिइएको छ ।

कोमल मन र भावुक स्वभावका कवि अमरले फूल फूले शोभा बढ्ने सन्दर्भमा विशेष जोड दिँदै भनेका छन्,

“फूल सधैँ फुले नानी
सिर्जना नै हास्छिन्
तिमीसँग सानी सानी
चरीबरी नाच्छिन्” (तुम्याहाङ, २०५६ : २)

कविले फूलबारीमा फूल स्वतन्त्र र स्वच्छन्द तवरले फुल्न पाउनु पर्छ भनेका छन् । फूलबारीमा फूल फुले वातावरण नै मनमोहक हुने र चारैतिर खुशीयालीको माहौल निर्माण हुने निश्चित छ । उद्यानमा रङ्गीबिरङ्गी फूलहरू ढकमक्क फुलेमा त्यहाँ ससाना चराचुरुङ्गी, पुतली र बालबालिकाहरू प्रफुल्लित भएर रमाउने प्रसङ्गमा विशेष जोड दिन थालेका छन् । उनले उद्यानमा सधैँ फूल हराभरा र ढकमक्क फुल्नुपर्छ भन्ने विषयमा विशेष जोड दिएका छन् ।

### ५.२.१.१.आ. ‘रुख र वन’ कविताको अध्ययन विश्लेषण

वनमा धेरै रुख, बोटविरुवा, लहरा वनस्पति आदि हुन्छन् । यी प्राकृतिक विषयवस्तुहरू र मानव बीच प्रत्यक्ष सम्बन्ध हुने भएकोले यी सबैको संरक्षण, सम्वर्द्धन अपरिहार्य छ । तसर्थ हाम्रो वासस्थानको वरपर रुख रोपेर हरियाली वातावरण बनाउनु पर्छ भन्नेमा कविको जोड छ,

"रोप्नु पर्छ रुख
हाम्रो वरपर
काट्नु हुन्न रुख
प्रकृतिको घर ।" (तुम्याहाङ, २०५६ : ९)

रुखले हामीलाई प्राण वायु दिन्छ। यसले हामीलाई हरियाली वातावरण समेत दिन्छ। हामीले रुख रोपेर प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ। कविले रुखलाई प्रकृतिको घर भनेका छन्। रुख भनेको हरियालीपन हो। वास्तवमा हामीले प्रकृतिको संरक्षण गर्न रुख, विरुवा, बोट, लहरा, वनस्पति आदिको संरक्षण गर्नु आवश्यक छ। रुख र वन त मानिस मात्रैको होइन चराचुरुङ्गी, जीवजन्तु सबैको वासस्थान हो। तसर्थ यसलाई जोगाउनु पर्छ भन्ने कविको आह्वान हो,

"वन हाम्रो धन
वन हाम्रो जीवन
वन धर्तीको ओजेन
हो कि हैन ? एक फेर भन ।" (तुम्याहाङ, २०५६ : १०)

कवि यस सन्दर्भमा प्रकृतिप्रेमी देखिन्छन्। यस पङ्क्तिमा उनी सचेत वातावरणविद् झैँ ओजेन तह जोगाउन वनको संरक्षण गर्नुपर्ने विषयमा सचेत गराउन खोजेका छन्। ओजोन तहको विनाश भयो भने प्राकृतिक विपत्ति आउनुका साथै मानव सभ्यता नै खतरामा पर्न सक्ने तर्फ सजग गराउन खोजेको देखिन्छ। हामीले वृक्षारोपण गरेर प्राकृतिक सन्तुलन कायम राख्नु पर्छ,

"वन फाँडे साथी
नाङ्गो हुने धरा
वन रहे साथी
मुस्कुराउने चेहरा ।" (तुम्याहाङ, २०५६ : १०)

अनियन्त्रित वन फँडानीले यहाँको पर्यावरण नै उजाडिने खतरा बढ्छ। त्यस्तो भएमा यस्तो सुन्दर धर्ती नाङ्गो र उजाड हुने कुरातर्फ उनले सजग गराएका छन्। हरियो वन रहे धरामा वासस्थान हुने सबैको जीवन सुरक्षित रहनेतर्फ ध्यानाकृष्ट गराउन खोजेको देखिन्छ। उनले वन फँडानीलाई रोकेर हरियाली वृद्धिमूलक कार्यक्रममा हामी सबै तल्लीन

भएर लाग्नुपर्ने तर्फ सचेत गराउन खोजेको देखिन्छ । प्राकृतिक विषयवस्तुको विलोपनसँगै विभिन्न किसिमको विपत्ति आउन सक्ने भएकाले त्यसको उचित संरक्षण आजको टड्कारो आवश्यकता हो । वन फँडानी गरेर नाङ्गिएको यस धरामा कोही पनि सुरक्षित नहुने तर तिनै वनको उचित संरक्षण गर्न सकेमा सबैको जीवन सुरक्षित र सुन्दर हुनेतर्फ उनको सङ्केत देखिन्छ ।

### ५.२.१.२. पशुपक्षी विषयक

पशुपक्षीहरू पनि हामीजस्तै महत्त्वपूर्ण जीवजन्तु हुन् । पशुपक्षीले पनि पर्यावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । मानिसका निम्ति पशुपक्षी प्यारा र उपयोगी हुन्छन् । बालबालिकाहरू पशुपक्षीबाट अझ बढी रमाउने गर्छन् । बालसाहित्यका सर्जकहरूले बालबालिकाको ध्यानाकृष्ट गर्न विभिन्न पशुपक्षीहरूबारे कविता सिर्जना गर्ने काम गर्छन् । यसअन्तर्गत सुगा, काग, बिरालो, भँगेरा, कोइली, खरायो, मृग, गाई, बाच्छा, पुतली, सारौ आदि पर्दछन् । कवि अमर तुम्याहाङले शोध्य कविता सङ्ग्रहमा 'म्याउँ-म्याउँ बिरालो', 'भँगेरी यो चरी' र 'काग दाइ' शीर्षकका छुट्टाछुट्टै कविता रचेका छन् । यहाँनेर यी तिनवटै कविताहरूबारे विश्लेषण गर्नु आवश्यक छ ।

### ५.२.१.२.अ. 'म्याउँ-म्याउँ बिरालो' कविताको विश्लेषण

मानव वस्तीमा बिरालोलाई छट्टु जनावरको रूपमा लिने गरिन्छ । बिरालोलाई खेती किसानी गर्नेहरूले उपयोगी जनावर मान्ने गर्दछन् । घरपरिवारमा बालबालिकाहरूले बिरालोलाई आफूसँग रमाई रमाई खेल्ने साथीको रूपमा प्रयोग गर्छन्

"म्याउँ-म्याउँ बिरालो

तिमी यता आऊ

घर खन्ने मुसा

तिमी समाई खाऊ" (तुम्याहाङ, २०५६ : ३)

यस पङ्क्तिमा कविले घरमा बालबालिका र बिरालो बीच पारस्परिक संवाद हुने सन्दर्भ दर्शाएका छन् । उनले घरमा जतातते दुलो बनाएर दुःख दिने मुसालाई नियन्त्रण गर्न बिरालोको प्रयोग गर्ने चलनलाई दर्शाउन खोजेका छन् । गाउँ टोलमा मुसाले अत्यधिक दुःख दिएपछि मानिसहरूले मुसाको विगोबाट मुक्ति पाउनका लागि बिरालोको प्रयोग गर्ने सन्दर्भलाई यहाँ देखाउन खोजिएको छ । त्यसै पनि बिरालो घर पालुवा जनावर हो । बालबालिकाहरू बिरालोलाई आफ्नो मनोविनोदको साथी बनाउनेअअअअअअअअतर्फ कवि

तुम्याहाङले जोड दिन खोजेको देखिन्छ ।

### ५.२.१.२.आ. 'भँगेरी यो चरी' कविताको अध्ययन विश्लेषण

'भँगेरी यो चरी' मानव वस्तीमा गुँड बनाएर बस्छ । साना साना कदका भँगेरी चरीहरू फऱ्याक फुरुक गरेर उड्ने र रमणीय वातावरण सिर्जना गर्ने कविको ठम्याइ छ;

"भँगेरी यो चरी
फऱ्याक फुरुक गरी
मेरो वरिपरि
घुमिदिन्छे घरिघरि ।" (तुम्याहाङ, २०५६ : ३१)

घरको दलिनमा गुँड बनाएर बस्ने भँगेरी पक्षीले केटाकेटीलाई रमणीय वातावरणको सिर्जना गरी दिने काम गर्छ । यो चरी मान्छेको वरिपरि निर्भिक भएर उड्ने स्वतन्त्र र स्वच्छन्द उडानबारे कविले बडो रोचक पाराले चित्रण गरेका छन् । भँगेरी चरीको गायन साँच्चिकै कर्णप्रिय हुन्छ;

"कुरा गरी चुर्र-चुर्र
उडी जान्छे फुर्र फुर्र
पुगी आफू घर
उडी आउँछे भुर्र भुर्र ।" (तुम्याहाङ, २०५६ : ३२)

यस पङ्क्तिमा कविले भँगेरी चरीको चिरबिराहटलाई बडो सुन्दर पाराले चित्रण गरेका छन् । उनले भँगेरी चरीको करलवलाई शब्द निनादको स्वरूप प्रदान गरेको पाइन्छ । भँगेरी चरीले परस्परमा चुर्र चुर्र कुरा गर्ने अनि छिन छिनमा फुर्र-फुर्र र भुर्र-भुर्र उडेर जाने स्वभावलाई सटीक पाराले उल्लेख गरेका छन् । यस सन्दर्भमा चुर्र-चुर्र, फुर्र-फुर्र अनि भुर्र-भुर्र शब्दहरूले कवितामा श्रुतिमधुरता थपेको देखिन्छ । चराचुरुङ्गीको प्रयोग गरिएको कविताको माध्यमबाट बालबालिकाहरू रमाउने गर्छन् । भँगेरी चरीको व्यस्तता देखेर कवि भन्छन्,

"लै-लै गर चरी
थाक्यौ कठैबरी
राख्छु माया गरी
बसौन हो छिन्-घरि ।" (तुम्याहाङ, पूर्ववत्)

भँगेरी चरीको घरि यता घरि उताको व्यस्तता देखेर कवि हृदय द्रविभूत भएको देखिन्छ । कोमल मन भएका कविको हृदयमा भँगेरी चरीप्रति दयाभाव उत्पन्न भएको देखिन्छ । कविले भँगेरीलाई आराम गर्न आग्रह गर्छन् । उनी त्यस चरीलाई माया गरी राख्ने हार्दिक सद्भाव समेत प्रकट गर्छन् । वास्तवमा साहित्यकारहरू कमलो मनका हुन्छन् । कविहरू भावुक हुन्छन् । बालकविहरू त झनै संवेदनशील हुन्छन् । यस सन्दर्भमा कवि तुम्याहाङले साना चरीप्रति देखाएको सद्भाव र सहानुभूति वास्तवमै सराहनीय देखिन्छ ।

### ५.२.१.२.इ. 'काग दाइ' कविताको अध्ययन विश्लेषण

कविले यस कवितामा बालबालिका र कागको पारस्परिक संवाद देखाउन खोजेका छन् । मानवीय र मानवेतर पात्र बीचको संवादले कवितालाई जीवन्त तुल्याएको छ,

"काग दाइ - काग दाइ
फल झारी देउन
कागिनी लागिन्
बच्चा व्याउन ।" (तुम्याहाङ, २०५६ : २०)

बालबालिकाहरू अबोध हुन्छन् । तिनीहरू सरल स्वभावका हुन्छन् । बालबालिकाहरू पक्षीहरूसँग जिस्केर खेल्न मन पराउँछन् । यस कवितांशमा अग्लो रुखको हाँगामा बसेको कागसँग फल झारी मागेको सन्दर्भ प्रस्तुत गरिएको छ । बालबालिकाले कागलाई फकाउन दाइको साइनो लाएको प्रसंग प्रयुक्त छ । पशुपक्षीको प्रयोगले बाल कविता अझ बढी सुन्दर बनाउँछ । बालजगत्ले आफ्नो वरिपरि पाउने पक्षीहरूको प्रयोग गरिएको कविता पढ्न बढी रुचाउँछन् ।

### ५.२.१.३. स्वास्थ्य विषयक कविता

बालबालिकालाई कविताको माध्यमबाट स्वास्थ्यबारे शिक्षा दिनु आवश्यक मानिन्छ । स्वस्थ शरीरमा स्वस्थ मन हुन्छ । राम्रो स्वास्थ्य भएको बालबालिकाले राम्रोसँग लेखपढ गर्न, खेलकुदमा राम्रो नतिजा हासिल गर्न सक्छ । बालकविताको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । यसको साथसाथै शिक्षा, स्वास्थ्य, नैतिकता, आचारविचार, राष्ट्र प्रेम आदिबारे ज्ञान दिने काम समेत हुन्छ ।

### ५.२.१.३.अ. 'कोरी कोरी काइँ' कविताको अध्ययन विश्लेषण

कवि अमर तुम्याहाङले बालबालिकालाई स्वास्थ्य सम्बन्धी उचित शिक्षा दिने हेतुले 'कोरी कोरी काइँ' शीर्षकको कविता सिर्जना गरेको देखिन्छ;

"कोरी कोरी काइँ
भेट्न जाऔं माँई
कराएर याँई
ताते गर्ने बुबु खाई ।" (तुम्याहाङ, २०५६ : ५)

यो प्रसङ्गमा आमाले आफ्नी छोरीलाई फकाउँदै कपाल कोर्न लागेको प्रसङ्ग छ । आमाबाबुले सानै उमेरदेखि आफ्ना बालबालिकालाई राम्रा राम्रा बानीहरू सिकाउनु पर्छ । त्यसो गर्न नसकेमा ती केटाकेटी बिग्रन पनि सक्छन् । उपर्युक्त पङ्क्तिहरूमा आमाले छोरीलाई फकाउँदै सफासुग्घर हुनुपर्ने स्वास्थ्य सम्बन्धी शिक्षा दिएको देखिन्छ ।

**५.२.१.४. उपदेश विषयक कविताहरू**

बालबालिका काँचो माटो जस्तै हुन्छन् । तिनलाई व्यवहारोपयोगी शिक्षा दिएर समाज र राष्ट्रको असल एवम् जिम्मेवार नागरिक बनाउन सकिन्छ । आजका बालबालिका भोलिका जिम्मेवार नागरिक हुन् । तसर्थ तिनमा सानैदेखि असल ज्ञानगुणका स्वभाव तथा व्यवहारहरूको विकास गर्दै जानु पर्दछ । बालबालिकालाई चरित्रवान्, कर्तव्य परायण, अनुशासित, समयनिष्ठ बनाउन विभिन्न किसिमका अर्ति उपदेशहरू दिनु आवश्यक हुन्छ । कोही पनि आमाको गर्भबाटै ज्ञानी र नैतिकवान् भएर जन्मिँदैन । उसले अध्ययनबाट, परिवार र समाजबाट आफूमा सद्गुणहरूको विकास गर्दै जाने हो । बालबालिकामा नीति उपदेशका ज्ञान भर्न सानैदेखि सामाजिक, मानवीय र व्यवहारिक गुणहरूको विकासमा जोड दिनु आवश्यक हुन्छ ।

**५.२.१.४.अ. 'ज्ञानी बन्नु पर्छ' कविताको अध्ययन विश्लेषण**

कविले बालबालिकाहरू ज्ञानी बनेर सच्चरित्रको विकास गर्नु पर्छ भन्ने कुरामा जोड दिन खोजेका छन् । ज्ञानी नबनिकन समाज र राष्ट्रको नैतिकवान् र असल नागरिक बन्न नसक्नेमा कविको जोड रहेको पाइन्छ,

"देश राम्रो हाम्रो हो यो
हिमालको काख
क, ख, ग, घ, ए, बी, सी, डी
गर्नु पर्छ पाठ" (तुम्याहाङ, २०५६ : ११)

यस गद्यांशले बालबालिकालाई हिमालको काखमा अवस्थित देशलाई प्रेम गर्न

उत्प्रेरित गरेको छ। बालबालिकाहरू पढी लेखी विद्वान् बन्नु र राष्ट्र सेवामा समर्पित हुनुपर्छ। उनले मातृभूमि प्रेमको शिक्षा दिएको देखिन्छ। पढ्ने लेख्ने उमेरका बालबालिकाहरू आज्ञाकारी हुनु आवश्यक छ,

"आज्ञामानी गुरुज्यूको

ज्ञानी बन्नुपर्छ

साथी साथी मिलिकन

सँगै खेल्नुपर्छ" (तुम्याहाङ, २०५६ : १२)

सिक्ने उमेरका केटाकेटीहरू गुरुआमा र गुरुबाको आज्ञाकारी हुनु आवश्यक छ। यस पङ्क्तिले गुरुजन मात्रै होइन आफ्ना अग्रजहरूप्रति अनुशासित र आज्ञाकारी एवम् नम्र हुनु उचित हुन्छ। त्यसो गर्न सकेमा हामी आफ्ना जेष्ठ अग्रजहरूबाट आशीर्वाद त पाउँछौँ नै सागसँगै राम्रा राम्रा ज्ञानगुणका कुरा समेत सिक्न सक्छौँ। यसले अर्ती-उपदेशको काम गरेको छ। हामीले आफ्ना अग्रज, मान्यजनप्रति सदैव सम्मान एवम् आदरको भाव प्रकट गर्नुपर्दछ भन्ने नैतिक शिक्षा उपर्युक्त पङ्क्तिले दिएको छ। यसको साथै साथीहरूसँग सधैँ मिलेर बस्नुपर्छ, खेल्नु पर्छ भन्ने आचारयुक्त ज्ञानसमेत दिएको देखिन्छ। हामी बालबालिकाहरू आफूभन्दा जेठाहरूप्रति आज्ञाकारी, अनुशासित र कनिष्टहरूप्रति दयालु, सहृदयी हुनु पर्दछ भन्ने शिष्टाचारको सन्देश उपर्युक्त कविताांशले प्रष्ट पारेको छ। बालबालिका समाजको रूपान्तरणका सम्वाहकहरू हुन् :

"आजको कोपिला तिमी

भोलिका फूल

कर्मठ बनी फुटाऊ

विकासको मूल" (तुम्याहाङ, पूर्ववत्)

कविले यस कविताांशमा होनहार बालबालिकालाई सुन्दर, कोमल कोपिलासँग दाँजेका छन्। एउटा सुन्दर पुष्प ढकमक्क फुल्नु पूर्व एउटा कोपिलाकै अवस्थामा रहन्छ ठीक त्यसै गरी समाज र राष्ट्रको कर्मठ, योग्य र जिम्मेवार नागरिक पनि बालबालिकाकै अवस्थामा हुन्छ। समाज र राष्ट्रको अग्रगमणकारी विकास एवम् प्रगतिका निम्ति भविष्यका कर्णधारहरूको अहम् भूमिका रहनेमा कविले विशेष जोड दिन खोजेका छन्। कविले आजका कोपिलातुल्य बालबालिकाबाट समाज र राष्ट्रको सर्वाङ्गीण विकास हुन सक्ने आशा गरेका

छन् । आजका बालबालिका भोलिका कर्मठ नागरिक भएर अगाडि बढे भने विकास कार्यलाई सहजै अगाडि बढाउन सकिन्छ । भविष्यका कर्णधार बालबालिकाबाट कविले धेरै आशा गरेको देखिन्छ;

"तिमी नै हौ आशा ज्योति

उज्यालो भै खुल

कर्मका हर क्षेत्रमा

ज्योति बनी डुल ।" (तुम्याहाङ, २०५६ : १३)

उपर्युक्त कवितांशको माध्यमबाट कविले बालबालिकाबाट समाज र राष्ट्रको चौतर्फी विकासका निम्ति धेरै नै अपेक्षा गरेको देखिन्छ । बालबालिकाहरू कर्मपथमा डटेर लाग्नु पर्ने अर्ती उपदेश समेत दिन खोजिएको छ । समाजको विभिन्न क्षेत्रमा रहेका अज्ञानता, अशिक्षा, कुरीति, पछौटेपन हटाउनका निम्ति बालबालिकाहरू सजग भई लाग्नु पर्ने उपदेश दिन खोजिएको छ । उनले बालबालिकालाई कर्म क्षेत्रमा क्रियाशील भएर लाग्न अर्ती उपदेश दिन खोजेको देखिन्छ । जहाँ जहाँ अन्धकार व्याप्त छ, त्यहाँ त्यहाँ उज्यालो बनी त्यसलाई हटाएर स्वर्णिम र समुन्नत समाज सिर्जना गर्नुपर्ने नैतिक सन्देश दिन खोजिएको छ ।

**५.२.१.४.आ. 'सफलताको शिखर' कविताको अध्ययन विश्लेषण**

लक्ष्य प्राप्तिका लागि दृढ इच्छा शक्ति चाहिन्छ । मान्छेले जबसम्म प्रण गर्दैन तबसम्म उसले कुनै उद्देश्यमाथि विजय प्राप्त गर्न सक्तैन । बालबालिकालाई सुमार्गमा हिँडाउनका लागि सानै उमेरदेखि राम्रा राम्रा कुराहरू सुनाउनु उपयुक्त हुन्छ । बाल मस्तिष्कमा सकारात्मक विचारहरूको प्रवेश गराउन सकियो भने भविष्यमा त्यसले राम्रो नतिजा दिन्छ । केटाकेटीको कोमल मन मस्तिष्कमा सद्भाव युक्त विचार एवम् भावनाहरूको प्रवेश गराउनु आवश्यक हुन्छ;

"म त धेरै पढेर

राम्रो डक्टर हुने हो

राम्रो डक्टर बनेर

देशको व्यथा चिन्ने हो" (तुम्याहाङ, २०५६ : ३०)

बालबालिकालाई सत्मार्ग लगाउन लक्ष्यकेन्द्री कविता रचिएको पाइन्छ । कविले उपर्युक्त कवितांशको माध्यमबाट जनसेवा गरेर मानव कल्याणकारी काम गर्नुपर्छ भन्ने

सन्देश दिन खोजेका छन् । नेपालमा अशिक्षा, अज्ञानता र आर्थिक पछौटेपनका कारण बहुसङ्ख्यक नागरिक स्वास्थ्य सेवाबाट वञ्चित छन् । यस्तो अवस्थामा स्वास्थ्यमा प्रत्यक्ष सेवा पुऱ्याउने चिकित्सक जस्तो प्राविधिक जनशक्तिको आवश्यकता हुन्छ । कविले बाल मस्तिष्कमै जनसेवाजस्तो लोक कल्याणकारी क्षेत्रमा लाग्न अभिप्रेरित गर्ने अभिप्रायले उपर्युक्त कवितांश रचेको देखिन्छ । कवि अमरले बालबालिकालाई देशको चौतर्फी विकास गर्दै अघि बढ्न यस्तो प्रेरणा दिन खोजेका छन् ;

“म त धेरै पढेर
राम्रो पाइलट हुने हो
राम्रो पाइलट बनेर
देशसँगै उड्ने हो” (तुम्याहाङ, २०५६ : ३०) ।

कविले पाइलट बन्न धेरै पढ्नु पर्ने कुरा गरेका छन् । वास्तवमा राम्रो जनशक्ति उत्पादनका लागि दत्तचित्त भएर पढ्नु आवश्यक हुन्छ । पाइलटजस्तो प्राविधिक विषयमा अध्ययन गर्न अझ बढी पढ्नु पर्ने कुराप्रति कविले जोड दिन खोजेका छन् । उनले बालबालिकालाई धेरै पढेर, देशको सर्वाङ्गीण बिकास गर्दै अगाडि बढ्न हौसला प्रदान गरेको देखिन्छ ।

**५.२.१.४.इ. ‘मेरी सानी नानी’ कविताको अध्ययन विश्लेषण**

कवि तुम्याहाङले ससाना बालबालिकाहरूलाई घर परिवारबाटै असल बानी, व्यवहार सिकाउनु पर्छ भन्ने खोजेका छन् । कलिला केटाकेटीहरूलाई शिशु उमेरमै असल बानीहरू सिकाउँदा तिनीहरूको जीवनको पछिल्लो वय राम्ररी बित्छ । अर्थात् तिनीहरूको जीवनको उत्तरार्द्धको समय सुखमय हुन्छ ;

“उठी नानी सबेरै हातमुख धुने
बुबु-पापा खाई पढ्न तयार हुने
माम खाई नानी नाना पनि लाउने
किताब कापी बोकी पाठशाला धाउने ।” (तुम्याहाङ, २०५६ : १४)

केटाकेटीहरूलाई जीवनोपयोगी असल आचरणहरू शिशु अवस्थादेखि नै सिकाउनु उपयुक्त हुन्छ । बालबालिकालाई बिहान सबेरै उठेपछि नित्य कर्म गर्न सिकाउनु पर्छ । वास्तवमा तिनलाई के खराब र के सही भन्ने कुरो थाहा हुँदैन । तसर्थ तिनलाई खाना

खाइवरि पढ्नका लागि नित्य विद्यालय जानु पर्छ भन्ने ज्ञान दिलाउन उपर्युक्त कवितांश रचेको देखिन्छ । विद्यालय जाँदाखेरि आफूसँग पाठ्यसामग्रीहरू किताब र कापी समेत बोकेर लैजानु पर्छ भन्ने शिक्षा दिन उपर्युक्त पङ्क्तिहरू सिर्जना गरिएका हुन् । यसमा असल नागरिक बन्न सानै उमेरदेखि असल स्वभाव एवम् आचरणहरूको विकास गर्दै जानुपर्छ भन्ने नैतिक सन्देश दिन खोजिएको छ । बालबालिकाहरू पढे लेखेर आदर्श नारी र आदर्श पुरुष बन्न सिक्नु पर्छ भन्ने अर्ती दिन खोजिएको छ;

"आमा बाको आज्ञा यिनी सब मान्ने

पढी गुनी पछि ठूलो मान्ने बन्ने

भृकुटी र सीता तिमी पासाङ पनि तिमी

छत्तीस जाते फूलबारीमा फुलिदिने तिमी ।" (तुम्याहाङ, २०५६ : १५)

बालबालिकाहरू मातापिताका आज्ञाकारी हुनुपर्दछ । तिनीहरू जहिले पनि पढि लेखी ठूलो र असल मान्छे बन्ने सपना देख्नु पर्दछ । यसै प्रसङ्गमा कविले भृकुटी, सीता र पासाङ ल्हामुजस्तै ऐतिहासिक, साहसिक र राम्रो काम गरेर आफ्नो व्यक्तिगत र राष्ट्रिय छवि उजिल्याउनु पर्नेमा जोड दिएका छन् । समाज र राष्ट्रमा महत्त्वपूर्ण काम गरेर मानव जीवनलाई सार्थक तुल्याउनु पर्ने अर्ति उपदेश दिन खोजिएको छ । जसरी फूलबारीमा बहुरङ्गी पुष्पहरू हुन्छन् त्यसरी नै समाजमा विविध स्वभावका मानिसहरू हुन्छन् । उद्यानमा प्रत्येक पुष्पको आफ्नो छुट्टै सौन्दर्य र सुवास भएझैँ बालबालिकाले पनि पृथक् र विशिष्ट काम गरेर आत्म गौरवको अनुभूति गर्ने खालेका काम गर्नु पर्दछ । उपर्युक्त कवितांशको माध्यमबाट कविले बालबालिकालाई पछिसम्म सम्झन लायकको काम गर्नु आवश्यक छ भन्ने अर्ति दिन खोजिएको छ ।

### ५.२.१.४.ई. 'देश स्वर्ग रानी' कविताको अध्ययन विश्लेषण

कवि अमर तुम्याहाङले मातृभूमिलाई स्वर्गसँग दाँजेका छन् । उनले बालबालिकालाई राष्ट्र प्रेमको शिक्षा दिन खोजेका छन् ।

"सिर्जनशील बनी

दूर मार्ग खनी

सबैलाई लानी

देश स्वर्ग रानी ।" (तुम्याहाङ, २०५६ : ३४)

बालबालिकाहरू असल कर्मी बन्नु पर्दछ। तब मात्र तिनले समाज र राष्ट्रमा परिवर्तन गर्न सक्छन्। तिनीहरू कुनै निश्चित लक्ष्य प्राप्तिका निम्ति दीर्घकालीन योजना बनाउँदै दूर दृष्टि समेत राख्न सक्नु पर्दछ। बालबालिकाहरू देशको भविष्यका कर्णधारहरू हुन्। तिनीहरूले राष्ट्रिय हितलाई सर्वोपरि स्थानमा राखेर अगाडि बढ्न सके भने राष्ट्रमा साँच्चिकै चौतर्फी विकास हुन्छ। देशमा सबैतिर विकासको ज्योति फैलियो भने नागरिकमा अमन चयनको वातावरण तयार हुन्छ। सम्पन्नता र समृद्धि भयो भने आपसी कलह हुँदैन। जब भाइचारा, भ्रातृत्व, सद्भाव र मानवताको विकास हुन्छ त्यति बेला देश वास्तवमै स्वर्ग तुल्य हुन्छ। देशको मुहारलाई फेर्न र विकसित तथा शान्तमय बनाउन बालबालिकाले लक्ष्य बोकेर अगाडि बढ्नु पर्नेमा कविले जोड दिएको पाइन्छ।

**५.२.१.५. खेल विषयक कविताहरू**

बालबालिकाहरू खेल खेल्न मन पराउँछन्। तिनीहरू खेलबाट शारीरिक र मानसिक सन्तुष्टि प्राप्त गर्छन्। केटाकेटीहरूको बाल मस्तिष्कमा कुनै किसिमको पीर, चिन्ता आदि नहुने भएकाले तिनीहरू बढी समय खेलमै बिताउन मन पराएका हुन्छन्। केटाकेटीहरू आफ्नो उमेर समूह अनुसारका केटाकेटीसँग आफूले सक्ने खालका खेल मात्रै खेल्छन्। खेलको माध्यमबाट तिनले प्रथमतः मनोरञ्जन प्राप्त गर्छन्। अनि तिनको शारीरिक तन्दुरुस्ती हुनुका साथै मानसिक सन्तुष्टि समेत प्राप्त गर्छन्। कवि अमरले बालबालिकाहरूले मन पराउने खेलमा कविता सिर्जना गरेर बालकालिकाको ध्यानाकृष्ट गर्न खोजेको देखिन्छ;

**५.२.१.५.अ. 'इच्चुकी-निच्चुकी' कविताको अध्ययन विश्लेषण**

बालबालिकाहरू खेलमा परस्परमा रमाउने गर्छन्। उनीहरू पालैपालो आकाश-पाताल एकअर्कालाई दिने वाचासमेत गर्छन्;

"इच्चुकी-निच्चुकी

इच्चुकी-निच्चुकी

आकाश ह्वाइँ

पाताल ह्वाइँ।" (तुम्याहाङ, २०५६ : १७)

बालबालिकाहरू कुनै शब्द दोहोऱ्याई तेहेऱ्याई विशेष खालको लय उत्पन्न गर्छन्। यस कवितांशमा पनि इच्चुकी र निच्चुकी शब्दहरू दोहोऱ्याएर साङ्गीतिक ध्वनि उतपन्न गरिएको छ। केटाकेटीहरू कतिपय सन्दर्भमा निरर्थक शब्दहरू बारम्बार प्रयोग गर्दै

बालक्रीडा गर्छन् । बालबालिकाहरू कतिपय अवस्थामा आफ्नै शूरमा शब्दको प्रयोग गर्दै खेल्छन्;

"म लान्छु बाबालाई

तिमी लैजाऊ आमालाई

म लान्छु मामालाई

तिमी लैजाऊ माइज्यूलाई

म लान्छु भाइलाई

तिमी लैजाऊ बैनीलाई ।" (तुम्याहाङ, २०५६ : १८)

बालबालिकाहरू कहिलेकाहीँ खेल खेलमा घर परिवारका सदस्यहरूको भाग बण्डा समेत लाउने काम गर्छन् । यस कवितांशमा बालबालिकाले परस्परमा एकजनाले बाबा, मामा र भाइलाई आफूसँगै लाने उल्लेख गरिएको छ भने अर्कोले आमा, माइज्यू र बैनीलाई लैजाने सन्दर्भ प्रस्तुत गरिएको छ । बालबालिकाहरू बाल खेलमा आनन्दमग्न हुन्छन् ।

### ५.२.१.५.आ. 'गुच्चा' कविताको अध्ययन विश्लेषण

शिशुहरू गुच्चा खेल्न मन पराउँछन् । बाल्य अवस्थामा गुच्चा, खबटा र आँप, कटहर, सिसौ आदिका पात पनि तिनका निम्ति मूल्यवान् हुन्छन् । तिनले यी चीजवस्तुलाई बडो मूल्यवान् ठानेर आफूसँग जोगाएर राख्ने गर्छन् । बालबालिकाहरू रङ्गी विरङ्गी गुच्चा हेरेरै दङ्ग पर्छन् । गुच्चा खेल्दा गुच्चा-गुच्चा परस्परमा ठोकिएर उत्पन्न हुने आवाजले बालबालिकालाई मोहित पार्छ;

"थरी थरी गुच्चा

सबै मिली फुच्चा

लौ खेलौँ गुच्चा

भली-भली गरी आउँन ।" (तुम्याहाङ, २०५६ : २१)

बालबालिकाहरू थरि थरिका गुच्चा लिएर खेल्छन् । भुइँमा गुड्ने ती गुच्चा वास्तवमै केटाकेटीका निम्ति आकर्षणको केन्द्र विन्दु हुन्छन् । गुच्चा खेल्न पनि दुई वा सोभन्दा बढी बालबालिका चाहिन्छ र परस्परमा निश्चित नियम बनाएर गुच्चा खेल्न थाल्छन् । यस कवितांशमा केटाकेटीले एक अर्कालाई गुच्चा खेल्न अनुरोध गरेको देखिन्छ । बालबालिकालाई बालजगतसँग सम्बन्धित खेलका शीर्षक कविताले विशेष सम्मोहित पार्ने

काम गर्छ । यसमा एउटा भुइँमा एउटा सानो ओखल आकारको खाल्डो बनाउने काम हुन्छ'

"ओखलको नजिक

जसको गुच्चा

एक औँला तानी

उसैले ठट्टा

तीन-छ-नौ

हान्दै जाऔँ

बाह्र-पन्ध्र-अठार

त्यसपछि चटार

आऊन साथी

लागेर ताँती

भली भली गरी आउँन ।" (तुम्याहाङ, २०५६ : २२)

उपर्युक्त कवितांशमा बालबालिकाले औँला तानेर गुच्चा खोपीमा भल्ने सन्दर्भलाई संकेत गरिएको छ । यसमा बालबालिकाहरू एकापसमा हौसिँदै आ-आफ्ना गुच्चा पालैपालो खोपीमा हाल्ने प्रसङ्गमा उपर्युक्त कवितांश आएका हुन् । यसरी केटाकेटीहरू गुच्चा खेलेर मनोरञ्जन गर्ने प्रसङ्गलाई कवि अमरले बडो रोचक पाराले प्रस्तुत गरेको देखिन्छ । यस प्रसङ्गमा बालबालिकाहरू एकअर्कालाई उछिनपाछिन गरेर नभई पालैपालो पङ्क्तिबद्ध भएर खोपीमा गुच्चा भल्ने बालशुलभ क्रीडालाई उजागर गर्न खोजिएको छ । यस सन्दर्भले केटाकेटीहरू कुनै पनि खेल खेल्नु पूर्व परस्परमा एउटा निश्चित नियम बनाएर अनि मात्र खेल्ने सन्दर्भलाई समेत प्रष्ट पार्न खोजिएको छ ।

**५.२.१.५.ङ. 'चाकाचुली' कविताको अध्ययन विश्लेषण**

बालबालिकाहरू खेल्न मन पराउँछन् । कुनै पनि खेल खेल्दा तिनीहरू हर्षित हुन्छन् । उनीहरू रमाउन विशिष्ट प्रकारको खेल चाहिँदैन । जे जस्तो खेल भए पनि आफ्ना बाल सँगातीसँग रमाई रमाई खेल्छन्;

"कुन चाहिँले

भुइँ छुनी ?

उही हुने ठूली

फनन-फनन

घुमाई देऊन्... ।" (तुम्याहाङ, २०५६ : १९)

शिशु उमेरकाहरूमा खेलसँगसँगै एकखालको रौसिने भाव पनि हुन्छ । तिनीहरूमा एक अर्कालाई उछिनेर जित्ने प्रतिस्पर्धा समेत हुन्छ । यद्यपि तिनमा रत्तिभर वैरभाव भने हुँदैन । यस कवितांशमा पिङ खेल्दै गरेको सन्दर्भमा पिङमा मच्चिँदै भुइँ छुने खेलाडी ठूलो हुने भाव व्यक्त गरिएको छ । यस पङ्क्तिले एकातिर प्रतिस्पर्धी चेत देखाएको छ भने अर्कोतिर फनन घुमाइ मागेको बाल शुलभ भाषाको प्रयोग छ । यसरी 'चाकाचुली' खेल खेल्दा कम्तिमा दुई जना खेलाडी हुने र तिनीहरू बीच एक अर्कालाई जित्ने प्रतिस्पर्धी भाव समेत हुने उपर्युक्त कवितांशको भाव हो ।

**५.२.१.५.ई. 'कान कि मान् ?' कविताको अध्ययन विश्लेषण**

केटाकेटीहरू अनेक प्रकारका बालखेल खेल्छन् । तिनीहरू हजुरबा, हजुरआमा, बुबा, आमालाई हात्ती र घोडा बनाएर सवार हुन्छन् । त्यसो गर्दा तिनलाई आनन्दको अनुभूति हुन्छ । यस कवितामा देखाइएको चित्र अनुसार एकजना बालक हात्तीको पिठ्युँमाथि सवार भएको देखाइएको छ;

"छुपुछपु धान

नाङ्ला जत्रा कान

समाएर तान

कान कि मान ?" (तुम्याहाङ, २०५६ : २४)

कविले अनुप्रास मिलाउन धान, कान, तान र मान जस्ता शब्द प्रयोग गरेको देखिन्छ । उनले नाङ्ला काने हात्तीमाथि सवार बालक रमाउँदै गरेको प्रसङ्ग छ । साना साना केटाकेटीहरू कुनै जनावरमाथि सवार हुँदा सवार जनावरलाई घरि चिमोट्ने, घरि पुच्छर तान्ने, घरि रौँ तान्ने र कान समेत तान्ने काम गर्छन् । केटाकेटीहरू त्यसो गर्दा सवार जनावरहरू उफ्रिने, कराउने र जीउ उफार्ने गर्छन् । केटाकेटीहरू जनावरका त्यस्ता गतिविधिबाट आनन्दित हुन्छन् । यस कवितांशमा हात्तीमाथि सवार बालकले हात्तीको कान समातेर तान्ने गरेको सन्दर्भलाई उद्धृत गरेको छ । चञ्चल स्वभावका केटाकेटीहरू हात्ती, घोडा आदि माथि सवार हुँदा निकै रौसिन्छन्;

"कान हैन मान

लेफ्टराइट-लेफ्टराइट

मामा घर जाम

बुबमाम खाम ।" (तुम्याहाङ, २०५६ : २५)

हात्तीमाथि सवार भएको बालक हात्ती लमक लमक हिँडेको सन्दर्भलाई आफ्नै सुरमा लेफ्टराइट लेफ्टराइट भनेको प्रसङ्ग छ । हात्तीमाथि सवार बालक लेफ्टराइट लेफ्टराइट गर्दै बुबुमाम खान मामा घर जान थालेको प्रसङ्गलाई अभिव्यक्त गर्न खोजिएको छ । यसरी अबोध शिशुहरू विभिन्न जनावर तथा पशुपक्षीहरूसँग मिलेर खेल्न मन पराउँछन् । तिनले पशुहरूलाई जिस्काएर, चलेर खेले पनि तिनलाई हानी पुऱ्याउने काम भने गर्दैनन् ।

### ५.२.१.६. मनोरञ्जन विषयक कविता

बालबालिकाहरू बालसाहित्यमा बढी मनोरञ्जन प्राप्त गर्छन् । तिनीहरू वृद्ध-वृद्धा हजुरआमा, हजुरबाका नजिक बसेर कथा, चुट्किला, उखान, टुक्का, गाउँखाने कथा लोककथा आदि सुन्न मन पराउँछन् । यस कवितासङ्ग्रह भित्र 'हजुर बा' शीर्षकको भरपूर मनोरञ्जन दिने बाल कविता छ ।

"उखुम उखुम खोकी

हजुर बा आए

बाङ्गो लौरो टेकी

पलैंटी कसी

मझेरीमा बसी" (तुम्याहाङ, २०५६ : २८)

यस कवितांशले खोकी लागेको हजुरबाको वर्णन गरेको छ । हजुर बा अलिक बढी उमेरको हुनु भएकोले लौरो टेकेर हिँड्नु परेको सन्दर्भ वर्णित छ । वृद्धहरू शारीरिक रूपले अशक्त हुने भएकोले कुनै निश्चित ठाउँमा पलैंटी कसेर बस्ने यथार्थ अवस्थाको चित्रण गरिएको छ;

"फेटा छ मुगा

मुसारेर जुँगा

हुक्का तानी

हजुर बा भन्छन्

मीठा मीठा कहानी ।" (तुम्याहाङ, पूर्ववत्)

वृद्ध अवस्थाको हजुरबाले शिरमा फेटा गुथेको र जुँगा भएको व्यक्तित्वको वर्णन छ । यस कविताांशका हजुर बाले नाति, नातिनाहरूलाई आफ्नो वरिपरि राखेर रहस्यमय कहानी सुनाउने सन्दर्भलाई उजागर गर्न खोजिएको छ। यस कवितामा मनोरञ्जनलाई विशेष प्राथमिकताका क्रममा राखिएको छ ।

### ५.२.१.७ मौसम विषयक कविताहरू

'प्रकृतिमा १२ महिनामा' फरक फरक मौसमहरू हुन्छन् । प्रत्येक मौसमको छुट्टाछुट्टै विशेषता हुन्छ । मानव जीवन र मौसम बीच प्रत्यक्ष सम्बन्ध रहन्छ । फरक मौसमले मानव मनमा फरक खालको प्रभाव पार्ने गर्दछ । रोपाइँको बेला, वर्षायाम, गृष्म, हिउँद, वसन्त आदि मौसमको आगमनले मानव जीवनमा नयाँ नयाँ भाव सञ्चारण गर्ने काम गर्दछ । प्राकृतिक परिवर्तन अनुसार मौसमको निर्माण गरेको हुनाले ती भिन्न भिन्न अवस्थाका हुन्छन् । यस कविता सङ्ग्रहमा मौसमसँग सहसम्बन्धित कविताहरू समाविष्ट छन् ।

### ५.२.१.७.अ. 'काफल पाक्यो' कविताको अध्ययन विश्लेषण

काफल वैशाख महिनामा फल्छ र पाक्छ । वैशाख महिनामा बोट विरुवा अनि रुखमा नयाँ पात पलाएका हुन्छन् । यसले वसन्त ऋतुको आगमनलाई संकेत गर्छ । यस मौसममा वनमा कोइली चरी कुहु कुहु गरी वातावरणलाई नै रमणीय बनाएको हुन्छ । वसन्त ऋतु त्यसै पनि ऋतुहरूको राजा मानिन्छ । यसमा सबैजना प्रफुल्ल मुद्रामा हुन्छन् ।

"काफल पाक्यो

काफल पाक्यो

गोठमा को छ ?

फुच्चे केटो ।" (तुम्याहाङ, २०५६ : १६)

पूर्वी नेपालको पहाडी प्रदेशमा जन्मेका कवि अमर तुम्याहाङले यस कविताांशको माध्यमबाट पहाडी जनजीवनको चित्र उतारेका छन् । नेपालमा भौगोलिक विविधता छ । यहाँका हरेक प्रदेशमा अलग अलग किसिमका फलफूल, बालीनाली हुन्छन् । 'काफल' पहाडी प्रदेशमा मात्र पाइन्छ र गोठ बस्ने प्रचलन पनि पहाडमै हुन्छ । पहाडी प्रदेशमा वनजङ्गल बढी पाइने भएकोले त्यहाँका बासिन्दाहरू गाईवस्तु बढी पाल्ने गर्छन् । 'काफल' चैत,

वैशाख महिनामा फल्छ अनि पाक्छ। उपर्युक्त कवितांशको माध्यमबाट कवि अमरले वसन्त ऋतुलाई सङ्केत गरेको देखिन्छ। यस प्रसङ्गले पहाडी प्रदेशका मानिसहरूको धेरथोर आजीविकालाई समेत प्रष्ट्याउन खोजेको पाइन्छ।

पहाडी प्रदेशमा गाई-गोठ र भेडी-गोठ बस्ने चलन पाइन्छ। त्यहाँ मकै-कोदो, फापर आदि अन्न बाली उत्पादन हुन्छ। तसर्थ तिनीहरू यिनै बालीलाई खाद्यान्नको रूपमा प्रयोग गर्छन्;

"सामल के छ ?
कोदो पिठो
तिहुन के छ ?
दहीको ठेको
काफल पाक्यो... ।" (तुम्याहाङ, २०५६ : १६)

पहाडमा धानबाली कम मात्रामा फल्छ। तिनीहरू बढी मात्रामा मकै, जौ, कोदो, फापर आदिको ढिँडो र रोटी खाने गर्छन्। त्यहाँका अधिकांश मानिस तरकारी जे जस्तो भए पनि दूधबाट बनेका परिकार भने अनिवार्य खान्छन्। यस कवितांशले पहाडी ग्रामीण परिवेशका मानिसहरूको खानपिनको सन्दर्भलाई प्रष्ट पारेको छ। यस कविताले चैत-वैशाखमा रहने ऋतुराज वसन्तको सुन्दर हरियाली मौसमलाई सङ्केत गरेको देखिन्छ।

**५.२.१.७.आ. 'आच्छुको जाडो' कविताको अध्ययन विश्लेषण**

वर्षभरिको बाह्रै महिना फरक फरक मौसम हुन्छ। परिवर्तित मौसमले मानव जीवनमा बिल्कुलै फरक खालको अनुभूति गराउँछ। नेपालमा विशेष गरी शरद कालमा बढी जाडो हुन्छ। यहाँ हिमाली प्रदेशबाट प्रवाहित शीतांश युक्त हावाले बढी जाडोको अनुभूति गराउँछ;

"आच्छुको जाडो
टुप्पी ठाडो
मर्छ कि क्या हो
लुती पाडो" (तुम्याहाङ, २०५६ : २६)

हिमाली प्रदेश र पहाडी प्रदेशबाट प्रवाहित हावाले मुटु कमाउने जाडोको अनुभूति गराउँछ। कवि स्वयम् पनि पहाडी प्रदेशको भएकाले उनले त्यहाँको टुप्पी ठाडो हुने खालको

जाडोको वर्णन गरेको देखिन्छ । त्यस्तो कठाङ्ग्रिने जाडोमा मान्छेले त दुःख बेहोर्छन् नै गाईवस्तुले पनि सास्ती खेप्नु पर्ने हुन्छ । त्यतिबेला कमजोर बाच्छाबाच्छी, पाडापाडीसमेत मर्न सक्ने कुरालाई कविले उल्लेख गर्न खोजेका छन्;

"जगाउनु पर्ने भो

आगाको खाँडो

नभाग्ला कसो ?

लुग्लुगे जाडो ।" (तुम्याहाङ, २०५६ : २६)

वस्तीमा असह्य जाडो भएकोले त्यसबाट राहत पाउन आगो बाल्नु पर्ने सन्दर्भलाई उजागर गर्न खोजिएको छ । मान्छेले आफ्नो जीउज्यान जोगाउन हरसम्भव प्रयास गर्छन् । कविले लुग्लुगे जाडोबाट छल्न अथवा आफू जोगिन भरभराउँदो आगोको खाँडो जगाउनु पर्ने कुरामा जोड दिन्छन् । उनी मान्छे आफू बाँच्न हरतरहले प्रयासरत रहनु पर्छ भन्ने कुरामा जोड दिन्छन् । यस कवितामा शरदकालीन ऋतुको बारेमा चर्चा गरिएको छ ।

**५.२.१.७.इ. 'चङ्गा' कविताको अध्ययन विश्लेषण**

केटाकेटीहरू हातमा लट्टाई बोकेर चङ्गा उडाउन पाए भने दङ्ग पर्छन् । तिनीहरू विशेष गरेर दशैंको पूर्व सन्ध्यामा चङ्गा उडाउने गर्छन् । चङ्गा उडाईले नेपालको एउटा महत्त्वपूर्ण पर्व दशैं नजिक आउन लागेको आभाष दिन्छ । केटाकेटीहरू रङ्गीबिरङ्गी चङ्गा उडाउँछन् । चङ्गा उडाउँदा तिनीहरू परस्परमा प्रतिस्पर्धासमेत गर्छन्;

"लुखुरी लुखुरी हावा

चङ्गालाई पर्‍यो धावा

चङ्गा उड्यो माथि माथि

माथिबाट दशैं डाक्छ साथी" (तुम्याहाङ, २०५६ : ७)

हावाको वेगसँगै माथि माथि आकाशमा चङ्गा बत्तिदै गएको प्रसङ्गलाई उजागर गर्न खोजिएको छ । यो बेला छिमेकमा चङ्गा उडाउन लाग्दाखेरि केटाकेटीहरूले दशैं आउन लागेको भनी हर्षित हुन्छन् । यस कवितांशमा कविले चङ्गाको उडानले दशैं पर्वलाई डाक्ने सङ्केत गरेका छन् ।

"शरदको गगनमा

उडिदिन्छ बेगमारी

हाँसिदिन्छ मनमा

हेरीः ढकमक फूलबारी" (तुम्याहाङ, २०५६ : ८)

यस कवितांशले शरद ऋतुको प्रवेशलाई इङ्गित गरेको देखिन्छ। शरद ऋतुकालीन आकाशमा चङ्गा उडेको कुराले दशैंको आगमन भइसकेको जनाउँछ। बालबालिकाहरू यस्तो अवस्थामा प्रफुल्लित हुन्छन्। यस कविताले शरद ऋतुको मौसमलाई उजागर गरेको देखिन्छ।

### ५.२.१.७.ई. 'पीङ' कविताको अध्ययन विश्लेषण

नेपालीहरूको महान् चाडपर्वहरूमध्ये दशैं एक प्रमुख चाडपर्व हो। यस पर्वमा पीङको विशेष महत्त्व हुन्छ। पीङ भन्नेवित्तिकै नेपाली समाजमा सबैलाई दशैं-तिहारको अनुभूति दिलाउँछ। दशैंको उत्साह, उमङ्ग र रमाइलोपनको आभास गराउँदछ पीङले। त्यसैले यहाँ तुम्याहाङको पीङ कविताले पनि केटाकेटीहरूको दशैं मोह देखाएको छ। तन्नेरी, बुढापाकाभन्दा केटाकेटीका लाागि विशेष रहने दशैं र दशैंमा खेलिने पीङको बारेमा कवि यसो भन्छन्,

"चचहुइ चचहुइ लिङ्गे पीङ

डोरीका लामा दुईतिर सिङ।

निधारमा टिका दशैंको दिन

नखेली हुन्न एक फेर पीङ।" (तुम्याहाङ, २०५६ : २७)

यस कवितांशले दशैंमा खेलिने लिङ्गे पीङको बनोट र पीङ खेल्दा सबैले उच्चारण गर्ने सर्वप्रिय लोकबोली 'चचहुइ चचहुइ' को बारेमा वर्णन गरेको छ। लिङ्गे पीङ बनाउँदा ४ बाँसका दुई/दुई ओटा एक आपसमा जोडी दुईतिर सामुन्ने पारेर ठड्याइन्छ। ठड्याउँदा बन्न गएको दुईतिरको बाँसको टुप्पोलाई कविले यहाँ सिङ भनेका छन्। सामान्यतः बाँस लामा नै हुने भएकाले पीङको डोरी पनि लामो नै हुने गर्दछ। कवितामा वर्णन गरिएको कुरालाई सादा चित्रमा पनि प्रष्ट देख्न सकिन्छ। त्यस्तै बर्ष दिनमा एकपटक आउने दशैंमा निधारमा रातो टिका लगाएर एक पटक पीङ खेल्नुपर्छ भन्ने कुरामा जोड दिएका छन्। कविको यो कुराले बुढापाकाको वर्षको एक दिन पीङ खेलेर भएपनि एकछिनलाई जमिन छोड्नुपर्छ भन्ने मान्यतालाई उजागर गरेको छ।

"नाना राम्रो लाई रमाउने दिन

पीङ खेली बिताऊँ एकै छिन ।

शरदको याम खुशीयाली दिन

आकाश छुन मच्चाउने कि पीङ ?" (तुम्याहाङ, २०५६ : २७)

दशैँको दिन अरुबेला जस्तै लगाइए पनि सकेसम्म नयाँ कपडा लगाइन्छ । नयाँ नसक्दा पनि भएको धोइपखाली राम्रो लगाउने गरिन्छ । शरीरमा नयाँ नाना, निधारमा रातो टिका अनि मिठो खाइ चचहुइ भन्दै पीङ खेलेर रमाउँदा आकाशलाई नै छुन मन लाग्ने बालबालिकाको रमाइलोपनलाई देखाइएको छ । यस कवितांशले न गर्मी न जाडोको यो शरद ऋतुको रमाइलो मौसमलाई उजागर गरेको देखिन्छ ।

### ५.२.१.८. हाँसो ठट्टा सम्बन्धी कविता

बालबालिकाहरू परस्परमा हाँसो ठट्टा गरेर मनोविनोद गर्छन् । हाँसो ठट्टाका क्रममा तिनले राम्रा-नराम्रा सबै खाले शब्द प्रयोग गर्छन् । किनभने ती अबोध शिशुहरूलाई के राम्रो के नराम्रो भन्ने छुट्याउने ज्ञान नै हुँदैन ।

### ५.२.१.८.अ. 'आदे पादे' कविताको अध्ययन विश्लेषण

बालबालिकाहरू परस्परमा हाँसो ठट्टा गर्न विभिन्न किसिमका कविता पढ्छन्;

"आदे-पादे

नुनु-छादे

तामा-गाग्री

छाया-ठुस्

छिः छिः

आच्ची गनायो उस ।" (तुम्याहाङ, २०५६ : २३)

यस कवितांशमा केटाकेटीले एकअर्कालाई गिज्याउन अपान वायु (पाद) शब्द प्रयोग गरेको देखिन्छ । यस कवितामा पाद, छाद, आच्चीजस्ता फोहोर शब्दहरू प्रयोग गरिएका छन् । यस्तो शब्दहरू प्रयोग गर्दा केटाकेटीहरू साँच्चिकै आ-आफ्ना नाकमुख थुनेर छिः छिः दुर दुर गर्दै टाढा भाग्ने गर्छन् । तर यस्तो कवितामा तिनीहरू पेट मिचि मिचि हाँस्छन् अनि रमाउँछन् । यो मूलतः मनोरञ्जनकेन्द्री कविता हो । यस्तो खालको कविताबाट शिशुहरू पूर्णरूपले आनन्दित हुन्छन् ।

## ५.३ बालकविताका तत्त्वका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण

कुनै पनि साहित्यिक विधा निर्माणमा विभिन्न तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। बालकवितामा पनि शीर्षक, विषयवस्तु, भाव विधान, लय, भाषाशैली, दृष्टि विन्दु र चित्र एवम् साजसज्जाजस्ता विभिन्न तत्त्वहरू हुन्छन्। यी विभिन्न तत्त्वहरूको उचित संयोजनले बालकविता पूर्ण हुन्छ। शोध्य '**मेरी सानी नानी**' बालकविता सङ्ग्रहलाई यी तत्त्वका आधारमा अध्ययन विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ।

### ५.३.१ शीर्षक संरचनाको आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण

यस कविता सङ्ग्रहमा जम्मा जम्मी २० वटा विभिन्न शीर्षकका कविताहरू सङ्गृहीत छन्। कविताको शीर्षकमा विविधता रहेको छ। यसमा प्रकृति विषयक, पशुपक्षी विषयक, स्वास्थ्य विषयक, उपदेश विषयक, खेल विषयक, मौसम विषयक र हाँसो ठट्टा विषयक कविताहरू समावेश गरिएका छन्। कविताको शीर्षकहरू बाल मनोजगत् अनुकूलका छन्। कविताका शीर्षकहरू शिशु तथा बालबालिकाहरूले कण्ठाग्र गर्ने खालका छन्। यस कविता सङ्ग्रहमा फूल हाँस्छ, रुख र वन, म्याउँ-म्याउँ बिरालो, भँगेरी यो चरी, काग दाइ, कोरी कोरी काइँ, ज्ञानी बन्नु पर्छ, सफलताको शिखर, देश स्वर्ग रानी, मेरी सानी नानी, इच्चुकी-निच्चुकी, चाकाचुली, गुच्चा, आदे-पादे, कान कि मान, पीङ, हजुर बा, काफल पाक्यो, आच्छुको जाडो, चङ्गा शीर्षकका कविताहरू समाविष्ट छन्। कविताका शीर्षकहरू बाल शुलभ भाषासँग निकट भएकाले बालबालिकाका लागि बोधगम्य छन्। यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू सरल र सरस छन्। ती कविताहरू केटाकेटीका वरिपरि पाइने विषयवस्तुमा केन्द्रित छन्।

### ५.३.२ विषयवस्तुका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण

कवि अमर तुम्याहाङद्वारा लिखित यस कविता सङ्ग्रहमा विषयगत विविधता छ। कविले यसमा प्रकृति, समाज, संस्कृति, मनोरञ्जन, अर्ति उपदेश, स्वास्थ्य जस्ता विविध विषयसँग सम्बन्धित विषयवस्तु समावेश गरेका छन्। शोध्य कविता सङ्ग्रहमा बालखेल जगत्सँग सम्बन्धित, हाँसो ठट्टासँग सम्बन्धित कविताहरू पनि छन्। विवेच्य कविता सङ्ग्रहमा बोटविरुवा, रुख, वन, फूल, उद्यान, काफलजस्ता प्राकृतिक विषयवस्तुसँग सम्बन्धित कविता छन्। त्यसैगरी बिरालो, भँगोरा, काग, हात्तीजस्ता पशुपक्षीका विषयवस्तुमा कविताहरू रचिएका छन्। यस अन्तर्गत इच्छुकी निच्चुकी, चाकाचुली, गुच्चा,

आदे-पादे, कान कि मान, चङ्गा र पीङजस्ता बालखेलसँग सम्बन्धित विषयका कविताहरू छन् । 'मेरी सानी नानी' कवितासङ्ग्रहमा मौसम, हाँसो ठट्टा सम्बन्धी कविताहरू छन् । समग्रमा यसमा विषयवस्तुगत विविधता रहेको छ ।

### ५.३.३ भाव विधानका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण

विवेच्च कवितासङ्ग्रहमा भाव पक्षको समुचित संयोजन गरिएको छ। यसमा भावको कलात्मक र लालित्यपूर्ण प्रस्तुति रहेको छ। प्रस्तुत कविता सङ्ग्रहमा बालबालिकाका निम्ति सहज ग्राह्य हुने खालका भाव पक्षको उचित प्रयोग गरिएको छ । शोध्य कविताहरूका माध्यमबाट बालबालिकालाई नैतिक शिक्षा, लक्ष्य प्राप्ति, मनोरञ्जन, अर्ति उपदेश जस्ता सामाजिक र व्यावहारिक हुने खालका भाव पक्षको समुचित प्रयोग गरिएको छ। यसमा पर्यावरणको संरक्षण, राष्ट्र प्रेम, संस्कृति प्रेम, हास परिहास जस्ता विविध भावको गुम्फन गरिएको पाइन्छ। भाव विधानको दृष्टिमा विवेच्य कवितासङ्ग्रह सटीक छ ।

### ५.३.४ 'लय' का आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण

यस कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको लय पक्ष सबल रहेको छ । प्रायजसो कविताहरूमा अन्त्यानुप्रासको सफल प्रयोग भएकाले त्यसले लयगत संरचनालाई उत्कृष्ट तुल्याएको छ। कतिपय कवितामा अनुकरणात्मक शब्दहरूको प्रयोगले गर्दा लय पक्षले श्रुतिमाधुर्य थपेको देखिन्छ । समग्रमा यस कविता सङ्ग्रहको लयगत संरचना सटीक छ ।

### ५.३.५ भाषाशैलीका आधारमा 'मेरी सानी नानी' कविता सङ्ग्रहको विश्लेषण

विवेच्य कविता सङ्ग्रहको भाषाशैली सरल र सरस छ । यसमा प्रायजसो बालशुलभ सजिला शब्दहरूको प्रयोग गरिएकोले भाषाशैली सहजै बुझ्न सकिने खालको छ। कविले बाल मनोविज्ञान अनुसारको भाषा शैलीको प्रयोग गरेको हुनाले सबै बालबालिकाका निम्ति सजिलै गरी बुझ्न सकिने खालको छ। यसमा प्रौढ साहितयजस्तो क्लिष्ट शब्दहरू प्रयोग नगरेकोले शिशुहरूका लागि भाषाशैली सरल छ। यसमा शास्त्रीय छन्दहरूको प्रयोग गरिएको छैन न त पाण्डित्यपूर्ण अभिव्यक्ति नै छ। अतः यसको भाषाशैली सरल, सरस र सजिलैसँग बुझिने खालको छ ।

### ५.३.६ दृष्टि विन्दु

दृष्टिविन्दु खासगरिकन आख्यानमा हेर्ने गरिन्छ। यद्यपि यस कवितासङ्ग्रहमा आन्तरिक र बाह्य दुवै दृष्टि विन्दुको प्रयोग गरिएको छ ।

### ५.३.७ 'चित्र एवम् साजसज्जा'का दृष्टिले 'मेरी सानी नानी' कवितासङ्ग्रहको विश्लेषण

यस कवितासङ्ग्रहमा श्यामश्वेत चित्रसमेत छापिएकोले बालबालिकालाई चित्रको माधयमबाट कविता बुझ्न सजिलो हुन्छ। प्रत्येक कवितालाई चित्रको माध्यमबाट व्यक्त गरिएकोले बालबालिकालाई मनोरञ्जक र प्रभावकारीसमेत बनेको देखिन्छ। ससाना बालबालिकाहरू अक्षरको माध्यमबाट ज्ञान प्राप्त गर्नुभन्दा पनि चित्रको माधयमबाट सजिलै गरी बुझ्न सक्छन्। यसमा कविताको भाव अनुकूल चित्र एवम् साजसज्जा पक्षको समुचित संयोजन गरिएकोले आकर्षक र प्रभावकारी बनेको छ।

## ५.४ निष्कर्ष

'मेरी सानी नानी' कवितासङ्ग्रहमा २० वटा कविताहरू सङ्गृहीत छन्। यसमा बालबालिकालाई मनपर्ने खालका विविध विषयवस्तुहरू सङ्गृहीत छन्। ती कविताहरू प्रकृति, समाज, चाडपर्व, संस्कृति, अर्ति उपदेश, हास-परिहास, ऋतुचक्र आदिसँग सम्बन्धित रहेको पाइन्छ। यसमा कतिपय कविताहरू इच्चुकी-निच्चुकी, गुच्चा, चङ्गा, पीङ, आदे-पादे जस्ता शिशु खेलसँग सम्बन्धित छन्। विवेच्य कवितासङ्ग्रहमा बिरालो, भँगेरा, काग, हात्तीजस्ता पशुपक्षीसँग सम्बन्धित कविताहरूले बाल मनोविज्ञानको सचेततापूर्वक ख्याल गरेको देखिन्छ। शोध्य बाल कवितासङ्ग्रहमा स्वास्थ्यसँग सम्बन्धित कविता पनि छ। यसमा सङ्कलित कविताहरू बालबालिकाका निम्ति पूर्ण रूपले मनोरञ्जन प्रदान गर्न सक्छन्। कविको मूल उद्देश्य बालबालिकालाई मनोरञ्जन प्रदान गर्नु भन्ने देखिन्छ। यसबाहेक कलिला उमेरका बालबालिकाहरूलाई समय अनुकूल व्यवहारोपयोगी शिक्षा प्रदान गर्नु, तिनलाई नैतिकवान् सच्चा देशभक्त र कर्मठ एवम् ईमानदार नागरिक बनाउनुतर्फ लक्षित रहेको देखिन्छ। प्रायजसो कविताहरूको लय पक्ष सबल रहेको छ। अन्त्यानुप्रासको उचित संयोजनले कवितामा श्रुति मधुरता थपेको प्रष्ट छ। यस सङ्ग्रहका कविताहरूको भाव पक्ष सघन र सटीक रहेको पाइन्छ। कतिपय कविता दूरगामी चिन्तन बोक्ने खालका छन्। कुनै कुनै कविताले लोककल्याणकारी समाजसेवामा जुट्नु पर्ने सन्देश दिएको पाइन्छ। कुनै कुनै कविताले ऋतुचक्र अर्थात् मौसमको बारेमा जानकारी गराएको पाइन्छ। केही कवितामा बोटविरुवा, रुख, वन, वनस्पतिजस्ता हरियाली बर्धक चीजवस्तुको संरक्षण गरेर पर्यावरणको संरक्षण गर्नुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ। बालबालिकाका निम्ति

कविताहरू निकै उपयोगी छन् । शिशु तथा बालबालिकाका मनोजगत्लाई मध्य नगरमा राखेर रचिएका यस सङ्ग्रहका कविताहरू मनोरञ्जक, शिक्षाप्रद, व्यवहारोपयोगी छन् । समग्रमा 'मेरी सानी नानी' कविता सङ्ग्रह नेपाली बालकविताको क्षेत्रमा एउटा महत्त्वपूर्ण कृति हो ।

# अध्याय छ
# उपसंहार तथा निष्कर्ष

अमर तुम्याहाङको 'मेरी सानी नानी' बाल कविता सङ्ग्रहको अध्ययन शोधपत्र छ अध्यायमा प्रस्तुत गरिएको छ। यस शोधपत्रको पहिलो अध्याय शोध परिचयमा केन्द्रित छ। यस अध्यायअन्तर्गत शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोध उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमाङ्कन, शोधकार्यको औचित्य, शोधविधि र शोधको रूपरेखामा केन्द्रित रहेको छ।

प्रस्तुत शोधपत्रको दोस्रो अध्याय कवि अमर तुम्याहाङको जीवनी र व्यक्तित्वको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ। यस अध्यायमा अमर तुम्याहाङको जीवनी र व्यक्तित्वका विविध पाटाहरू समावेश गरिएका छन्। शोधपत्रको यस अध्यायमा अमर तुम्याहाङको सङ्क्षिप्त जीवनी, जन्म र जन्म स्थान, बाल्यकाल, शिक्षादीक्षा, दाम्पत्य जीवन, आर्थिक अवस्था, पेशागत संलग्नता बारे लेखिएको छ। यसै अध्यायमा कवि तुम्याहाङको बहुआयामिक व्यक्तित्वबारे चर्चा गरिएको छ। उनको बहुआयामिक व्यक्तित्वबारे चर्चा गरिएको छ। उनको बहुआयामिक व्यक्तित्वका निजी व्यक्तित्व, पारिवारिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, अध्ययनशील व्यक्तित्व, बौद्धिक व्यक्तित्वबारे विस्तारमा विश्लेषण गरिएको छ। पूर्वी पहाड ताप्लेजुङ जिल्लाको खेवाङ गा.वि.स.मा जन्मिनु भएका तुम्याहाङले आफ्नो लिम्बू मातृभाषा, राष्ट्र भाषा नेपाली र अंग्रेजी भाषामा कलम चलाएको पाइन्छ। उनले लिम्बू भाषामा कविता, कथा र निबन्ध लेखेको पाइन्छ। तुम्याहाङ लिम्बू भाषाका पहिलो महाकाव्यकार हुन्। उनले किरात समुदायका अगुवा विद्वान् व्यक्तित्व इमानसिंह चेम्जोङको जीवनीलाई आधार बनाएर 'सोधुङगेन इमानसिंह चोत्लुङ' शीर्षकमा महाकाव्य लेखेका छन्। उनको यो कृति सिरिजङ्गा लिपिमा रचित छ। अमर तुम्याहाङले लिम्बू साहित्य निर्माणको इतिहास तयार पारेका छन्। उनी सिरिजङ्गा लिपि र देवनागरी लिपिमा विभिन्न पत्र पत्रिकाको विगत लामो समयदेखि लेखन तथा सम्पादन गर्दै आएका छन्। कवि तुम्याहाङको 'शहीद' (२०५५) र 'मेरी सानी नानी' (२०५६) कविता सङ्ग्रहहरू नेपाली भाषामा प्रकाशित छन्। यी मध्ये 'मेरी सानी नानी' बाल कविता सङ्ग्रह हो। प्रस्तुत शोध यसै बालकविता सङ्ग्रहको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ। यसरी लिम्बू जातिको भाषा, साहित्य, कला, संस्कृति र नेपाली साहित्यमा समेत महत्त्वपूर्ण योगदान दिने

अमरजङ्ग लिम्बूको व्यक्तित्व बहुआयामिक रहेको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायमा बाल साहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बाल साहित्यको ऐतिहासिक विकासक्रमको विश्लेषणमा केन्द्रित रहेको छ। यस अध्यायमा बालसाहित्यको अवधारणा र विभिन्न विद्वान्का परिभाषाहरू बालसाहित्यको ऐतिहासिक पृष्ठभूमि आदिलाई केलाइएको छ । यसमा बालकविता सम्बन्धी अवधारणा, बालसाहित्यको क्षेत्रमा विभिन्न संस्थागत योगदानहरूबारे चर्चा गरिउको छ। शोधपत्रको यस अध्यायमा नेपालमा वि.सं. १९५८ मा भएको गोरखापत्रको प्रकाशनदेखि हालसम्म बालसाहित्यका क्षेत्रका विभिन्न सर्जकहरूले योगदान पुऱ्याएको देखिन्छ। नेपाली बालकविताको क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, कृष्णप्रसाद पराजुली, जनक हुमागाइँहरूको महत्त्वपूर्ण योगदान रहेको छ। बालकविताका क्षेत्रमा कवि जगदीश चन्द्र भण्डारी, कवि विश्वनाथ भण्डारी, नर्मदेश्वरी सत्यालहरूले समेत महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। यसै सन्दर्भमा नेपाली बालसाहित्य लेखनको १०० वर्ष पुग्न लागेको बेला (९८ वर्ष) कवि अमर तुम्याहाङको 'मेरी सानी नानी' (२०५६) बालकविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। उनले यस कृतिमार्फत नेपाली बालकविताको क्षेत्रमा उललेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

शोधपत्रको चौथो अध्यायमा कवि अमर तुम्याहाङका मूलभूत प्रवत्तिहरूबारे चर्चा गरिएको छ। यस अन्तर्गत उनका कवितामा पाइने प्रवृत्तिहरूकै आधारमा उनका प्रवृत्तिहरूको निक्यौल गरिएको छ। यस चौथो अध्यायमा उनको मौलिकता, लघुकाय संरचना, विषयगत विविधता, प्रतीकात्मकता, कोमल पदावलीको प्रयोग, सुन्दर एवम् आकर्षक चित्र संयोजनजस्ता प्रवृत्तिहरूको चर्चा गरिएको छ ।

शोधपत्रको पाँचौं अध्यायमा अमर तुम्याहाङको 'मेरी सानी नानी' कविता सङ्ग्रहको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ। यस अध्यायमा शोध्य कवितासङ्ग्रहको विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको छ। यस सङ्ग्रहभित्र विभिन्न विषयका २० वटा कविताहरू सङ्गृहीत छन्। ती सबै कविताहरू बालबालिकाका निम्ति उपयोगी र महत्त्वपूर्ण छन्। कविताहरू प्रकृत, समाज, शिक्षा, उपदेश, मनोरञ्जन, खेल, हाँसो, ठट्टा आदिसँग सम्बन्धित छन्। कतिपय कवितामा पशुपक्षीको बारेमा रचिएका छन् भने केही कवितामा मौसम सम्बन्धी विषयवस्तु छन्। शोध्य कविता सङ्ग्रहलाई भावभूमिका आधारमा विश्लेषण गरिएको छ। यस बालकविता सङ्ग्रहका कविताहरूलाई कविता तत्त्वका आधारमा विश्लेषण

गरिएको छ ।

प्रस्तुत शोधपत्रको यस छैटौँ अध्यायलाई उपसंहार तथा निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । कवि अमर तुम्याहाङद्वारा रचित 'मेरी सानी नानी' बालकविता सङ्ग्रह कलिला उमेरका शिशु एवम् बालबालिकाका निम्ति अत्यन्त उपयोगी कविता सङ्ग्रह हो । यसबाट बालबालिकाले मनोरञ्जन प्राप्त त गर्छन् नै सँगसँगै नैतिक शिक्षा, व्यवहारोपयोगी ज्ञान, अर्ती उपदेश, मानवीय व्यवहार समेत सिक्न सक्छन् । यस कविता सङ्ग्रहले बालबालिकालाई असल मार्गमा हिँड्न उत्प्रेरित गर्ने छ । वस्तुतः कवि अमर तुम्याहाङद्वारा सिर्जित 'मेरी सानी नानी' बाल कविता सङ्ग्रह बालबालिकाका निम्ति अत्यन्त फलदायी हुने निश्चित छ । नेपाली बाल साहित्यको बालकविताको क्षेत्रमा यो कृतिले धेरै ठूलो गुण लाएको देखिन्छ । नेपाली बाल कविता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्नु नै यस कृतिको महत्त्वपूर्ण उपलब्धि हो ।

# परिशिष्ट

# शोधनायक अमर तुम्याहाङसँग लिइएको अन्तर्वार्ता

*१. तपाईंको जन्मबारे बताई दिनुहोस् न ?*

उत्तर : मेरो जन्म वि.सं. २०२५ भाद्र १ गते शुक्रबारको दिन ताप्लेजुङ जिल्लाको खोटाङ जहाने गाउँमा भएको हो । हाल म सानोठिमी भक्तपुरमा बस्दै आएको छु ।

*२. तपाईंको पारिवारिक पृष्ठभूमिबारे केही बताई दिनुहुन्छ कि ?*

उत्तर : मेरो हजुरबुबा गाउँको सामान्य किसान हुनुहुन्थ्यो । म निम्न वर्गीय परिवारको व्यक्ति हुँ । मेरो बुबा भारतीय आर्मीमा हुनुहुन्थ्यो । म सानै छँदा (५/६ वर्ष) मेरो बुबाको निधन भएको हो । मेरी आमाले बताउनु भएको हो ।

*३. तपाईंको बाल्यकाल के कस्तो रह्यो ?*

उत्तर : मेरो बाल्यकाल टोल छिमेकका साथी सँगातीसँग बितेको थियो । यस क्रममा वनमा गई कालिज, कुखुरालाई पासो थाप्ने, गोठालो जाने, घाँस दाउरा गर्ने गोठालो गएको बेला डण्डिबियो, एक खुट्टे, बाघचाल आदि खेल खेल्ने गर्थ्यौं ।

*४. तपाईंको शिक्षादीक्षाबारे थोरै बताई दिनुहोस् न ।*

उत्तर : बुबाको मृत्यु भएकोले मेरो पठनपाठन अलिक ढिलै सुरु भएको थियो । गाउँमा प्रतिकूल राजनीतिक वातावरण भएकोले म मामाघर गएर पढें । त्यहाँबाट एस.एल.सी. उत्तीर्ण गरेर ज्यान जोगाउन सानोठिमी भक्तपुर आएँ । यहाँ सानोठिमी क्याम्पस भक्तपुरबाट आइ.एड., बी.एड., एम.एड. सकेर अहिले त्रि.वि.बाट पीएच्.डी. अनुसन्धानरत छु । म नियमित कलेज जानुभन्दा पनि स्वाध्ययनमै केन्द्रित हुन्थें ।

*५. तपाईंको दाम्पत्य जीवन तथा सन्तानका बारेमा केही बताई दिनुहुन्छ कि ?*

उत्तर : मेरो विवाह भोजपुर जिल्लाको दिलकुमारी राईसँग भएको हो । मेरी श्रीमती कानुन व्यवसायी हुनुहुन्छ । वहाँ **लिबर्टी ल एसोसिएट्स एन्ड कन्सल्टेन्सी** मार्फत कानुनी सेवा प्रदान गर्दै हुनुहुन्छ । मेरो छोरो अमुहाङ लिम्बू कक्षा ९ मा पढ्दै छ । छोरी नुनाम्मा लिम्बू कक्षा ५ मा पढ्दै छे ।

६. *तपाईंको पेशागत अनुभव कस्तो छ ?*

उत्तर : पेशागत अनुभवहरू भन्नु पर्दा एउटा खेती किसानी नै हो । भक्तपुर आएपछि विभिन्न निजी विद्यालयहरूमा अध्यापन कार्य गर्दै आइयो । अहिले त्रि.वि. अन्तर्गत उपप्राध्यापक भएपछि अध्ययन, प्राज्ञिक अनुसन्धानमा बढी केन्द्रित भएको छु ।

७. *तपाईंको साहित्यमा प्रवेश कसरी भयो ?*

उत्तर : साहित्यमा लाग्नको लागि त्यतिबेलाको भूमिगत कालमा आउने कम्युनिष्ट पार्टी मालेको **'वर्गसङ्घर्ष' पत्रिका**, अनेरास्ववियुको **'विद्यार्थी आवाज'** मुखपत्रमा आउने कविता, जनवादी गीत, शहीदको जीवनी, रत्नकुमार वान्तवाको जीवनी आदिले साहित्य सिर्जनातर्फ लाग्न झुकाव पैदा भयो ।

८. *तपाईंले साहित्यमा लाग्ने प्रेरणा कोबाट पाउनु भएको हो ?*

उत्तर : मैले साहित्यमा लाग्ने प्रेरणा जनवादी, बालसाहित्यकार जनकप्रसाद हुमागाईबाट पाएको हुँ । यसमा प्रगतिवादी स्रष्टा श्यामप्रसाद शर्माको पनि योगदान छ । आफ्नो एम.एड.को थेसिस लेख्ने बेला लिम्बू भाषाप्रति बढी आकृष्ट भएर लेख्न थालेँ ।

# सन्दर्भ सामग्री सूची


अर्याल, अच्युतरमण (२०५४), **नेपाली बालसाहित्यको रूपरेखा**, स्याङ्जा : डिल्लीप्रसाद अर्याल ।

कटुवाल, सीता (२०५०), **नेपाली बालकविताको अध्ययन**, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि. (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

के.सि., श्यामबहादुर (२०७१), **धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** ललितपुर : नेपाली विभाग, पाटन संयुक्त क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

खड्का, गीताकुमार (२०५९), **नेपाली बालसाहित्यमा मञ्जुश्री पराजुलीको योगदान**, काठमाडौँ : पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार (त्रि.वि.) (अप्रकाशित स्नातकोत्तर शोध पत्र) ।

चालिसे, विजय (२०५६), "सफलतातर्फ लम्किएका डेग", **'मेरी सानी नानी'**, : शङ्कर राई र मुकुन्द प्रसाद अधिकारी (उ - ए) ।

जोशी, कुमारबहादुर (२०४५), **महाकवि देवकोटाको कविता यात्रा र मोडको विवेचना**, काठमाडौँ : साझा प्रकाशन ।

तुम्याहाङ, अमर (२०५६), **'मेरी सानी नानी'**, ? : शङ्कर राई र मुकुन्दप्रसाद अधिकारी ।

त्रिपाठी र अन्य (सम्पा.) वासुदेव, दैवज्ञराज, केशव (२०५४), **नेपाली कविता** (भाग-४), तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

द्वारोङ्चा, गणेश (२०७०), "लिम्बू भाषाको पहिलो महाकाव्य" **राष्ट्र-मातृभाषा सेवा पुरस्कार-२०७०**, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (पृ. ३९-४१) ।

पराजुली, कृष्णप्रसाद (२०४४), **भाषाको माया**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

प्रधान, भिक्टर (२०५३), **बालसाहित्यको अर्थ र आधुनिक बालसाहित्य**, काठमाडौँ : नेपाल बालसाहित्य समाज ।

प्रधान, प्रमोद (२०६५), **नेपाली वाङ्मय परिचय कोश**, काठमाडौँ : मार्टिन चौतारी ।

बन्धु र अन्य, चूडामणि (२०४२), **नेपाली बालसाहित्यको सर्वेक्षण**, काठमाडौँ : नेपाली शिक्षण समिति (त्रि.वि.) ।

बन्धु, चूडामणि (२०४६), **प्रकृतिमा देवकोटा**, काठमाडौँ : साझा प्रकाशन ।

लिङ्दम, ला : मुन भीमसेन (२०७०), “जनघातीहरु विरुद्धको एउटा तीखो आवाज - शहीद” **राष्ट्र मातृभाषा सेवा पुरस्कार-२०७०**, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

शर्मा, भगवती (२०६३), **विश्वनाथ भण्डारीको ‘तातेनानी’ कवितासङ्ग्रहको अध्ययन**, ललितपुर : पाटन संयुक्त क्याम्पस (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ।

श्रेष्ठ र शर्मा, दयाराम र मोहनराज (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौँ संस्करण, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०७०), **राष्ट्र मातृभाषा सेवा पुरस्कार - २०७०**, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

स्मृति, स्वप्नील (२०७०), “लिम्बू भाषाको पहिलो महाकाव्य”, **राष्ट्र मातृभाषा सेवा पुरस्कार-२०७०**, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (पृ. ४२ - ४७) ।

हुमागाई, जनकप्रसाद (२०५६), “प्रशंसनीय प्रयास” **मेरी सानी नानी** : शङ्कर राई र मुकुन्दप्रसाद अधिकारी (अ - ई) ।